सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१२ वैशाख २०८२, शुक्रबार (25 Apr 2025, Friday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

सहकारी ठगीमा फरार सांसदद्वय बस्नेत र राईले बुझे २७ लाख तलबभत्ता

आपराधिक कार्यमा संलग्न रहेको भेटिएपछि एक वर्षदेखि फरार सांसदहरूलाई राज्यकोषबाट तलबभत्ता खुवाउनु सुशासनको भद्दा मजाक



■ सहकारी ठगीमा पत्राउ पुर्जी जारी भएपछि फरार राप्रपा सांसद बस्नेत संसद्मा अनुपस्थित भएको १२ महिना, तर बुझिन् १६ लाख तलबभत्ता

गीता बस्नेत

माया राई

■ सहकारी ठगीमा मंसिरदेखि फरार र आठ महिनादेखि सदनमा अनुपस्थित कांग्रेस सांसद राईले पनि बुझिन् तलबभत्ता बापतको ११ लाख

नवलपुरको कावासोतीमा रहेको छिपछिपे उपभोक्ता सहकारी संस्थाको १६ करोड ६९ लाख बचत रकम अपचलनमा फरार बस्नेतको दुईपटक बिरामी बिदा स्वीकृत गरिदिएर सभामुखले जोगाइदिए पद, काठमाडौंको कालीमाटीस्थित स्वर्णलक्ष्मी सहकारीको दुई अर्ब ६५ करोड हिनामिनामा फरार राईको स्थान रिक्तताको सूचना टाँस्न विलम्ब

● **एकराम गिरी**, प्रवक्ता संसद् सचिवालय

प्रतिनिधिसभा नियमावलीअनुसार सांसदद्वय बस्नेत र राईको तलब र अन्य सुविधा भुक्तान भइरहेको छ। फरार अवस्थामा सेवासुविधा रोक्ने प्रावधान नियमावलीमा छैन। सचिवालयले नियमअनुसार गरिरहेको छ।

जो सधैं अनुपस्थित रहिन्

● **मनोरमा शेरचन** सांसद, कांग्रेस

कांग्रेस सांसद मनोरमा शेरचन संसद्मा सबैभन्दा धेरै अनुपस्थित हुने सांसदको पहिलो स्थानमा छिन्। स्वास्थ्यमा समस्या रहेको र थेरापी चलिरहेकाले उपस्थित हुन नसकेको जानकारी उनले संसद् सचिवालयलाई गराएकी छिन्।

कमलराज भट्ट/नयाँ पत्रिका

सहकारी ठगीमा एक वर्षदेखि फरार दुई सांसदले राज्यकोषबाट भने नियमित सेवासुविधा लिइरहेका छन्। संसद् सचिवालयका अनुसार राप्रपा सांसद गीता बस्नेतले १६ लाख र कांग्रेस सांसद माया राईले ११ लाख तलबभत्तासहितको सुविधा बुझेका हुन्।

सहकारी ठगीमा पत्राउ पुर्जी जारी भएर फरार सांसद बस्नेत संसद्मा अनुपस्थित भएको १२ महिना पूरा भएको छ भने राई आठ महिनादेखि अनुपस्थित छिन्। एकातिर सरकारले दुवै सांसदलाई पत्राउ गर्नुको सट्टा संरक्षण गरिरहेको छ भने अर्कोतिर संसद् सचिवालयमार्फत राज्यकोषबाट तलबभत्ता पनि खुवाइरहेको छ।

संविधान र प्रतिनिधिसभा नियमावलीविपरीत बस्नेतलाई

» पृष्ठ २ मा क्रमशः

आजदेखि बजेट अधिवेशन, पहिलो दिन प्रधानमन्त्री ओलीको सम्बोधन

संघीय संसद्को बर्खे अधिवेशन आजदेखि प्रारम्भ हुँदै छ। बजेट निर्माणको मुख्य जिम्मेवारीका साथ आह्वान गरिएको अधिवेशनअन्तर्गत दुवै सभाको बैठक शुक्रबार दिउँसो १ बजे बस्दै छन्। पहिलो दिन प्रतिनिधिसभामा प्रधानमन्त्री केपी ओलीले सम्बोधन गर्ने कार्यसूची छ भने दलीय आधारमा अन्य नेताले पनि बोल्नेछन्। तर, प्रमुख प्रतिपक्षी दलका नेता पुष्पकमल दाहाल प्रचण्ड विनाशकारी भूकम्पको केन्द्रविन्दु गोरखाको बारपाकमा पूर्वनिर्धारित कार्यक्रममा सहभागी हुनुपर्ने भएकाले पहिलो बैठकमा उपस्थित हुनेछैनन्।

संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार पहिलो बैठकमा राष्ट्रपति र प्रधानमन्त्री कार्यालयबाट प्राप्त पत्रहरू पढेर सुनाइनेछ। सभामुख र उपसभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने सदस्यहरूको मनोनयन गरिनेछ। प्रतिनिधिसभामा वैकल्पिक विकास वित्त परिचालन विधेयक प्रस्तुत गर्ने कार्यसूची छ।

बजेट अधिवेशनलाई प्रभावकारी बनाउन दलहरूले आ-आफ्नै रणनीति बनाएका छन्। बजेट निर्माणमा रचनात्मक भूमिका खेल्ने, अतिआवश्यक कानुनहरू बनाउन कटिबद्ध भएर लाग्ने सत्ता र विपक्षी दलहरूको प्रतिबद्धता सार्वजनिक भएको छ। सभामुख देवराज घिमिरेका अनुसार यो अधिवेशनमा ऐन निर्माणलाई पनि प्राथमिकतामा राखिएको छ। संसद्मा हाल ३३ वटा विधेयक विचाराधीन छन्। प्रतिनिधिसभामा २७ वटा र राष्ट्रिय सभामा ६ विधेयक छन्।

बजेट प्रभावकारी बनाउन रास्वपाले सशक्त भूमिका निर्वाह गर्ने

संसद्को चौथो दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आजदेखि प्रारम्भ हुन लागेको बजेट अधिवेशनमा रचनात्मक र सशक्त भूमिका निर्वाह गर्ने निर्णय गरेको छ। बिहीबार बसेको संसदीय दलको बैठकले बर्खे अधिवेशनमा बजेट प्रभावकारी बनाउन र संघीय शिक्षा र निजामती विधेयक छिटो पारित गराउन सशक्त उपस्थिति देखाउने निर्णय गरेको हो। सचेतक निशा डाँगीका अनुसार पार्टीका उपसभापति स्वर्णिम वाग्लेको नेतृत्वमा नीति तथा कार्यक्रम एवं बजेटका सिद्धान्त र प्राथमिकताको विषयमा संसद्मा हुने छलफलमा छाया सरकारको भूमिका निर्वाह गर्ने निर्णय दलले गरेको छ। यसैगरी, ४ वैशाखमा बसेको केन्द्रीय समिति बैठकले दिएको निर्देशनअनुसार शिक्षा विधेयकमा काम गर्न सांसदहरू सुमना श्रेष्ठ, तोसिमा कार्की, शिशिर खनाललाई जिम्मेवारी दिइएको छ। निजामती विधेयकमा काम गर्न चन्दा कार्कीलाई नै जिम्मेवारी दिइएको सचेतक डाँगीले बताइन्।

बैठकले निजी मेडिकल कलेजका आवासीय चिकित्सकहरूको आठौं तहको चिकित्सकबराबरको निर्वाह भत्ता र ड्युटी आवर कायम गर्न सरकारको ध्यानाकर्षण पनि गराएको छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ गोरखा भूकम्पको एक दशक
के सिकियो, के भुलियो ?

०७२ | इपिसेन्टर बारपाक | ०८२



१२ वैशाख ०७२ को 'गोरखा भूकम्प'ले तहसनहस केन्द्रविन्दु बारपाक। भूकम्पमा बारपाक (हालको बारपाक सुलिकोट गाउँपालिका- १ र २) मा मात्र ७२ जनाको ज्यान गएको थियो भने १४ सय ७० घर क्षतिग्रस्त भएका थिए।



पुनर्निर्माणपछि हालको बारपाक। १० वर्षमा १४ सय घर पुनर्निर्माण भएका छन्। केही घरधनीले अनुदानको प्रक्रिया नपुऱ्याएकाले एक प्रतिशत हाराहारी घर बन्न बाँकी रहेको गाउँपालिका अध्यक्ष विष्णुप्रसाद भट्टले बताए।

गोरखा भूकम्पका परकम्प नै ५५ हजार

यम बम, टेकराज थामी

बारपाक केन्द्रविन्दु भएर गएको विनाशकारी 'गोरखा भूकम्प'को १० वर्ष पूरा भएको छ। १२ वैशाख ०७२ मा बिहान ११:५६ बजे गोरखाको बारपाकलाई केन्द्रविन्दु बनाएर ७.६ म्याग्निच्युडको भूकम्प गएको थियो। उक्त भूकम्पमा आठ हजार ९७० जनाको मृत्यु भएको थियो भने निजी र सरकारी गरी साढे आठ लाख भौतिक संरचना क्षतिग्रस्त भएका थिए।

तर, १० वर्षमा पौने चार खर्ब सकिँदा निजी घरदेखि सम्पदासम्म पुनर्निर्माण अझै सकिएका छैनन्। भूकम्पपछि

» पृष्ठ २ मा क्रमशः

■ कुन क्षेत्रमा भूकम्पको सम्भावना छ र अहिले भएका बस्ती कुन अवस्थामा छन् भनेर अध्ययन नै गरिएन

● नेपालको कुनै पनि ठाउँमा ८० देखि १०० वर्षको बिचमा ठुलो भूकम्प (८ म्याग्निच्युडभन्दा माथि) को आउँछ भन्ने गरिन्छ, त्यसलाई ०७२ को भूकम्पले प्रमाणित गऱ्यो।

● कुनै पनि ठाउँमा भूकम्प जाँदा देशभर असर गर्ने रहेछ भन्ने पनि सिकाइ भयो।

● कुन क्षेत्रमा भूकम्पको सम्भावना छ र अहिले भएका बस्ती कुन अवस्थामा छन् भनेर अध्ययन गरिएन।

● भूकम्पपछि बनेका सबै घर भूकम्प प्रतिरोधी नै छन् भन्न सकिने अवस्था छैन। धेरैजसो घर भत्किएकै ठाउँमा ठड्याइएका छन्। ती पहिले संरचनागत कारणले भत्किएका थिए कि भूबनावटका कारणले भनेर हिसाबकिताब भएन। जमिन कमजोर भएर पनि भत्केको हुन सक्छ।



डा. सुबोध ढकाल, भूगर्भविद्

विस्तृत पृष्ठ २ मा

● जोखिम न्यूनीकरणका लागि योजना बन्दैन, जब क्षति हुन्छ त्यसपछि लेखाजोखा हुन्छ।

● ०७२ मा भूकम्प गएपछि नागरिक तहमा जति जागरुकता थियो, अहिले हराउँदै गएको छ। जहाँ, जसरी पनि घर, भौतिक संरचना बनाए हुन्छ भन्ने मानसिकता पनि देखिन्छ।

■ सकियो पौने चार खर्ब

● **अझै बनेनन् ९२ हजार निजी घर**

निजी आवास पुनर्निर्माणमा मात्रै दुई खर्ब ३३ अर्ब २३ करोड खर्च : सात लाख ४२ हजार तीन निजी घर निर्माण, दुई हजार ३५६ घर प्रबलीकरण।

● **३३६ स्वास्थ्य संरचना अधुरै**

भूकम्पमा मुलुकभर एक हजार १३६ स्वास्थ्य चौकी ध्वस्त भएका थिए। त्यसमध्ये आठ सय निर्माण सम्पन्न भएका छन् भने ३३६ संरचना अझै सम्पन्न हुन सकेका छैनन्।

● **सरकारी भवन लगभग सकियो**

भूकम्पमा ४१५ सरकारी भवन ध्वस्त भएका थिए। जसमध्ये ४०८ भवन निर्माण भइसकेका छन्। अब सात संरचना मात्रै बन्न बाँकी छन्।

● **एकीकृत बस्ती विकास ९१% सम्पन्न**

भूकम्पपछि प्रभावित क्षेत्रमा १०६ एकीकृत बस्ती विकास गर्ने भनिएको थियो। जसमध्ये ९७ निर्माण गरिसकिएको छ। नौ बस्ती विकासको काम भने अघि बढ्न सकेको छैन।

● **सम्पदा पुनर्निर्माण आधा नै बाँकी**

क्षतिग्रस्त १५ सय सम्पदामध्ये विश्व सम्पदा सूचीमा परेका २४ सहित ६८५ अझै बनेनन्, ८१५ सम्पदाको पुनर्निर्माण, सवा सात अर्ब खर्च।

भारतीय अनुदानतर्फको पुनर्निर्माण सुस्त

भारतले पाँच अर्ब अनुदान दिने प्रतिबद्धता गरेकोमा पछि घटाएर साढे तीन अर्बमा झारेको छ। उसको जटिल सर्तका कारण पुनर्निर्माणले लामो समय गति नै लिन सकेन। भारत सरकारले २८ संरचना पुनर्निर्माणको जिम्मा लिएको थियो। जसमध्ये १३ को निर्माण सकिएको छ, १३ निर्माणाधीन छन् भने दुई संरचनाको निर्माण प्रक्रिया नै सुरु भएको छैन।

सरकारलाई सर्वोच्चको अन्तरिम आदेश
शिक्षकका माग तत्काल सम्बोधनको निर्णय गरेर तीन दिनभित्र विद्यालय फर्काउनू

शिल्पा कर्ण/नयाँ पत्रिका

सर्वोच्च अदालतले शिक्षकका जायज र संविधानसम्मत माग तत्काल सम्बोधन गर्ने गरी निर्णय गर्न र आन्दोलनरत शिक्षकलाई तीन दिनभित्र विद्यालय फर्किएर पठनपाठन सञ्चालन गर्न बिहीबार सरकारको नाममा अन्तरिम आदेश दिएको छ। देशभरका सामुदायिक विद्यालयका शिक्षक काठमाडौं आएर शिक्षा ऐन माग्दै २३ दिनदेखि आन्दोलनमा छन्। तर, प्रधानमन्त्री केपी ओली नै उनीहरूको मागप्रति अनुदार बन्दा र शिक्षकहरूले सडक नछाड्दा नयाँ शैक्षिक सत्रको भर्नादेखि पठनपाठन नै सुरु हुन सकेको छैन भने ११ वैशाखदेखि गर्ने भनिएको कक्षा १२ को परीक्षा सरेको छ।

'आन्दोलनरत शिक्षकहरूका जायज र संविधानसम्मत मागहरू तत्काल सम्बोधन गर्ने सम्बन्धमा विपक्षी निकायहरूले उचित र

» पृष्ठ २ मा क्रमशः

अब के गर्छन् शिक्षक ?

सर्वोच्चको आदेशपत्र शिक्षक महासंघलाई आएपछि मात्रै आधिकारिक धारणा बनाउने शिक्षक नेताहरूले प्रतिक्रिया दिएका छन्। 'हामीले पनि आदेश आयो भनेर सुनेका छौं, अदालतको आदेशपत्र महासंघलाई आएपछि मात्रै आधिकारिक धारणा सार्वजनिक गर्छौं,' महासंघ अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले भने। अदालतले सरकारलाई ऐन ल्याउन आदेश दिनुपर्नेमा त्यसो नगरेको भन्दै उनले गुनासो गरे। महासंघ सहअध्यक्ष नानुमाया पराजुलीले पनि रिट सरकारविरुद्ध परेकाले सरकारलाई ऐन ल्याउन आदेश आउनुपर्नेमा आफूहरूका नाममा पनि आदेश आएको भन्दै आन्दोलनबाट फर्किने अवस्था नरहेको बताइन्।

सरकारको स्थायित्वमा शीर्ष नेताबाटै संशय

सत्तासाझेदार कांग्रेस नेताहरूबाटै प्रधानमन्त्री केपी ओलीको कार्यशैलीप्रति निरन्तर असन्तुष्टि व्यक्त, सरकारमाथि आन्तरिक र बाह्य दबाब रहेको प्रधानमन्त्रीको जनाउ

आन्तरिक अन्तरविरोधले नै सरकार ढल्छ



● **प्रचण्ड** अध्यक्ष, माओवादी

समस्या समाधानमा सरकारको ध्यान छैन। प्रधानमन्त्री बदनियत ढंगले अगाडि बढ्नुभएको छ। यो सरकार देशका लागि बोझिलो भएको छ। अब आन्तरिक अन्तरविरोधले नै सरकार ढल्छ। शेरबहादुरजी बैंककमा हुनुहुन्छ। उहाँ जाने वेलामा मलाई फोन गर्नुभएको थियो, उहाँ फर्किएपछि छलफल हुन्छ।

आधारभूत कुरामा कम्प्रमाइज गर्दैनौं



● **गगन थापा** महामन्त्री, कांग्रेस

हामी सरकारमा छौं, तर हामी एक्लै छैनौं। कांग्रेसको बाध्यता छ। कतिपय विषयमा कम्प्रमाइज गरेका छौं। तर, आधारभूत कुरामा कम्प्रमाइज गर्दैनौं। हामीले भन्न सक्नुपर्छ- पऱ्यो भने यस्तो सरकारबाट बाहिर जान्छौं। सरकारै सबै कुरा होइन।

प्रेम गौतम/नयाँ पत्रिका

सत्तापक्ष र प्रतिपक्ष दुवैतिरका नेताले वर्तमान सरकारको स्थायित्वमाथि प्रश्न उठाएका छन्। काठमाडौंमा बिहीबार भएका छुट्टाछुट्टै कार्यक्रममा प्रधानमन्त्री केपी ओली, विपक्षी दल माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र सत्तारूढ दल कांग्रेस महामन्त्री गगन थापाका अभिव्यक्ति सरकारको स्थायित्वमा संशय पैदा गराउने खालका छन्। सरकारमाथि विपक्षीको लगातार प्रहार र कांग्रेसकै नेताहरूको प्रधानमन्त्री केपी ओलीको कार्यशैलीमाथि असन्तुष्टि छ।

प्रमुख प्रतिपक्षी दलका नेता एवं माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र प्रमुख सत्तारूढ दल कांग्रेसका महामन्त्री गगन थापाले सरकारको स्थायित्वमाथि प्रश्न उठाएका छन्। प्रचण्डले प्रधानमन्त्री ओली बदनियतपूर्ण ढंगले अगाडि बढेको दाबी गर्दै सरकार लामो समय जानु देश र जनताको हितमा नहुने बताए।

'समस्या समाधानमा सरकारको ध्यान छैन। प्रधानमन्त्री बदनियत ढंगले अगाडि बढ्नुभएको छ। यो सरकार देशका लागि बोझिलो भएको छ। अब आन्तरिक

» पृष्ठ २ मा क्रमशः

सरकार आन्तरिक र केही बाह्य दबाबमा रहेको ओलीको संकेत



हामीले राष्ट्रियताको पक्षमा स्पष्ट अडान लिएको हुनाले विदेशी दलाल तत्त्वहरू अहिले एमालेविरुद्ध खनिएका छन्। उनीहरू हरेक दिन सरकार जान्छ, सरकार जान्छ भनेर कराउन थालेका छन्। दिनैपिच्छे अनेक भ्रम फिँजाउन खोजेका छन्। लोकतन्त्रमा पाँच वर्षका लागि सरकार बन्छ। एमालेले सरकार बनाऊँ, सरकार बचाऊँ भनेर कराएको छैन। एमालेले जहिले पनि चुनाव हेरेको हुन्छ। ढुक्कले मिसन ०८४ मा लाग्नुस्।

काठमाडौं/ प्रधानमन्त्री केपी ओलीले सरकार आन्तरिक र केही बाह्य दबाबमा रहेको संकेत गर्दै यसको स्थायित्वमाथि आफैं प्रश्न उठाएका छन्। प्रतिपक्ष र आलोचकबाट 'सरकार ढल्ने हल्ला' र 'भ्रम फिँजाउने' काम भएको दाबी गरेका ओलीले भूराजनीति सरकारको प्रतिकूल बनिरहेको भने स्पष्ट सन्देश दिए। उनको यस्तो भनाइ कांग्रेस सभापति शेरबहादुर देउवाको विदेश भ्रमणका वेला आएको छ, जसलाई राजनीतिक दृष्टिले अर्थपूर्ण मानिएको छ।

ओलीले एमालेको राष्ट्रवादी अडान र जनपक्षीय दृष्टिकोणबाट भयभितहरूले दिनैपिच्छे सरकार ढल्ने हल्ला गर्दै भ्रम फिँजाइरहेको दाबी गरे। लोकतन्त्र दिवसका अवसरमा एमालेले बिहीबार आयोजना गरेको युथ सेलिब्रेसन कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले विदेशी दलाल तत्त्वहरू एमालेविरुद्ध खनिएको बताए।

'हामीले राष्ट्रियताको पक्षमा स्पष्ट अडान लिएको हुनाले विदेशी दलाल तत्त्वहरू अहिले एमालेविरुद्ध खनिएका छन्। हाम्रो राष्ट्रवादी दृष्टिकोण र अडान, हाम्रो जनपक्षीयता, लोकतान्त्रिक अभ्यास, आचरण र देश अगाडि बढाउने नीतिका कारण विभिन्न प्रकारका शक्ति भयभित छन्,' ओलीले भने, 'उनीहरू हरेक दिन सरकार जान्छ,

» पृष्ठ २ मा क्रमशः

एक कर्मचारीलाई एक कार्यालय सहयोगी

सचिवको नेतृत्वमा ६८ जना कार्यरत नेपाल ट्रस्टको कार्यालयमा आधा कर्मचारी कार्यालय सहयोगी, प्रधानमन्त्री संरक्षक रहेको र धेरै कर्मचारी भएको कार्यालय 'कामविहीन'

नयाँ पत्रिका

एक कर्मचारीलाई एक कार्यालय सहयोगी। यस्तो अड्डा सायदै हुन्छ। तर, नेपाल ट्रस्टको कार्यालयमा यो वास्तविकता हो। सचिवको नेतृत्वमा ६८ जना कर्मचारी छन्, त्यसमध्ये आधा कर्मचारी कार्यालय सहयोगी छन्। प्रधानमन्त्री संरक्षक रहेको र यति धेरै कर्मचारी भएको यो कार्यालय 'कामविहीन' छ।



ट्रस्टकै सचिव रामआधार साह भन्छन्, 'यति धेरै कर्मचारी भएको यो कार्यालयमा काम नै केही छैन, यो कार्यालयको आवश्यकता पनि देखिन्न। कुनै एउटा मन्त्रालयको शाखा बनाउँदा हुन्छ। राज्यलाई बोझ मात्र भएको छ।' कार्यालयको कार्यक्षमतामाथि प्रश्नैप्रश्न छन्।

एक कर्मचारीबराबर एक कार्यालय सहयोगी रहेको कर्मचारी संरचना आफैंमा अनौठो छ। सचिव साह भन्छन्, 'हाम्रोमा आधा कार्यालय सहयोगी छन्, कसरी यति धेरै दरबन्दी राखियो थाहा भएन।' कार्यालय सहयोगी करारमा राखिन्छ।

» पृष्ठ २ मा क्रमशः

राज्यलाई बोझ मात्र भएको छ



● **रामआधार साह** कार्यकारी सचिव, नेपाल ट्रस्टको कार्यालय

यति धेरै कर्मचारी भएको यो कार्यालयमा काम नै केही छैन, यो कार्यालयको आवश्यकता पनि देखिन्न। यसलाई कुनै एउटा मन्त्रालयको शाखा बनाउँदा हुन्छ, राज्यलाई बोझ मात्र भएको छ।

तीन महिनामा एकपटक बैठक बस्ने बोर्डसदस्यलाई सहसचिवबराबरको सेवा-सुविधा



याङ्जोम शेर्पा | सुनिता गौतम | देवीचन्द्र उपाध्याय

ट्रस्टको कार्यालयमा अनावश्यक कर्मचारी मात्र छैनन्, राजनीतिक भर्तीकेन्द्रसमेत बनाइएको छ। ट्रस्ट सञ्चालक समितिमा नियुक्त भएका तीन सदस्यलाई सहसचिवबराबरको सेवा-सुविधा दिँदै आइएको छ। हाल बोर्डको सञ्चालक सदस्यमा याङ्जोम शेर्पा, सुनिताकुमारी गौतम र देवीचन्द्र उपाध्याय कार्यरत छन्। ट्रस्टमा उनीहरूको राजनीतिक नियुक्ति हो। शेर्पा एमालेनिकट तथा गौतम र उपाध्याय माओवादी केन्द्रनिकट हुन्। कर्मचारीको समेत काम नभएको कार्यालयमा उनीहरूको पनि कुनै काम छैन। तर, सहसचिवले पाउनेबराबर गाडी र इन्धनको सुविधा पाउँदै आएका छन्। उनीहरूले मासिक सवा लाखबराबरको सेवा-सुविधा लिने गरेको ट्रस्ट कार्यालय स्रोत बताउँछ। 'तीन महिनामा एकपटक बोर्ड बैठक हुन्छ, त्यही बैठकमा सहभागी हुनेबाहेक उहाँहरूको अरू काम छैन,' ट्रस्टका एक कर्मचारी भन्छन्, 'त्यसबापत सहसचिवबराबर सेवा-सुविधा दिने गरिएको छ।'

हाल बोर्डको अध्यक्ष भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारी छन्। प्रधानमन्त्री कार्यालयका एक सचिव पदेन सदस्य तथा ट्रस्टकै सहसचिव सदस्यसचिव रहने कानुनी प्रावधान छ। सो बोर्डको बैठक वर्षमा तीन-चारपटक मात्र बस्दछ। ट्रस्टको सम्पत्ति शिक्षा तथा स्वास्थ्य क्षेत्रमा लगानीका लागि भनेर बोर्डमा विज्ञ सदस्य नियुक्त गर्न सक्ने प्रावधान ट्रस्ट नियमावलीमा छ। विज्ञका नाममा आफ्नै नेता-कार्यकर्तालाई नियुक्त मात्र गरिएको छैन उनीहरूलाई कामविना नै सेवा-सुविधासमेत दिइएको छ। यसरी सहसचिवबराबरको सेवा-सुविधा लिइरहेका सञ्चालक समिति सदस्यको शैक्षिक योग्यतासमेत त्यसका लागि अयोग्य रहेको स्रोत बताउँछ।

शिक्षकका माग...

पृष्ठ १ बाट क्रमशः

आवश्यक निर्णय गरी यो आदेश प्राप्त भएको मितिले तीन दिनभित्र आन्दोलनरत शिक्षकहरू विद्यालयमा फर्की नियमित पठनपाठन गर्ने वातावरण सुनिश्चित गर्नू, देशभरका बालबालिकालाई नियमित रूपमा विद्यालयमा पठनपाठन गर्न पाउने हकबाट बन्चित नगर्नू-नगराउनू,' न्यायाधीश नहकुल सुवेदीको आदेशमा भनिएको छ।' अधिवक्ता श्रवणकुमार चौधरीसमेतले १० वैशाखमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, शिक्षा मन्त्रालय, संसद् सचिवालय, कानुन मन्त्रालय, शिक्षा विभाग र राष्ट्रिय परीक्षा बोर्डलाई विपक्षी बनाएर रिट दायर गरेका थिए।

सर्वोच्चले कक्षा १२ को परीक्षा समयमै गर्न पनि आदेश दिएको छ। कक्षा १२ को परीक्षाको पुरानो तालिका स्थगित गरेर २१ वैशाखदेखि गर्ने गरी नयाँ तालिका सार्वजनिक भइसकेको छ। 'शिक्षक आन्दोलनका कारण कक्षा १२ को बोर्डको परीक्षा समयमा नभई लाखौँ विद्यार्थीको भविष्य अन्योलमा पर्ने जोखिम रहेको देखिँदा उक्त परीक्षा तोकिएको समयमा नै गर्ने, परीक्षा नसार्ने, सार्न नलगाउने,' आदेशमा छ। त्यस्तै, एसइईको परीक्षाफल समयमा प्रकाशित हुन नसक्ने अवस्था सिर्जना हुन नदिन आवश्यक र उपयुक्त प्रबन्ध गर्न पनि आदेश भएको छ। सरकारले पहिलोपटक मिति नै तोकेर ७ असारमा एसइईको नतिजा सार्वजनिक गर्ने घोषणा गरेकोमा शिक्षकहरू आन्दोलनमा होमिएपछि उत्तरपुस्तिका परीक्षण नै सुरु हुन सकेको छैन।

आन्दोलनका कारणबाट सबै बालबालिका, अभिभावक तथा सम्बन्धित सरोकारवालाहरूसमेतको विद्यालयमा पठनपाठन गर्न पाउने हकको गम्भीर उल्लंघन भएको प्रथम दृष्टिमै देखिएको सर्वोच्चले उल्लेख गरेको छ। तत्काल अन्तरिम आदेश जारी नगरिएमा यसले निरन्तरता पाइरहने भएकाले पाँचबुँदे अन्तरिम आदेश जारी गरिएको आदेशमा छ। आदेश कार्यान्वयनमा भएको प्रगति आदेश प्राप्त भएको चौथो दिन शिक्षा मन्त्रालयले अदालतलाई दिनुपर्नेछ। सर्वोच्चको मुद्दा महाशाखा प्रमुखलाई मन्त्रालयले बुझाएको प्रतिवेदन पेस गर्न आदेशमा भनिएको छ। बालबालिकाले शिक्षा ग्रहण गर्न पाउने अधिकार सुनिश्चितता गराउनु राज्यको दायित्व रहेकाले नियमित रूपमा विद्यालय अध्ययन गर्न पाउने वातावरणको सुनिश्चितता गर्न सरकारलाई भनिएको छ। विभिन्न सन्धि, अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी कानुनी व्यवस्थासमेतलाई हेर्दा पनि व्यवहारमा कार्यान्वयन हुनुपर्ने तथा त्यसमा अवरोध उत्पन्न भएमा सम्बोधन गर्नु विपक्षी निकाय तथा स्वयं आन्दोलनरत शिक्षकहरूको समेत जिम्मेवारी हुन आउने आदेशमा छ।

बिहीबारै अदालतको आदेश आउनुअघि नगरपालिका संघ र गाउँपालिका महासंघले पनि संयुक्त विज्ञप्ति जारी गरी शिक्षकहरूलाई विद्यालय फर्किन अनुरोध गरेका थिए।

के सिकियो...

पृष्ठ १ बाट क्रमशः

पुनर्निर्माणको जिम्मा लिएको राष्ट्रिय पुनर्निर्माण प्राधिकरण रहँदा ९ पुस ०७८ सम्म तीन खर्ब ७१ अर्ब र सहरी विकास तथा भवन निर्माण विभागअन्तर्गत केन्द्रीय आयोजना कार्यान्वयन इकाइले जिम्मा लिएयता पाँच अर्ब ४८ करोड ६५ लाख गरी कुल तीन खर्ब ७६ अर्ब ४८ करोड ६५ लाख खर्च भएको हो।

इकाइका अनुसार निजी आवास पुनर्निर्माणमा मात्रै दुई खर्ब ३३ अर्ब २३ करोड सकिएको छ, तर अझैसम्म पनि ९२ हजार १६८ पीडितको घर बन्न सकेको छैन। भवन विभागअन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वयन इकाइका अनुसार निजी आवास निर्माणमा दुई खर्ब ३१ अर्ब ४१ करोड र प्रबलीकरणमा एक अर्ब ८१ करोड ९५ लाख खर्च भएको छ।

'अनुदान सम्झौता गरिएकामध्ये ९२ हजार विस्थापितको अझै निजी आवास बन्न सकेको छैन,' इकाइ प्रमुख प्रकाश अर्यालले भने। उनका अनुसार झन्डै साढे दुई खर्ब खर्च हुँदा सात लाख ४२ हजार तीन निजी घर निर्माण भएका छन् भने दुई हजार ३५६ घर प्रबलीकरण गरिएका छन्।

विभागका अनुसार निजी आवास निर्माणमा पहिलो किस्ता लिने लाभग्राहीको संख्या आठ लाख ३४ हजार १७१ रहेको छ। जसबापत ४१ अर्ब ७० करोड ८५ लाख ५० हजार रुपैयाँ खर्च भएको छ। पहिलो किस्ताबापत लाभग्राहीलाई प्रतिपरिवार ५० हजार रुपैयाँ वितरण गरिएको थियो। दोस्रो किस्ताबापतको एक लाख ५० हजार लिनेको संख्या सात लाख ७० हजार ४३ छ। यसबापत मात्रै एक खर्ब १५ अर्ब ५० करोड ६४ लाख ५० हजार रुपैयाँ खर्च भएको छ। त्यस्तै, तेस्रो किस्ताबापतको एक लाख रुपैयाँ लिनेको संख्या सात लाख ४२ हजार तीन छ। यसबापत ७४ अर्ब २० करोड ३ लाख रुपैयाँ खर्च भएको छ।

तथ्यांकअनुसार पहिलो किस्ता लिनेमध्ये ६४ हजार १२८ ले दोसो किस्ताबापतको रकम बुझेनन् भने दोस्रो किस्ता लिनेमध्ये २८ हजार ४० ले तेस्रो किस्ता लिएनन्। त्यसो हुँदा समग्रमा ९२ हजार १६८ ले भूकम्पमा ध्वस्त भएका निजी संरचना बनाउन नसकेको इकाइको भनाइ छ। अनुदान रकमले घर नबन्ने अवस्थामा व्यक्तिगत रकम थप्न नसक्नेहरूदेखि अनुदान दुरुपयोग गर्नेसम्म यो सूचीभित्र रहेको इकाइ प्रमुख अर्यालले बताए।

'पहिलो किस्ता लिन सजिलो थियो, त्यसैले धेरैले रकम लिए। दोस्रो किस्ता लिन मापदण्ड पूरा गर्नुपर्थ्यो, मापदण्ड पूरा नगर्नेले दोस्रो किस्ता लिएनन्। तेस्रो किस्ताको हकमा पनि त्यही नियम लागूभयो,' उनले भने, 'घर निर्माणका लागि अनुदानको रकमबाट मात्रै घर बन्न नसक्ने अवस्थामा व्यक्तिगत रकम थप गर्न नसक्नेहरूले पनि दोस्रो र तेस्रो किस्ता लिएनन्। कतिपयले भने अहिले पनि आवास निर्माण गरिरहेका छन्। कतिपयले रकम दुरुपयोग पनि गरेका छन्, त्यो फिर्ता गर्नुको विकल्प छैन।'

हालसम्म स्वास्थ्य भवन निर्माण ७०.४२ प्रतिशत सम्पन्न भएका छन्। भूकम्पमा मुलुकभर एक हजार १३६ स्वास्थ्य चौकी ध्वस्त भएका थिए। त्यसमध्ये आठ सय निर्माण सम्पन्न भएका छन् भने ३३६ संरचना अझै सम्पन्न हुन सकेका छैनन्।

त्यस्तै, भूकम्पमा ४१५ सरकारी भवन ध्वस्त भएका थिए। जसमध्ये ४०८ भवन निर्माण भइसकेका छन्। अब सात संरचना मात्रै बन्न बाँकी छन्। समग्रमा सरकारी भवनतर्फ ९८.३१ प्रतिशत काम सम्पन्न भइसकेको छ।

भूकम्पपछि प्रभावित क्षेत्रमा १०६ एकीकृत बस्ती विकास गर्ने भनिएको थियो। जसमध्ये ९७ निर्माण गरिसकिएको छ। नौ बस्ती विकासको काम भने अघि बढ्न सकेको छैन। समग्रमा यसको प्रगति ९१.५१ प्रतिशत हो।

सम्पदा पुनर्निर्माण आधा नै बाँकी

१२ वैशाख ०७२ को भूकम्पमा एक हजार पाँच सय सम्पदामा क्षति पुगेको थियो। तर, पुनर्निर्माणको सूचीमा परेका ती सम्पदामध्ये आधाजसो अर्थात् विश्व सम्पदा सूचीमा परेका २४ सहित ६८५ अझै बनेका छैनन्। ८१५ सम्पदा मात्रै पुनर्निर्माण भएका छन्। पुरातत्त्व विभागका अनुसार बजेट र जनशक्ति अभावका कारण पुनर्निर्माण सकिएको छैन।

'अझै महत्त्वपूर्ण सम्पदाहरू बन्न बाँकी छन्, त्यसमा तीन सयहाराहारी त गुम्बा छन्। विश्व सम्पदा सूचीमा परेका २४ सम्पदाको पनि काम नै सुरु भएको छैन,' विभागकी महानिर्देशक सौभाग्य प्रधानांगले भनिन्, 'बजेट र जनशक्तिको अभावका कारण समयमा काम नसकिएको हो।' उनका अनुसार हाल तीन सय सम्पदा पुनर्निर्माण भइरहेका छन्।

विश्व सम्पदा सूचीमा परेका १३३ सम्पदाको पुनर्निर्माण सकिएकोमा १७ सम्पदा निर्माणाधीन छन्। पशुपति क्षेत्रभित्रका २०, हनुमानढोका क्षेत्रभित्रका तीन र चाँगुनारायण क्षेत्रमा एउटा सम्पदाको पुनर्निर्माण नै थालिएको छैन। कतिपय सम्पदा क्षतिको जानकारी ढिला आएकाले पुनर्निर्माण पनि ढिला भएको प्रधानांगको दाबी छ। 'हामीले भूकम्पलगत्तै अध्ययन गरेर एउटा तथ्यांक तयार पारेका थियौँ, तर पछि क्षतिग्रस्त सम्पदाको संख्या थपियो, त्यसैले छोटो समयमा सकिने कुरा भएन। सम्पदा पुनर्निर्माण अन्य घर वा भवनजस्तो सहज पनि छैन।'

ऐतिहासिक भवनहरू त्रिचन्द्र कलेजपरिसर र घडी स्तम्भको पुनर्निर्माण पनि सुस्त छ। केन्द्रीय आयोजना कार्यान्वयन इकाइका आयोजक उपनिर्देशक अविनाश श्रीवास्तवले यस क्षेत्रमा पुनर्निर्माणका लागि ३६ करोड ४० लाख लागत लाग्ने अनुमान गरिएको बताए। घण्टाघरको त काम नै सुरु भएको छैन। हालसम्म सम्पदाहरू पुनर्निर्माणमा सात अर्ब २० करोड ६ लाख खर्च भएको विभागले जनाएको छ।

कुन क्षेत्रमा भूकम्पको सम्भावना छ र अहिले भएका बस्ती कुन अवस्थामा छन् भनेर अध्ययन नै गरिएन



डा. सुबोध ढकाल, भूगर्भविद्

● **०७२ को भूकम्पको पाठ** : विपत्तिबाट जनधनको क्षति त हुन्छ, तर भविष्यका लागि सिकाइ पनि हुन्छ। नेपालको कुनै पनि ठाउँमा ८० देखि १०० वर्षको बिचमा ठुलो भूकम्प (आठ म्याग्निच्युडभन्दा माथिको) आउँछ भन्ने गरिन्छ, त्यसलाई ०७२ को भूकम्पले प्रमाणित गर्‍यो। कुनै पनि ठाउँमा ठुलो भूकम्प जाँदा देशभर असर गर्ने रहेछ भन्ने पनि सिकाइ भयो। भूकम्प रोक्न नसके पनि जोखिम न्यूनीकरण गर्न संरचनागत काम गर्नुपर्छ। योबिचमा विपत् प्राधिकरण गठन भयो, तथ्यांक एकीकृत रूपमा प्राप्त हुन थालेका छन्।

● **जोखिमको विश्लेषण नै भएन** : भूकम्पसहित विपत्‌बाट जोखिम घटाउन अध्ययन, अनुसन्धान भएन। कुन क्षेत्रमा भूकम्पको सम्भावना छ र अहिले भएका बस्ती कुन अवस्थामा छन् भनेर अध्ययन गरिएन। 'बिल्डिङ फुट प्वाइन्ट म्यापिङ' गरेर जोखिम पत्ता लगाउनुपर्छ। यसरी अध्ययन गरे बस्तीको अवस्था के छ भनेर थाहा हुन्थ्यो। स्थानान्तरण गर्नुपर्ने बस्ती, पुनर्निर्माण गर्नुपर्ने घर वा प्रबलीकरण गर्नुपर्ने अथवा भूकम्पसहित विपत् प्रतिरोधी रहेको तथ्यांक भएमा त्यहीअनुसार सरकारले नीति-कार्यक्रम ल्याएर काम गर्न सक्थ्यो। भूकम्पसहित विपत् जोखिम न्यूनीकरणका लागि फाटफुट काम भए पनि सरकारले एकीकृत काम गरेन।

● **०७२ पछि बनेका सबै घर भूकम्प प्रतिरोधी नै छन् भन्न सकिँदैन** : राष्ट्रिय भवन निर्माण संहिता त लागू भएको छ। तर, ०७२ को भूकम्पपछि बनेका सबै घर भूकम्प प्रतिरोधी नै छन् भनेर भन्न सकिने अवस्था छैन। पहिलो संहिता कार्यान्वयन नगरी पनि घर बनाइएको छ। अर्को, संहिताले जमिनमाथि बन्ने संरचना मात्र समेट्छ। भिरालो जमिनमा घर बनाउनुहुँदैन भन्ने त छ, तर जमिनको बनावट, जमिनमुनिको माटो र चट्टानको विश्लेषण गरी घर, भवन बनाउने गरिएको छ। अझ ०७२ को भूकम्पपछि पुनर्निर्माण त भएको छ, तर धेरैजसो घर पहिले भत्काएकै ठाउँमा ठडिएका छन्। ती घर पहिले भौतिक संरचनाका कारण भत्किएका थिए कि जमिनको भूबनावटका कारणले भनेर हिसाबकिताब नै भएन। जमिन कमजोर भएर पनि भत्केको हुन सक्छ। भूकम्पबाट आउने तरंग कुनकुन ठाउँ अतिरिञ्जित हुन्छन् भनेर हिसाब नगरी पहाडको टुप्पामा घर बनाइएको छ। माटोको थुप्रो भएको ठाउँमा तरंग बढी अतिरिञ्जित हुन्छन्।

● **विपत्‌मा काम गर्ने सबै निकाय एउटै छातामा छैनन्** : विपत्‌सम्बन्धी सबै काम विपत् प्राधिकरणले नै गर्नुपर्छ। तर, प्राधिकरणसँग प्राविधिक जनशक्ति छैन, बाढीपहिरोका लागि मौसम विभाग, भूकम्पका लागि खानी विभागसँग निर्भर छ। न प्राविधिक जनशक्ति छ न संरचना बनेको छ। विपत्‌मा काम गर्ने सबै निकाय एउटै छातामा हुनुपर्छ। सहरी विकास विभाग, सडक विभागलगायत निकायले विकास निर्माणका योजना अघि बढाउँदा कुनै न कुनै हिसाबमा विपत्‌को जोखिम बढाइरहेका हुन्छन्। तर, जोखिम न्यूनीकरणका लागि योजना बन्दैन, जब क्षति हुन्छ त्यसपछि लेखाजोखा हुन्छ। यसमा प्राधिकरणको भूमिका चाहिन्छ। संघ, प्रदेश र पालिका तहसम्म मापदण्ड बनाउने, कार्यान्वयन भए/नभएको हेर्ने काम प्राधिकरणले गर्नुपर्छ। पालिका तहमा इन्जिनियर र भूगर्भविद् आवश्यक छ, जसले भूकम्प, पहिरोमा काम गर्न सघाउँछन्।

● **भूकम्पको जोखिम छ, नागरिकमा जागरुकता छैन** : पोखरादेखि पश्चिम नेपालमा आठ म्याग्निच्युडभन्दा ठुला भूकम्प नगएको ५२५ वर्षभन्दा बढी भइसकेको छ। त्यही भएर त्यहाँ जोखिम छ भनिएको हो। तर, अन्य क्षेत्रमा ठुलो भूकम्प जाँदैन, जोखिम छैन भनिएको होइन। नेपालको भौगोलिक संरचना सबैतिर एउटै छ, भूकम्प शक्ति सञ्चित भएर बसेकाले बढी सम्भावना हो। सतहभन्दा मुनिको अवस्था के छ भनेर अध्ययन भएको छैन। ०७२ मा भूकम्प गएपछि नागरिक तहमा जति जागरुकता थियो, अहिले हराउँदै गएको छ। जहाँ, जसरी पनि घर, भौतिक संरचना बनाए हुन्छ भन्ने मानसिकता पनि देखिन्छ। राजनीतिक दलका नेताहरू पनि घटना भएपछि तत्परता देखाउँछन्, पछि छाड्छन्। आमनागरिकलाई भूकम्पसहित विपत् प्रतिरोधी संरचनाबारे सचेत गराउनु त छँदै छ, विपत्‌बाट कसरी जोगिने भनेर पनि सचेतना जगाउनुपर्ने देखिन्छ।

नबिल बैंक लिमिटेड, घण्टाघर शाखा, काठमाडौंको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मिति : २०८२/०१/१२)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी कम्पनीले तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८०/०५/२० को कारोवार दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **घण्टाघर शाखा, काठमाडौं**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्वद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

ऋणी कम्पनीको नाम र ठेगानाको विवरण

ऋणी कम्पनीः कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७६/१२/०२ मा दर्ता नं. २३६३७३/०७६/०७७ अन्तर्गत दर्ता भएको **क्राउन पिक रिसोर्ट प्रा. लि.**। ठेगानाः काभ्रेपलाञ्चोक जिल्ला बनेपा न.पा. वडा नं. १०, थापा गाउँ।

ऋणी कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. टेक वहादुर थापाको नाति, चिन्तना थापाको छोरा, काभ्रे जिल्ला उग्रतारा गाउँ पन्चायत वडा नं. २ स्थायी घर भई हाल काठमाडौ जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ३ बस्ने, ना.प्र.नं. १२३८६ (जारी मितिः २०४२/०२/१७, स्थान काभ्रेपलाञ्चोक) भएको **सुजन थापा**।

३. वेन्जामिन ओ पालुयोकी छोरी, चिन्तना थापाकी बुहारी, सुजन थापाकी श्रीमती, काभ्रे जिल्ला उग्रतारा गा.वि.स. वडा नं. २ स्थायी घर भई हाल काठमाडौ जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ३ बस्ने, ना.प्र.नं. ३०१/८१ (जारी मितिः २०६६/०५/१८, स्थान काभ्रेपलाञ्चोक) भएको **लुज्भिमिन्द पालुयो थापा**।

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरणः

१. **क्राउन पिक रिसोर्ट प्रा. लि.** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको साविक काभ्रे जिल्ला नासीका स्थान सांगा गा.वि.स. वडा नं. ५क हाल काभ्रे जिल्ला बनेपा नगरपालिका, वडा नं. १० मा अवस्थित कि.नं. क्रमशः १९४१, १९४२, १५५, २२२६, ११७, ११६, ४४९, ६०० र ५९९ क्षेत्रफल क्रमशः ०-३-१-२, १-७-२-०, १-१-२-२, ०-०-३-०, ०-२-२-०, १-३-१-१, ०-७-१-०, ०-११-३-३ र ०-११-३-२ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

२. काभ्रे जिल्ला उग्रतारा गाउँ पन्चायत वडा नं. २ स्थायी घर भई हाल काठमाडौ जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ३ बस्ने **सुजन थापा**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको साविक काठमाडौ जिल्ला विष्णु बुढानिलकण्ठ गा.वि.स. वडा नं. १ सिट नं १ग हाल काठमाडौ जिल्ला बुढानिलकण्ठ न.पा वडा नं ३ मा अवस्थित कि.नं. ६९९, ७०१, ७३३, ७३५, ७११ र ७१३ क्षेत्रफल क्रमशः ०-२-०-०, ०-४-०-०, ०-१-१-०, ०-३-३-१, ०-०-३-० र ०-१-१-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार,काठमाडौं**मा वा **घण्टाघर शाखा, काठमाडौं**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।

२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/०१/२६ गते १:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **घण्टाघर शाखा, काठमाडौं**मा बुझाई सक्नु पर्नेछ।

३. प्राप्त बोलपत्रहरु मिति २०८२/०१/२८ गते ३:०० बजे बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।

४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।

५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।

६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।

७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।

८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।

९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै ब्याज प्रदान गरिने छैन।

१०.बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुर्‍याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।

११.लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **घण्टाघर शाखा, काठमाडौं**बाट कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।

१२.अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौ फोन नं. ०१-५९७१८७१

सहकारी ठगीमा...

पृष्ठ १ बाट क्रमशः

बिरामी बनाएर दुइटा अधिवेशनमा बिदा स्वीकृत गरिएको छ। संविधान र नियमावलीअनुसार समयसीमा नाघेकी राईको स्थान रिक्तताको सूचना टाँस्नुपर्नेमा उनलाई पनि बिरामी बनाएर बिदा स्वीकृत गराई पद जोगाउने प्रयास भइरहेको छ।

संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले प्रतिनिधिसभा नियमावलीअनुसार सांसदद्वय बस्नेत र राईको तलब र अन्य सुविधा भुक्तान भइरहेको बताए। 'फरार अवस्थामा सेवासुविधा रोक्ने प्रावधान नियमावलीमा छैन। सचिवालयले नियमअनुसार भुक्तानी गरिरहेको छ,' उनले भने।

प्रतिनिधिसभा नियमावलीमा कुनै सांसदलाई पुर्पक्षका लागि थुनामा पठाउने अदालतको आदेशपछि फरार भएमा मात्रै निलम्बन हुने र यो अवस्थामा मात्र सेवासुविधा पनि रोकिने व्यवस्था छ। तर, पक्राउ पुर्जी जारी भएर फरार रहेमा सुविधा रोकिने कुनै व्यवस्था छैन।

नवलपुरको कावासोतीमा रहेको छिपछिपे उपभोक्ता सहकारी संस्थाको १६ करोड ६९ लाख बचत रकम अपचलनमा राप्रपा सांसद बस्नेतविरुद्ध १८ वैशाखमा पक्राउ पुर्जी जारी भएपछि फरार छिन्। कांग्रेस सांसद राईविरुद्ध काठमाडौंको कालिमाटीस्थित स्वर्णलक्ष्मी सहकारीको दुई अर्ब ६५ करोड हिनामिनामा मंसिरमा पक्राउ पुर्जी जारी भएपछि फरार छिन्। पक्राउ पुर्जी जारी भएकी राईलाई मुद्दा दर्ता गर्दा मिसिलबाट नाम हटाएर उन्मुक्ति दिइएको छ।

संघीय संसद्‌का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐनअनुसार सांसदहरूले प्रतिमहिना तलब ६६ हजार ७०, विशेष भत्ता एक हजार, सञ्चार तीन हजार, घरभाडा १८ हजार, अतिथि सत्कार एक हजार, बिजुली धारा दुई हजार पाउँछन्। यसबाहेक प्रतिबैठक एक हजार भत्ता, बैठक बसेको दिन यातायात एक हजार, दैनिक भ्रमण भत्ता २५ सय, फर्निचर खर्च (एकमुस्ट) १५ हजार पाउँछन्। यसका अतिरिक्त अधिवेशन प्रारम्भ हुँदा र अन्त्य हुँदा निर्वाचन क्षेत्र जाने वा सदन फर्किने हवाई अथवा गाडी भाडा पाउँछन्। यो वेला यात्रा गर्दाको बाटो खर्च (दैनिक २५ सय) पनि पाउँछन्। यसका अलावा औषधोपचार खर्च पनि पाउँछन्। सचिवालयतर्फ स्वकीय सचिव राप तृतीय एकजना सुविधा पाउँछन्। स्वकीयको तलब ४३ हजार ६८९ रहेको छ।

ऐनअनुसार बस्नेतले फरार १२ महिनाको अवधिमा संसद् सचिवालयबाट १६ लाखभन्दा बढी बुझेकी छिन् भने राईले ८ महिनाको अवधिमा ११ लाखभन्दा बढी पाएकी छिन्। यसमा बस्नेतकी स्वकीय सचिव कुमारी पार्वती लम्साल र राईकी स्वकीय सचिव सोनिया राईले प्राप्त गरेको मासिक तलब पनि जोडिएको छ।

एक कर्मचारीलाई...

पृष्ठ १ बाट क्रमशः

ट्रस्टको केन्द्रीय कार्यालय कमलादीमा छ भने शाखा कार्यालयहरू भरतपुर, हेटौँडा, पोखरा, गोकर्ण र नागार्जुनमा छन्। पोखराको कार्यालयले रत्नमन्दिर प्रवेशका लागि टिकट काट्ने काम गर्छ भने अन्यत्रका कर्मचारी कार्यालय रुँगेर बस्ने गर्दछन्।

राजा वीरेन्द्र र उनका परिवारको नाममा रहेको सम्पत्तिको खोजी, संरक्षण र सदुपयोग गर्ने उद्देश्यले १८ वर्षअघि स्थापना भएको यो कार्यालयले न त्यस्ता सम्पत्तिको संरक्षण गर्न सकेको छ न त सदुपयोग नै। केही जग्गा र भवनको भाडा उठाउनकै लागि सचिवको नेतृत्वमा ६८ जना कर्मचारी राखिएको यो कार्यालयको औचित्यमा प्रश्न उठेको छ।

२०६४ सालमा स्थापना भएको यो कार्यालयले सुरुका वर्षमा राजा वीरेन्द्रको नाममा रहेका सम्पत्ति खोजेर आफ्नो नाममा ल्याएको थियो। तर, पछिल्लो करिब एक दशकयता थप सम्पत्ति भेटिएको छैन। ती सम्पत्ति लिजमा दिएर भाडा उठाउने काम मात्र कार्यालयको छ। 'भाडा पनि बैंक खातामा आइहाल्छ,' एक कर्मचारी भन्छन्, 'त्यसकारण यहाँ सबैको काम कार्यालय आउने, खाजा खाने र घर जाने भएको छ।'

त्यसो त कतिपय सम्पत्ति दुरुपयोगको आरोपसमेत लाग्दै आएको छ। गोकर्ण रिसोर्ट तथा दरबारको जग्गा नेपाल ट्रस्टकै मिलेमतोमा यती समूहलाई न्यून भाडादरमा दिइएकोमा प्रश्न उठ्दै आएको छ। अन्य कतिपय सम्पत्तिमा पनि मुद्दा-मामिला छन्। भक्तपुरको सल्लाघारीलगायत महत्त्वपूर्ण ठाउँमा रहेका कतिपय जग्गाको ट्रस्टले संरक्षणसमेत गर्न सकेको छैन।

सरकारले गठन गरेका विभिन्न समितिले पनि यो कार्यालय खारेजका लागि सिफारिस गरेका छन्। नयाँ कानुन बनाएर प्रधानमन्त्री वा अन्य कुनै मन्त्रालयको एउटा शाखामार्फत ट्रस्टको सम्पत्तिको संरक्षण र सदुपयोग गर्नुपर्ने कर्मचारीहरू बताउँछन्।

खर्बको सम्पत्ति बेवारिसे

नेपाल ट्रस्टसँग चल-अचल गरी एक खर्बभन्दा धेरै सम्पत्ति छ। यसमध्ये कतिपय बेवारिसे छन् भने केही सस्तो मूल्यमा व्यापारीले प्रयोग गर्दै आएका छन्। पछिल्लो विवरणअनुसार ट्रस्टको नाममा २१ हजार ६३४ रोपनी जग्गा छ। ट्रस्टको बैंक खातामा मात्र करिब दुई अर्ब रुपैयाँ छ। त्यस्तै, नेपाल बैंक, राष्ट्रिय वाणिज्य बैंक र होटेल अन्नपूर्णलगायत कम्पनीमा सेयर छ।

पछिल्ला वर्ष ट्रस्टले भाडा र ब्याजमार्फत करिब २० करोड आम्दानी गर्दै आएको छ। मुख्यगरी गोकर्ण रिसोर्ट, काठमाडौं प्लाजा, टेकुस्थित बिजनेस पार्क र दरबारमार्गस्थित दरबार मल ट्रस्टका भाडाका प्रमुख स्रोत हुन्। प्राइम लोकेसनमै रहेका अन्य जग्गाहरूको सदुपयोगसमेत हुन सकेको छैन।

कार्यकारी सचिव रामआधार साह कतिपय जग्गा स्थानीय तहले त कतै मोहीले प्रयोग गर्दै आएको बताउँछन्। उनी भन्छन्, 'यो सम्पत्ति उपयोगको नयाँ मोडालिटी बनाउनुपर्छ, अहिलेको अवस्थामा ट्रस्टले सक्दैन।'

नेपाल ट्रस्टसम्बन्धी ऐन तथा नियमावलीमा ट्रस्टको सम्पत्ति व्यापक र सर्वोत्तम लाभ हुने गरी शैक्षिक, प्राज्ञिक तथा स्वास्थ्यसम्बन्धी राष्ट्रहितका कार्यमा प्रयोग गर्ने परिकल्पना गरिएको छ। तर, अचम्म ! यसका लागि अहिलेसम्म कार्यविधि नै बनेको छैन। तीन वर्षअघि नै कार्यविधिको मस्यौदा तयार भए पनि त्यो अघि बढ्न सकेको छैन। मुख्यगरी ट्रस्टको सम्पत्ति गरिब तथा दुर्गमका जनताको शिक्षा तथा स्वास्थ्यमा प्रयोग गरिने नियमावलीमा उल्लेख छ।

सरकार आन्तरिक...

पृष्ठ १ बाट क्रमशः

सरकार जान्छ भनेर कराउन थालेका छन्। दिनैपिच्छे अनेक भ्रम फिँजाउन खोजेका छन्। लोकतन्त्रमा ५ वर्षका लागि बन्छ।' ओलीले सरकारको जोखिमतर्फ संकेत गर्दै सरकारको चिन्ता गर्न छाडेर निर्णायक राष्ट्रिय शक्ति निर्माणका लागि मिसन ८४ को चुनावी तयारीमा लाग्न कार्यकर्तालाई आग्रह गरे। 'स्थिरता र स्थायित्वको संकल्पसहित कांग्रेस र एमालेको संयुक्त सरकार बनेको हो। सरकार यसैमा अगाडि बढिरहेकाले सरकारको बारेमा धेरै चिन्ता गर्ने होइन, चुनावको बारेमा चिन्ता गर्नुपर्छ,' उनले भने, 'एमालेले सरकार बनाऊँ, सरकार बचाऊँ भनेर कराएको छैन। एमालेले जहिले पनि चुनाव हेरेको हुन्छ। ढुक्कले मिसन ०८४ मा लाग्नुस्।' देशलाई एकताबद्ध बनाउने र लोकतन्त्र तथा संविधानको रक्षा गर्दै समृद्ध देश निर्माणको अभिभारा पूरा गर्न युवाहरू अग्रसर हुनुपर्नेमा उनले जोड दिए। युवाको नेतृत्व क्षमता, योग्यता र कामबाट नेतृत्व स्थापित हुने भन्दै उनले आफ्नो नेतृत्व क्षमता प्रकट गर्दै अगाडि बढ्न आह्वान पनि गरे।

हार्दिक समवेदना



जन्मः
२००४ बैशाख १ गते

स्वर्गारोहणः
२०८१ चैत्र ३० गते

स्व. प्रदीप शमशेर ज.ब.रा.

हाम्रा प्रातः स्मरणीय पुजनीय पिता स्व. विरेन्द्र कुमार दासको अभिन्न मित्र प्रहरी महानिरीक्षक (अ.प्रा.) श्री प्रदीप शमशेर ज.ब.रा.ज्यूको असामयिक दुःखद निधन भएको समाचारले हामीलाई अत्यन्त मर्माहत बनाएको छ। यस दुःखद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल सम्पूर्ण परिवारजनमा भगवानले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी हार्दिक समवेदना प्रकट गर्दछौं।

मनोज कुमार दास
प्रबन्ध निर्देशक
मनोज ग्याँस उद्योग प्रा.लि. परिवार
बीरगंज, नेपाल

सरकारको स्थायित्वमा...

पृष्ठ १ बाट क्रमशः

अन्तरविरोधले नै सरकार ढल्छ,' माओवादी संसदीय दलको बिहीबारको बैठकमा प्रचण्डको भनाइ उद्धृत गर्दै माओवादी सांसद लेखनाथ दाहालले भने। ओली प्रधानमन्त्री रहुन्जेल व्यवस्थामाथि खतरा भइरहने प्रचण्डको दाबी छ। कांग्रेस सभापति शेरबहादुर देउवासँग संवादको ढोका खुलेको र उनी स्वदेश फर्किएपछि थप छलफल हुने प्रचण्डले बताए। 'शेरबहादुरजी बैंककमा हुनुहुन्छ। उहाँ जाने वेलामा मलाई फोन गर्नुभएको थियो, उहाँ फर्किएपछि छलफल हुन्छ,' प्रचण्डले भने।

तराई-मधेश जागरण अभियानमार्फत माओवादीप्रति पुनः जनविश्वास स्थापित भइरहेको उल्लेख गर्दै प्रचण्डले माओवादीलाई सरकारमा जान हतार नभएको पनि बत(ाएका छन्। नयाँ सरकार बन्ने परिस्थितिमा बाहिरै बसेर पनि समर्थन गर्न सकिने उनको भनाइ छ।

शिक्षक, चिकित्सक र मिटरब्याजपीडितको आन्दोलनलाई सरकारले हल्का रूपमा लिएको प्रचण्डले टिप्पणी गरेका छन्। विद्यालय शिक्षा विधेयक र संघीय निजामती विधेयक अघि बढाउन दबाब दिने रणनीति पनि माओवादीले लिएको छ। अघिल्लो संसद् अधिवेशनमा प्रधानमन्त्रीलाई संसद्‌मा जवाफ दिन बाध्य पारेको स्मरण गर्दै प्रचण्डले संसद्‌मा प्रभावकारी भूमिका खेल्न निर्देशन दिए।

शिक्षक, चिकित्सक तथा लघुवित्तपीडितहरूसँग संवाद गरेर समस्या समाधानमा जानुपर्नेमा सरकार उल्टै जटिलता बढाउने दिशामा गएको प्रचण्डको आरोप छ। प्रधानमन्त्रीले आन्दोलनरत शिक्षकहरूसँगको संवादमा आफ्नो नाम जोडेर टिप्पणी गर्नु दुर्भाग्यपूर्ण रहेको उनले बताए। शिक्षामन्त्रीको राजीनामापछि शिक्षक आन्दोलनप्रति सरकारको संवेदनशीलता घट्दै गएको उनले टिप्पणी गरे।

प्रधानमन्त्री ओलीको कार्यशैलीसँग असन्तुष्ट कांग्रेस महामन्त्री थापाले आधारभूत कुरामा सम्झौता गर्नुपर्ने अवस्थामा कांग्रेस सरकारबाट बाहिरिन तयार हुनुपर्ने बताए। 'कांग्रेसको बाध्यता छ। हामी सरकारमा छौँ, तर हामी एक्लै छैनौँ। कतिपय विषयमा कम्पर्माइज गरेका छौँ। तर, आधारभूत कुरामा हामी कम्पर्माइज गर्दैनौँ,' लोकतन्त्र दिवसको अवसरमा बिहीबार काठमाडौंमा आयोजित कार्यक्रममा थापाले भने, 'हामीले भन्न सक्नुपर्छ-पर्‍यो भने यस्तो सरकारबाट हामी बाहिर जान्छौँ। सरकारै सबै कुरा, ठुलो कुरा होइन।

बागमतीका मेयर थापासहित ६ विरुद्ध वन मुद्दा, डेढ अर्ब बिगो

निलम्बनमा रहेका थापाविरुद्ध भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण र वन गरी तीन मुद्दा

सुवास भट्ट/नयाँ पत्रिका

भ्रष्टाचार मुद्दामा निलम्बित सर्लाहीको बागमती नगरपालिकाका मेयर भरतकुमार थापाविरुद्ध वन मुद्दा दायर भएको छ। वन तथा वातावरण मन्त्रालयले बिहीबार सर्लाही जिल्ला अदालत मलंगवामा उनीसहित ६ जनाविरुद्ध वन मुद्दा दायर गरेको हो। थापाविरुद्ध यसअघि नै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दुईवटा भ्रष्टाचार मुद्दा दायर गरिसकेको छ। उनीविरुद्ध यो तेस्रो मुद्दा हो।



भरतकुमार थापा



लीलाकुमारी मोक्तान

वन अतिक्रमण, ताल निर्माण, ढुंगा, गिट्टी, बालुवा, माटो उत्खनन गरी हानिनोक्सानी गरेको कसुरमा प्रतिवादीविरुद्ध मुद्दा दायर भएको हो। नेपाल सरकारको स्वीकृतिविना बागमती नगरपालिका वडा नं. ४ र १२ स्थित सागरनाथ वन विकास परियोजनाको स्वामित्वमा रहेको मुर्तिया सेक्टरअन्तर्गत कर्मैया क्षेत्रको वन क्षेत्र अतिक्रमण गरेको र नदीजन्य पदार्थको अवैध उत्खनन तथा निकासी गरेको पुष्टि भएको मुद्दाको व्यहोरामा उल्लेख छ।

बागमती नगरपालिकाले गैरकानुनी रूपमा करिब १७३ हेक्टर वन क्षेत्रको जग्गा अतिक्रमण गरी बागमती माछापोखरी (प्रथम) निर्माण गरेको थियो। यसलाई मेयरले आफ्नै नामबाट 'भरत ताल' नामांकन गरेका थिए। अर्को ताल (माछापोखरी दोस्रो) निर्माणाधीन छ। तालवरिपरि बाटो र अन्य संरचना निर्माणका क्रममा ठुलो परिमाणमा वन पैदावर (ढुंगा, गिट्टी, बालुवा, माटोलगायत नदीजन्य पदार्थ) अवैध रूपमा उत्खनन गरी निकासी गरिएको आरोपपत्रमा उल्लेख छ। मुर्तिया सेक्टरअन्तर्गत कर्मैया क्षेत्रको वन क्षेत्रभित्र करिब ८१५ हेक्टर वन क्षेत्र, कृषि क्षेत्र, बस्ती क्षेत्र आदिका रूपमा समेत वन अतिक्रमण गरेको दाबी मुद्दामा गरिएको छ। वन क्षेत्र अतिक्रमण गरी अवैध उत्खनन गरेकोमा साबिक वन ऐन, २०४९ र प्रचलित वन ऐन, २०७६ बमोजिम कसुर पुष्टि भएको दाबी मुद्दामा गरिएको छ।

वन मुद्दामा मेयर थापा र उपमेयर लीलाकुमारी मोक्तानलाई प्रमुख प्रतिवादी कायम गरिएको छ। त्यस्तै, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत विमलकुमार पोखरेल, तत्कालीन लेखा अधिकृत विश्वराज पोखरेल र इन्जिनियर सागर पौडेलविरुद्ध पनि मुद्दा दायर भएको छ। जिल्ला समन्वय समितिका तत्कालीन प्रमुख मेथुर चौधरी पनि मुद्दाका प्रतिवादी छन्। उनीहरू सबै यसअघि भ्रष्टाचार मुद्दामा निलम्बित छन्। अख्तियारले २९ जेठ ०७१ मा मेयर र उपमेयरसहित ६ जनाविरुद्ध जनही ३० करोड रुपैयाँ बिगो दाबी गरेर मुद्दा दायर गरेको थियो। मेयर थापाविरुद्ध भने पाँच करोड ३३ लाख गैरकानुनी सम्पत्ति आर्जनको अर्को मुद्दा पनि विचाराधीन छ।

सागरनाथ वन विकास परियोजनाअन्तर्गतको कर्मैया वन क्षेत्रमा भएको अतिक्रमणको कारबाही सम्बन्धमा वन तथा भू-संरक्षण विभागले गत पुसमा अध्ययन प्रतिवेदन नै तयार गरेको थियो। विभागका महानिर्देशक शिवकुमार वाग्लेसमेतका कर्मचारीले पेस गरेको प्रतिवेदनले कर्मैया वन क्षेत्रमा बागमती नगरपालिकाले गैरकानुनी रूपमा वन अतिक्रमण गरी तालतलगायत भौतिक संरचना निर्माण गरेको, फलफूल खेती गरेको, कृषि बाली लगाएको, बस्ती बसालेको औंल्याएको थियो। दुवै ताल, आँप बर्गैंचा, तालवरिपरिको बाटो तथा अन्य संरचनासहित ताल क्षेत्रमा १७३ हेक्टर तथा कृषि क्षेत्र र बस्ती क्षेत्रमा सहित गरेर कुल ९९९ हेक्टर जग्गा अतिक्रमण भएको प्रतिवेदनमा उल्लेख छ। ताल र भौतिक संरचना निर्माण गर्दा ठूलो परिमाणमा ढुंगा, बालुवा, ग्राभेल, माटो, गिट्टीलगायत वस्तु उत्खनन गरी गैरकानुनी तवरले निकासी गरेको आरोपपत्रमा उल्लेख छ।

यसअघि अख्तियारले दायर गरेको मुद्दामा बागमती नदीको बहाव प्रयोग गर्न स्वीकृति नलिई माछापोखरी निर्माण गर्ने भनी सागरनाथ वन विकास परियोजनाअन्तर्गत वन क्षेत्रमा नेपाल सरकारको स्वीकृतिविना दुईवटा माछापोखरीबाट ४७ लाख २८५ घनमिटर अवैध रूपमा नदीजन्य पदार्थ उत्खनन गरेको दाबी गरिएको थियो।

'सागरनाथ वन विकास परियोजनाको व्यवस्थापनमा रहेको वन क्षेत्र अतिक्रमण गरी सो अतिक्रमित वन क्षेत्रबाट बागमती नगरपालिकाले भरत ताल नेपाल सरकारको स्वीकृतिविना वन पैदावर उत्खनन गर्नु दण्डनीय कार्य गरेको प्रस्ट देखिन्छ,' आरोपपत्रमा भनिएको छ। नगरपालिकाले एउटा उद्देश्य र आकारको योजनाका लागि तयार गरेर स्वीकृत गरेको आइइईबाट गलत लिखत तयार गरेर अर्कै उद्देश्य र क्षेत्रको योजना कार्यान्वयन गरेको मुद्दामा उल्लेख छ। वन क्षेत्र अतिक्रमण गरेर आइइई सम्बन्धित निकायबाट स्वीकृत नगरी कानुनविपरीत नगर कार्यपालिकाबाट पोखरी निर्माणका लागि नदीजन्य पदार्थ उत्खनन गर्न स्वीकृत गरिएको थियो। सागरनाथ वन विकास परियोजनाको व्यवस्थापनमा रहेको जग्गा परियोजनाको स्वीकृति र सहमतिविनै ताल निर्माणका क्रममा नदीजन्य पदार्थ उत्खनन गरेको देखिएको मुद्दामा उल्लेख छ।

मिलेमतोमा वन क्षेत्रको जग्गा अतिक्रमण गरी ताल र अन्य संरचना निर्माण गरेको कार्य वन ऐन, २०७६ बमोजिमको कसुर भएको दाबी गर्दै मन्त्रालयले ऐनबमोजिम नै पाँच वर्ष कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय गरी जग्गा राष्ट्रिय वनमा समावेश गरी जग्गामा बनाएको घर वा छाप्रो र प्रयोग भएका मेसिनरी औजारसमेत जफत हुन मागदाबी गरेको छ। यस्तो कसुर गर्दा वन पैदावर हटाएको वा नोक्सानी गरेको भए सोबापत हुने सजायसमेत हुन माग गरिएको छ।

अवैध उत्खनन् गरी बिक्री गरेको नदीजन्य पदार्थको कुल मूल्य एक अर्ब ४९ करोड ३९ लाख ४३ हजार ३३७ रुपैयाँको वन ऐनबमोजिम बिगो कायम गरिएको छ। यसमा दुई वर्षसम्म कैद वा बिगोको दोब्बर जरिवाना वा दुवै जनही बिगो कायम गरिएको छ। मुद्दाका प्रतिवादी राष्ट्रसेवक भएकामा साबिक भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम अनुसन्धान गरी कारबाही गर्न अख्तियारलाई लेखी पठाउने आरोपपत्रमा उल्लेख छ। अपराधपीडित संरक्षण, २०७५ बमोजिम क्षतिपूर्ति शुल्कबापतको रकम राहत कोषमा जम्मा हुने गरी कारबाही गर्न पनि माग गरिएको छ।

यस्तो छ मन्त्रालयको मागदाबी



- मिलेमतोमा वन क्षेत्रको जग्गा अतिक्रमण गरी ताल र अन्य संरचना निर्माण गरेकामा पाँच वर्ष कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय, राष्ट्रिय वनमा बनाएको घर वा छाप्रो र प्रयोग भएका मेसिनरी औजारसमेत जफत
- अवैध उत्खनन गरी बिक्री गरेको नदीजन्य पदार्थको मूल्य एक अर्ब ४९ करोड ३९ लाख ४३ हजार ३३७ रुपैयाँबमोजिम दुई वर्षसम्म कैद वा बिगोको दोब्बर जरिवाना वा दुवै
- प्रतिवादीहरू राष्ट्रसेवक भएकाले भ्रष्टाचार निवारण ऐनबमोजिम अनुसन्धान गरी कारबाही गर्न अख्तियारलाई लेखी पठाउने
- अपराधपीडित संरक्षण, २०७५ बमोजिम क्षतिपूर्ति शुल्कबापतको रकम राहत कोषमा जम्मा हुने गरी कारबाही गर्ने
- वन क्षेत्र अतिक्रमण गर्नेविरुद्ध पूरक अभियोगसमेत लाने

आफैं उपस्थित चिकित्सा शिक्षा आयोगको बैठकले गरेका निर्णय कार्यान्वयनमा प्रधानमन्त्री अनिच्छुक

आवासीय चिकित्सकहरूले आजदेखि आकस्मिकबाहेकका सबै सेवा ठप्प पार्ने

शिवहरि घिमिरे/नयाँ पत्रिका

आवासीय चिकित्सक करिब एक महिनादेखि आन्दोलनमा छन्। सरकारीसरह तलब सुविधा माग गर्दै आन्दोलित चिकित्सकको माग पूरा गर्न आफैं उपस्थित चिकित्सा शिक्षा आयोगले गरेका निर्णय कार्यान्वयनमा प्रधानमन्त्री केपी ओली उदासीन देखिएका छन्।



गत २५ माघमा बसेको आयोग बैठकको अध्यक्षता प्रधानमन्त्री ओलीले नै गरेका थिए। प्रधानमन्त्री ओली, तत्कालीन शिक्षामन्त्री विद्या भट्टराई, स्वास्थ्यमन्त्री प्रदीप पौडेल, आयोगका पदाधिकारी, योजना आयोगका पदाधिकारी सम्मिलित बैठकले आवासीय चिकित्सकको निर्वाह भत्ता बढाउने (४८ हजार ७३७ रुपैयाँ) निर्णय गरेको थियो। साढे दुई महिना बित्न लाग्दा पनि बढाएको निर्वाह भत्ता नपाएपछि आवासीय चिकित्सकहरू आन्दोलनमा छन्। नेपाल चिकित्सक संघको नेतृत्वमा उत्रिएका आवासीय चिकित्सकले शुक्रबारदेखि आकस्मिकबाहेकका सबै सेवा ठप्प पार्ने निर्णय गरेका छन्।

प्रधानमन्त्री सहभागी बैठकमा भएको निर्णय निजी मेडिकल कलेजले अझै मानेका छैनन्। हाल निजी मेडिकल कलेजले आवासीय चिकित्सकलाई मासिक १७ हजार पाँच सय तलब-भत्ता दिने गरेका छन्। त्यसमा पनि दश हजार रुपैयाँ अस्पतालमा दिएको आवास सुविधाको कट्टा गर्छन्। जसकारण चिकित्सकको हातमा जम्मा ६-७ हजार रुपैयाँ मात्र पर्छ। यस्तै, गत ३ वैशाखमा बसेको आयोगको १८औं बैठकमा प्रधानमन्त्री ओलीले निजी मेडिकल कलेजकै पक्ष लिए। बरु निजी मेडिकल कलेजहरूको सिट र शुल्क बढाउने अध्ययन कार्यदल गठन गरे। बैठकमा ओलीले एमबिबिएस र बिडिएस तहमा सिट र शुल्क बढाउन ११ सदस्यीय कार्यदल गठन त गरे, तर १६औं बैठकमा गरेको निर्णय कार्यान्वयन नभएको विषयबारे कुनै छलफल गरेनन्।

नेपाल मेडिकल कलेजका अध्यक्ष डा. अनिल कार्की सिट र शुल्क बढाउन नहुने पक्षमा छन्। 'प्रधानमन्त्रीज्यूले आयोगको बैठकमा आफैले गरेको निर्णयविरुद्ध लाग्नुभयो, श्रमको मूल्य आवासीय चिकित्सकहरूले पाउनुभएको छैन, तर स्वास्थ्य मन्त्रालयले समेत निजी मेडिकल कलेजलाई कारबाही गर्न सकिरहेको छैन,' उनले भने, 'कुनै पनि हालतमा तोकिएको निर्वाह भत्ता दिनुपर्छ। प्रधानमन्त्रीले आफैले निर्णय गर्ने अनि आफैले निजी मेडिकलको पक्ष लिन मिल्दैन।'

आवासीय चिकित्सकको आन्दोलनको नेतृत्व गरिरहेका डा. शेषराज घिमिरेले निजी मेडिकल कलेजहरूले सरकारले गरेको निर्णय कार्यान्वयन गर्नुको साटो उल्टै धम्क्याएको बताए। 'उहाँहरूले निर्णय कार्यान्वयन गर्न मान्नुभएको छैन, हामी कुनै पनि हालतमा आन्दोलनबाट पछि हट्दैनौं, सरकारले निजी मेडिकल कलेजको पक्षपोषण गरेको देखिनुभएन,' स्वास्थ्य मन्त्रालयमा भएको बैठकमा उनले भने, 'यदि स्वास्थ्य मन्त्रालयले सक्दैन भने हामीलाई भनिदियोस्, नत्र कारबाही गरोस्।' स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले सरकारले तोकेको निर्वाह भत्ता निजी मेडिकल कलेजले दिनैपर्ने बताए। 'यसमा उहाँहरूलाई छुट हुने कुरा नै छैन, यो त निर्णय हो, दिनैपर्छ, तर नदिएमा हामीले सहजीकरण गर्ने विषय रोक्छौं,' उनले भने, 'कार्यस्थलमा हुनेपर्ने चिकित्सकहरू आन्दोलनमा आउनुपर्ने वातावण बनाउनु राम्रो होइन।'

■ बढेको तलब नदिँदासम्म निजी मेडिकल कलेजलाई कुनै पनि सहयोग नहुने स्वास्थ्यमन्त्री पौडेलको चेतावनी

स्वास्थ्य मन्त्रालयले भने निजी मेडिकल कलेजहरूलाई दिँदै आएका सेवाहरू रोक्ने घोषणा गरेको छ। चिकित्सा शिक्षा आयोगले गरेको निर्णयका आधारमा बढेको तलब आवासीय चिकित्सकहरूलाई नदिँदासम्म उनीहरूलाई मन्त्रालयबाट कुनै पनि सहजीकरण र सहयोग नहुने स्वास्थ्यमन्त्री प्रदीप पौडेलले घोषणा गरे। 'कुनै पनि हालतमा निजी मेडिकल कलेजले चिकित्सा शिक्षा आयोगको १६औं बैठकले गरेको निर्णय कार्यान्वयन गर्नुपर्छ, तोकिएको निर्वाह भत्ता दिनुपर्छ, उहाँहरूले यति तलब दिन नसक्ने होइन, सिट बढाउने र शुल्क निर्धारण गर्ने कुरा अर्कै हो, तर अहिलेको अवस्थामा १६औं बैठकको निर्णय कार्यान्वयन नगर्दासम्म स्वास्थ्य मन्त्रालयमातहतबाट हुने कुनै पनि सहयोग हुँदैन,' उनले भने, 'उहाँहरूका समस्या र अवस्थाबारे कुरा गर्न र छलफल गर्न सकिन्छ, त्यसमा कार्यदललले काम पनि गरिरहेको छ।'

२९ दिनदेखि आवासीय चिकित्सकहरू आन्दोलनमा छन्। बिहीबार आन्दोलनरत शिक्षकहरू स्वास्थ्य मन्त्रालय घेराउ गर्नेगरी आन्दोलनमा निस्किएका थिए। उनीहरूलाई मन्त्रालयको गेटबाट प्रहरीले रोकेको थियो। तर स्वास्थ्यमन्त्री पौडेलले केही आवासीय चिकित्सकहरूलाई बैठकमा बोलाए। करिब ४० जना चिकित्सकहरू मन्त्रालयको हलमा उपस्थित थिए भने अन्य चिकित्सकहरूले माइतीघरमा आन्दोलन गरिरहे। स्वास्थ्यमन्त्रीसँगको बैठकमा उनीहरूले आफूलाई निजी मेडिकल कलेजहरूले श्रम शोषण गरेको भन्दै सहजीकरण गर्न र तोकिएको तलब दिने अवस्था मिलाउन आग्रह गरे। हाल स्वास्थ्य मन्त्रालयले मेडिकल कलेजहरूलाई बिमाको भुक्तानी गर्न बाँकी छ।

संस्थापन पक्षको अर्कै समूह बनाउने शशांक प्रयास

कांग्रेसका सात पूर्वपदाधिकारीलाई निवासमा दिए चियापान, शेखर र सुजातालाई आमन्त्रण गरिएन





विमलेन्द्र निधि



विजय गच्छदार



गोपालमान श्रेष्ठ



कृष्णप्रसाद सिटौला



प्रकाशमान सिंह



डा. प्रकाशशरण महत

नयाँ पत्रिका

कांग्रेस पूर्वमहामन्त्री डा. शशांक कोइरालाले पार्टीका पूर्वपदाधिकारी र अन्य निकटस्थ नेतालाई बिहीबार निवासमा चियापान आयोजना गरेका छन्। चियापानमा पूर्वउपसभापति विमलेन्द्र निधि, विजयकुमार गच्छदार, गोपालमान श्रेष्ठ, प्रकाशमान सिंह, पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला, प्रवक्ता डा. प्रकाशशरण महतलगायत सहभागी थिए।

संस्थापन पक्ष मानिएका सात पूर्वपदाधिकारीले लोकतन्त्र दिवसका अवसरमा आयोजित चियापानमार्फत पार्टीको आगामी १५औं महाधिवेशनमा साझा रूपमा अघि बढ्ने सन्देश दिएका छन्। उनीहरू पार्टी सभापति शेरबहादुर देउवानिकट हुन्। चियापानमा ऊर्जामन्त्री दीपक खड्का, पूर्वमन्त्री दीपक गिरीलगायत नेता र कार्यकर्ता सहभागी थिए।

'पूर्वउपसभापति निधिले विगतमा आयोजना गर्नुभएको चियापान र अनौपचारिक बैठककै निरन्तरता हो यो। पार्टीमा नयाँ आशाको सञ्चार होस् भन्ने सन्देश हो,' चियापानमा सहभागी एक नेताले नयाँ पत्रिकासँग भने, 'सातजना पूर्वपदाधिकारी र इच्छुक अन्य नेता-कार्यकर्तालाई बोलाएका हौं।' सातजना पूर्वपदाधिकारीबिच आगामी महाधिवेशनमा संस्थापन पक्षको साझा रोडम्याप तय गरेर अघि जाने सहमति भएको छ। उनीहरूले यसका लागि सभापति शेरबहादुर देउवालाई सुझाव पनि दिँदै आएका छन्।

चियापानमा पार्टीका वर्तमान पदाधिकारीलाई निमन्त्रणा थिएन। कार्यवाहक सभापति पूर्णबहादुर खड्का, महामन्त्रीद्वय विश्वप्रकाश शर्मा, गगन थापा, कोषाध्यक्ष उमेश श्रेष्ठलगायत कोही पनि चियापानमा आमन्त्रित थिएनन्। कोइराला परिवारका शेखर कोइराला र सुजाता कोइरालालाई पनि आमन्त्रण गरिएको थिएन।

'मुख्य रूपमा सातजना पूर्वपदाधिकारी बस्न खोज्नुभएको रहेछ, इच्छुक साथीलाई पनि उहाँहरूकै तर्फबाट बोलाइएको रहेछ,' कांग्रेसका अर्का नेताले भने। चियापानमा सहभागी पूर्वउपसभापति निधिले गणतन्त्र, संघीयता, लोकतन्त्र, समावेशिताका पक्षमा पार्टीलाई एक ठाउँमा उभ्याउन सातजना पूर्वपदाधिकारीको टिम एकबद्ध रहेको बताए। 'यी मुद्दामा कांग्रेसलाई अडिग राख्न प्रतिबद्ध छौं,' उनले भने। निधि, सिंह र कोइरालाबिच यसअघि पनि भेटवार्ता हुँदै आएको थियो।

लोकतन्त्र दिवसमा एमालेको 'युथ सेलिब्रेसन'

नयाँ पत्रिका

सरकारको नेतृत्व गरिरहेको एमालेले लोकतन्त्र दिवसमा 'युथ सेलिब्रेसन' आयोजना गरेको छ। सरकार र राजनीतिक दल तथा नेताप्रति नयाँ पुस्तामा विकर्षण पैदा भएको निष्कर्षसहित एमालेले लोकतन्त्र दिवसको अवसर पारेर बिहीबार युवाको सहभागिता र अगुवाइमा फरक प्रकारको 'युथ सेलिब्रेसन' कार्यक्रम सम्पन्न गरेको हो।

भृकुटीमण्डपमा विभिन्न झाँकी र चर्चित कलाकारको प्रस्तुतिसमेत रहेको कार्यक्रममा प्रधानमन्त्री केपी ओली, महासचिव शंकर पोखरेलसहित ४० वर्षभन्दा कम उमेर समूहका पार्टीका युवाले विशेष सम्बोधन गरेका थिए। कार्यक्रममा काठमाडौं महानगरपालिकाकी उपमेयर सुनिता डंगोल, कपिलवस्तुको शिवराज नगरपालिकाकी उपमेयर शिवकुमारी चौधरी, बागलुङ क्याम्पसका स्ववियु सभापति यास्मिन शेख, पिएन क्याम्पस पोखराका स्ववियु सभापति विष्णु पोखरेल, युवा डा. अरविन्द सिंह, दलित युवा प्रकाश सुनुवार, कोटेश्वर क्याम्पसकी स्ववियु सभापति उम्मेदवार शर्मिला भण्डारीलगायतले सम्बोधन गरेका थिए। त्यस्तै, पार्टीसम्बद्ध राष्ट्रिय जनसांस्कृतिक महासंघसहित विभिन्न ब्यान्डआबद्ध कलाकारले सांस्कृतिक प्रस्तुति दिएका थिए।



लोकतन्त्र दिवसको अवसरमा एमालेले बिहीबार प्रदर्शनी मार्गमा आयोजना गरेको 'युथ सेलेब्रेसन' का सहभागी। **तस्बिर : सञ्जित परियार/नयाँ पत्रिका**

युवालाई लोकतान्त्रिक गणतन्त्रको महत्त्व बुझाउन र नयाँ पुस्तालाई राजनीतिमा जोड्ने कडीका रूपमा जोड्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको महासचिव शंकर पोखरेलले बताए। 'युवालाई परिवर्तनको यात्रामा जोड्न पुराना र नयाँ पुस्तालाई जोड्ने कडीका रूपमा सेलिब्रेसन आयोजना गरिएको हो,' उनले भने। देशलाई समृद्ध र सुखी बनाउने अभिभारा आइरहेका वेला देशलाई कमजोर बनाउन चाहने कमजोर शक्तिहरू एमाले र यसको नेतृत्वमाथि प्रहार भइरहेको भन्दै उनले समाजलाई आशा जागृत गर्ने गरी युवा समुदाय अगाडि बढ्नुपर्ने बताए। विदेशमा रहेका युवालाई पनि सीप सिकिसकेपछि समृद्ध देश निर्माणको अभियानमा स्वदेश फर्किन पनि उनले आह्वान गरे।

काठमाडौं महानगरपालिकाकी उपमेयर सुनिता डंगोलले स्टन्ट गरेर अरूलाई गाली गरेर, गैरजिम्मेवार अभिव्यक्ति दिएर देश नबन्ने भन्दै त्यस्ता कुराप्रति युवा वर्ग सचेत हुनुपर्नेमा जोड दिइन्। डंगोलले युवा समुदायले सही र गलत छुट्याएर अघि बढ्नुपर्ने बताइन्। 'युवाहरू एकजुट बन्दा धेरै ठूला समस्या पनि समाधान हुन्छ, असम्भव कुरा पनि सम्भव हुन्छन्, युवाहरूले कहिल्यै हार मान्दैनन् र सफलता पनि पाउँछन्,' उनले भनिन्।

१७ वैशाखमा जनमत र नाउपाबिच एकता हुन्छ : राउत



काठमाडौं/ जनमत पार्टीका अध्यक्ष सिके राउतले १७ वैशाखमा नागरिक उन्मुक्ति पार्टीसँग एकता हुने बताएका छन्। बिहीबार वक्तव्य जारी गर्दै उनले एकता हुन नदिन विभिन्न षड्यन्त्र भइरहेको भन्दै त्यसप्रति सचेत हुन कार्यकर्ता पंक्तिलाई आग्रह पनि गरेका छन्।

'धेरै पार्टी/शक्तिहरूको अहिले निद्रा उडेको छ। किनकि आन्दोलन र जनताको बिचबाट आएको, जनताको पक्षमा काम गर्ने, एउटा नयाँ शक्तिशाली पार्टी नेपालमा उदय हुने क्रममा छ। नेपालकै राजनीतिमा दूरगामी प्रभाव पार्ने र इतिहासमै नभएको अभूतपूर्व मिलन र एकता हुँदै छ,' राउतले भनेका छन्, 'परिवारमा झगडा लगाएर फुट ल्याएर होस् कि पार्टीभित्रैका पदाधिकारीमाथि पैसा, गाडी, साधनस्रोत प्रयोग गरेर होस्, कि मिडियामा नानाभाँती समाचार लेखाएर बदनाम गर्दै चरित्रहत्या गर्दै निरुत्साहित गर्न होस्, कि कहिले धर्म त कहिले जातिका नाममा आक्रमण गराएर होस्, कि पार्टी फुटाइदिने षड्यन्त्र होस्, कि केन्द्रीय सदस्य र सांसदहरू नै खरिद गरिदिने प्रपञ्च होस्, कि मलाई ज्यान मार्ने वा रेशमजीलाई पुनः पक्राउ गराइदिने धम्की होस्, कुनै पनि कसर बाँकी राखेका छैनन्।' उनले एकताको आधार तयार भइसकेको दाबी गर्दै भनेका छन्, 'तर, हामी आत्तिएका छैनौं। तपाईंहरू पनि नआत्तिनुहोला। जनताको भावना र आकांक्षा एकता भएकाले हामी एकताका लागि अगाडि बढ्ने नै छौं। एकता हुन्छ नै। यही वैशाख १७ गते जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीबिच घोषणाको तयारी गर्दै छौं।'

Government Of Madhesh Province

Ministry of Land Management, Agriculture and Cooperative

Janakpur Dhanusha

INVITATION FOR SEALED QUOTATION

Sealed Quotation No: NCB/MOLMACMP/SQ01/081-82/Works

Date of Publication : 25-04-2025

1. The Ministry of Land Management, Agriculture and Cooperative, invites sealed quotations from registered contractors for the construction of Renovation work of Minister's Floor and Other Rooms
2. The Estimated amount for the works is (in NRs.):1,697868.60(Exclusive of VAT and Contingencies)
3. Eligible Bidders may obtain further information and inspect the Sealed quotation Forms at the office of Ministry of Land Management, Agriculture and Cooperative, at Janakpur, Dhanusha or by reaching out to them at Telephone 041426105 or by dropping a mail at mlacprovince2@gmail.com [or may visit PPMO website www.bolpatra.gov.np.]
4. Bidder must submit their bid electronically shall deposit the cost of Nrs. 1000.00 of bidding document in the account specified below:

   Name of the Bank : Rastriya Banijya Bank Ltd.
   Name of the Office : Ministry of Land Management, Agriculture and Cooperative,
   Office Code no : 3120017012
   Office Account no : 1000100200010000 Rajaswa (revenue) Shirshak no:14229
5. Sealed bids must be submitted through e-GP system i.e www.bopatra.gov.np/egp on or before 09- 05-2025 12:00 hours. Bids received after this deadline will be rejected.
6. Sealed Quotations shall be opened in the presence of Bidders' representatives who choose to attend at 11-05-2025 13:00 hours at the office of Ministry of Land Management, Agriculture and Cooperative, Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs.55000 which shall be valid for 30 days beyond the validity period of the bid i.e 75 days.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

[**Note :** As mentioned in clause 49ka of PPR 2064 clause 49ka ,add more relevant information as per required]

गोरखा भूकम्पपछिका दश वर्ष

एक दशकमा विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षेत्रमा थुप्रै सुधार भएका छन्



● रामबहादुर केसी

अग्रलेख

भूकम्प नियमित आकस्मिकताजन्य प्राकृतिक घटना हो । यो एक भौगर्भिक प्रक्रिया हो, जसलाई रोक्न तथा भविष्यवाणी गर्न भू-वैज्ञानिकहरू हालसम्म सफल भएका छैनन् । टेक्टोनिक प्लेटबिचको अन्तरसंघर्षका कारण भूकम्प आउँछ । यो सुटुक्क आउँछ, तहल्का मच्चाउँछ र एकछिनमै हराउँछ । '०७२ सालको भूकम्प' नामक पुस्तकले करिब पाँच हजार वर्षअघिदेखि नै नेपालमा भूकम्प गएको देखाएको छ र गहन अध्ययन अनुसन्धान गर्ने हो भने नेपालको भूकम्पीय इतिहास अझै पुरानो युगसम्म तन्कने ठोकुवासमेत गरेको छ । इन्डियन र युरेसियन प्लेटबिचको अन्तरसंघर्ष करोडौँ वर्षपहिले सुरु भएको र यो क्रम अद्यापि जारी रहेकाले नेपालमा भविष्यमा पनि विनाशकारी भूकम्प जान सक्ने सम्भावना यथावत् छ ।

गोरखा भूकम्प ०७२ पछि राष्ट्रिय योजना आयोगले तयार पारेको विपत्पछिको आवश्यकता आकलन (पिडिएनए) प्रतिवेदन-२०१५, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले तयार पारेको विपत्पछिको पुनर्लाभ कार्यढाँचा (पिडिआरएफ) २०१६-२०२०, गृह मन्त्रालयले तयार पारेको गोरखा भूकम्प ०७२ अनुभव र सिकाइ प्रतिवेदन-२०७३ र नेपाल विपत् प्रतिवेदनलगायत सरकारी निकायका दस्ताबेजअनुसार १२ वैशाख, ०७२ मा बिहान ११:५६ बजे गोरखाको बारपाक केन्द्रबिन्दु भएर गएको ७.६ म्याग्निच्युडको शक्तिशाली भूकम्पमा परी आठ हजार ९७९ जनाको मृत्यु, २२ हजार ३०९ जना घाइते र ३१ जिल्लाका करिब ८० लाख जनसंख्या प्रभावित भए । करिब सात खर्ब ६ अर्ब रुपैयाँबराबरको आर्थिक क्षति भएकामा पुनर्निर्माणका लागि करिब ६ खर्ब ६९ अर्ब रुपैयाँ लाग्ने अनुमान गरियो । आठ लाख ६६ हजार २०७ निजी घर, ६ हजार २७८ सरकारी भवन, सात हजार ९२३ विद्यालयका ४९ हजार ६९० कक्षाकोठा, एक हजार १६४ स्वास्थ्य संस्था र ९२० सांस्कृतिक सम्पदा पूर्ण वा आंशिक रूपमा क्षतिग्रस्त भए । केन्द्रीय आयोजना कार्यान्वयन एकाइ (सिएलपिआइयु) को पछिल्लो तथ्यांकअनुसार सर्वेक्षण भएका १० लाख ३७ हजार २९१ घरधुरीबाट पुनर्निर्माणका लागि अनुदान पाउन योग्य आठ लाख ६६ हजार २०७ लाभग्राहीमध्ये आठ लाख ३४ हजार २६७ लाभग्राहीसँग अनुदान सम्झौता भएकोमा हालसम्म पुनर्निर्माण सम्पन्न निजी आवासको संख्या सात लाख ४२ हजार ९२३ रहेको छ । प्रबलीकरणका कुल लाभग्राही ४७ हजार ८२७ मध्ये अनुदान सम्झौता भएका ३३ हजार ९०५ मध्येबाट हालसम्म प्रबलीकरण सम्पन्न लाभग्राहीको संख्या तीन हजार ९२ रहेको छ ।

सात हजार ६७७ सामुदायिक विद्यालय र तीन हजार ४५९ शौचालय पुनर्निर्माण गरिए । ६३२ सम्पदा, ९२५ स्वास्थ्य संस्था, ४०८ सरकारी भवन, सुरक्षा निकायका २१६ संरचना पुनर्निर्माण गरिए । असुरक्षित स्थानमा रहेका चार हजार २०४ लाभग्राहीलाई सुरक्षित आवासका लागि जग्गा उपलब्ध गराइयो भने ७२ वटा जोखिमपूर्ण बस्तीका बासिन्दाको उपयुक्त स्थानमा स्थानान्तरणसम्बन्धी कार्य सम्पन्न भयो । १०६ वटा एकीकृत बस्तीको योजना स्वीकृत भएकामा ९७ वटा सम्पन्न भइसकेका छन् । करिब ७६२ किलोमिटर सडक र एक हजारभन्दा बढी खानेपानी योजना निर्माण गरिए भने एक लाखभन्दा बढी दक्ष निर्माणकर्मी उत्पादन भए । कम्तीमा पाँच लाखले रोजगारी प्राप्त गरे भने करिब १० लाख जनशक्ति पुनर्निर्माणको काममा संलग्न भए ।

गोरखा भूकम्पमा २४१ वटा राष्ट्रिय-अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्था एवं समुदायमा आधारित संस्थाले ४१२ पुनर्निर्माण आयोजनामा सहयोग गरे । ती संघसंस्थाले १८ हजार ९१४ निजी आवास, एक हजार ३०८ विद्यालय, ८० स्वास्थ्य संस्था, दुई हजार २०० नमुना घर, १५ सम्पदा क्षेत्र, तीन एकीकृत बस्ती, २३ साना सिँचाइ आयोजना र ५५ साना खानेपानी आयोजना निर्माण गर्न नेतृत्वदायी भूमिका खेले ।

गोरखा भूकम्पपछि सुरक्षित नेपाल निर्माण गर्ने सन्दर्भमा सबै स्थानीय तहमा नक्सा पास प्रणाली अवलम्बन गर्ने आधार तयार भई देशैभरि भूकम्प प्रतिरोधी घर बनाउनुपर्छ भन्ने उच्च सचेतना विकास भएको छ । भौतिक पूर्वाधार निर्माणसँगै जनशक्ति विकास, सुरक्षित संरचना निर्माणको सचेतना र समावेशिताको अभ्यासलगायत क्षेत्रमा ठुलो उपलब्धि भएको छ । जनस्तरमा आपत्कालीन अभ्यास, खोज र उद्धार तालिम भइरहेका छन् । अर्कातिर बनाइदिएकोमा भन्दा आफ्नै सहभागिता र सक्रियतामा पुनर्निर्माण गरिएका संरचनामा जनताको स्वामित्व बढी हुने सन्देश प्रवाह भएको छ । बैंकिङ प्रणालीमार्फत निजी आवास अनुदान वितरण गर्दा वित्तीय अनुशासन कायम भएको एवं वित्तीय पहुँच विस्तारमा टेवा पुगेको छ । गाउँगाउँमा बैंक तथा वित्तीय संस्थाको पहुँच पुग्न गोरखा भूकम्पले पनि योगदान गरेको छ । राष्ट्रिय भूकम्प मापन केन्द्रमा ०७२ अघि २२ भूकम्प मापन स्टेसन रहेकामा अहिले ४२ पुगेका छन् ।

गोरखा भूकम्पपछिको १० वर्षको अन्तरालमा विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षेत्रमा थुप्रै सुधार भएका छन् । विपत् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ र विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ तथा नियमावली, २०७६ आएका छन् । प्रधानमन्त्रीको अध्यक्षतामा विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्, गृहमन्त्रीको अध्यक्षतामा कार्यकारी समिति, आवश्यकताअनुसार विशेषज्ञ समिति, विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी कार्यको केन्द्रीय स्रोत निकायका रूपमा राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश विपत् व्यवस्थापन समिति, जिल्ला विपत् व्यवस्थापन समिति, स्थानीय विपत् व्यवस्थापन समिति, तीनै तहमा आपत्कालीन कार्यसञ्चालन केन्द्र र विपत् व्यवस्थापन कोषलगायतका संयन्त्र बनेका छन् । नेपाल 'सेन्डाई कार्यढाँचा' २०१५-२०३० को पक्ष राष्ट्र भएको छ भने त्यसका लागि विपत् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०१८-२०३० तयार गरी लागू गरिएको छ । सन् २०१६-२०३० सम्मका लागि तय भएका १७ वटा दिगो विकास लक्ष्यलाई नेपालले देशको समावेशी दीर्घकालीन विकासका रूपमा आत्मसात् गरेको छ । राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थासहितको क्लस्टर संयन्त्र निर्माण गरी मानवीय सहायता परिचालन, खोज, उद्धार तथा राहत वितरण एवं पुनर्निर्माण तथा पुनर्स्थापनासम्बन्धी कार्यमा समन्वय, सहकार्य एवं सञ्चार गर्नुपर्ने सिकाइ भएको छ ।

विपत् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड-२०८१, विपत् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि-२०८१, विपत् जोखिमका लागि वित्तीय व्यवस्थापन राष्ट्रिय रणनीति-२०७८, विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशीकरण रणनीतिक कार्ययोजना-२०८१, विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन साझेदार संस्था परिचालन कार्यविधि-२०८१, स्वयंसेवक ब्युरो गठन तथा परिचालन कार्यविधि-२०७८, विपत् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च (एनपिडिआरआर) को कार्यसञ्चालन मार्गदर्शन-२०७७, स्थानीय विपत् तथा जलवायु उत्थानशील कार्यढाँचा/योजनालगायत कानुनी व्यवस्था भएका छन् ।

गोरखा भूकम्प, २०७२ ले नेपालमा विपत् जोखिम न्यूनीकरणको दृष्टिकोण, नीति र अभ्यासमा ठुलो परिवर्तन ल्यायो । कुल बजेटको केही प्रतिशत विपत् जोखिम न्यूनीकरणमा छुट्याउने अभ्यास सुरु भयो । कर्णाली प्रदेश सरकारले विपत् जोखिम बिमासम्बन्धी कार्यविधि, २०७६ तर्जुमा गरी लागू गरेको छ । बहुप्रकोप पूर्वसूचना तथा चेतावनी प्रणाली विकास हुँदै गएको छ । जल तथा मौसम विज्ञान विभागले बहुप्रकोपका घटनाका लागि रियल टाइम पूर्वसूचना तथा चेतावनी दिने स्वचालित स्टेसन र सामुदायिक चेतावनी प्रणाली जडान गरेको छ । बहुप्रकोप प्रभावित क्षेत्रमा समुदायमा आधारित पूर्वचेतावनी प्रणालीमार्फत पूर्वसूचना प्रवाह हुने पूर्वाधार निर्माण भएका छन् । नेपाल विपत् सूचना प्लेटफर्म (विपत् पोर्टल) विकास गरिएको छ, जसले डेटा एकीकृत गर्न र सूचनामा आधारित निर्णय लिन मद्दत गर्छ । भूसूचना प्रणाली, रिमोट सेन्सिङ तथा मोबाइल एप प्रयोगमा विस्तार भएको छ ।

> गोरखा भूकम्पपछि विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी कार्यमा विगतका गल्ती तथा कमजोरीबाट नीति-निर्माताले पाठ सिकेर अनुभव र सिकाइ व्यवहारमा प्रतिबिम्बित हुनुपर्नेमा त्यस्तो हुन सकेन


राजनीतिक अस्थिरता, जनशक्ति र वित्तीय स्रोतको अभाव, भौगोलिक विकटता, संघीयता कार्यान्वयनको संक्रमणकालीन अवस्था, कोभिड-१९ जस्ता महामारी, कर्मचारी समायोजन, इन्टरनेट पूर्वाधार एवं एकीकृत तथ्यांकीय प्रणालीको अभाव, जनताका गुनासा सम्बोधनमा कठिनाइलगायत कारण भूकम्पपछिको पुनर्निर्माणमा बाधा पुग्यो । भूकम्पपीडितका घर बन्ने तर रोजगारीको सिलसिलामा, वैदेशिक रोजगार र नयाँ अवसरको खोजीमा मानिसहरू जिल्लाबाहिर जानुपर्ने बाध्यताले मान्छे नबस्ने प्रवृत्ति पनि देखिएको छ । साबिकको बस्ती जोखिमयुक्त भएको र अन्य सुरक्षित स्थानमा घर बनाउन जग्गा नपाउँदा भूकम्पपीडित अझै पनि अस्थायी टहरामै बस्नुपर्ने बाध्यता रहेका समाचार सुनिन्छन् । केही सार्वजनिक भवन र पुरातात्त्विक महत्त्वका सम्पदा हालसम्म पनि पुनर्निर्माण हुन सकेका छैनन् ।

गोरखा भूकम्पपछि विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी कार्यमा विगतका गल्ती तथा कमजोरीबाट नीति-निर्माताले पाठ सिकेर जुन स्तरको अनुभव र सिकाइ व्यवहारमा प्रतिबिम्बित हुनुपर्थ्यो, त्यो हुन सकेन । उदाहरणका लागि पश्चिम नेपाल भूकम्पमा खोज, उद्धार र राहत वितरणको कार्य छिटो भए पनि पुनर्निर्माण र पुनर्स्थापनाको कार्य भूकम्प गएको डेढ-दुई वर्षपछि पनि अपेक्षित गतिमा अगाडि बढ्न सकेको छैन । अहिले पनि पूर्वअग्रसर भएर होइन कि प्रतिक्रियात्मक भएर काम गर्ने प्रचलन छ ।

पुनर्निर्माणको कार्यान्वयन ढाँचाको निक्र्योल समयमै नहुनु, सांगठनिक संरचना, कार्यविधि तथा निर्देशिका निर्माणमा बढी समय लाग्नु, कार्यान्वयन क्षमता कमजोर हुनु तथा प्राथमिकताअनुसार पुनर्निर्माणका क्रियाकलाप सञ्चालन नहुनुले पुनर्निर्माणले अपेक्षित गति लिन सकेन । समन्वय र अनुगमन फितलो हुनु, घरधुरी सर्वेक्षण त्रुटिपूर्ण हुनुले पर्नुपर्ने लाभग्राही छुट्नु र अन्यत्र घरवास भएका एवं भूकम्पले क्षति नभएकासमेत लाभग्राहीमा पर्नु साथै अनुदान प्राप्त गर्न कृत्रिम घरधुरी देखिनु, संकलित तथ्यांकको नतिजासम्बन्धमा निकायगत जिम्मेवारी र जवाफदेहिता नदेखिनुले पनि पुनर्निर्माणलाई अलमल्यायो । स्थानीय तहमा घरका डिजाइनको बुझाइमा कमी हुनु, पुनर्निर्माणले अभियानको स्वरूप नलिनुलगायत कारणले गर्दा पनि पुनर्निर्माण अपेक्षित रूपमा समयमै हुन सकेन ।

गोरखा भूकम्पको अनुभवपछि सिकेका, अनुसन्धानबाट पत्ता लागेका कुरालाई प्रयोग गर्न नसकेको, त्यसअनुसार संरचना बनाउन नसकेको र जनतालाई सुसूचित गर्न नसकेको अवस्था पनि छ । भूकम्पबाट बच्नका लागि गर्नुपर्ने पूर्वतयारी एवं जोखिम न्यूनीकरणका लागि चाल्नुपर्ने कदम अपेक्षित छैनन् । भूकम्पबाट कम क्षति गराउन संरचनाहरू कसरी सुरक्षित गर्ने भन्नेबारे सरकार र व्यक्ति गम्भीर बन्नुपर्छ । भूकम्प जानेबित्तिकै सम्झने तर गइसकेपछि बिर्सने बानी सबैको भएकाले त्यसलाई सुधार गर्न आवश्यक छ । गोरखा भूकम्पपछि धनजनको क्षति कम गर्न विपत् पूर्वतयारीसम्बन्धी आयोजनाको खाँचो महसुस भएको छ । विपत् जोखिमको सामना गर्न सरकारी तथा निजी दुवै क्षेत्रका विकास कार्यमा विपत् न्यूनीकरण तथा उत्थानशील रणनीति एवं कार्यनीति अवलम्बन गर्न आवश्यक छ । पूर्वतयारीका योजना र दिगो विकास लक्ष्यसाथ उत्थानशीलतालाई मूल आधार बनाउनुपर्ने देखिन्छ । भूकम्पको पूर्वानुमान गर्न सकिँदैन । तर, तथ्यांक हेर्दा नेपालमा हरेक १०० वर्षको अन्तरालमा ठुलो भूकम्प जान सक्ने देखिन्छ । भूकम्पविद्का अनुसार गोरखाभन्दा पश्चिमतर्फ भूकम्प जाने शक्ति सञ्चित भएको पाँच सय वर्षभन्दा बढी समय भएको र त्यो शक्ति महाभूकम्पका लागि पर्याप्त छ । नेपालको पूर्वदेखि पश्चिमसम्मै भूकम्पीय जोखिम रहेकाले भूकम्पबाट हुने भौतिक तथा मानवीय जोखिम कम गर्न निर्माण कार्य स्वीकृत भूकम्पप्रतिरोधी क्षमताको मापदण्डअनुरूप गर्नु आवश्यक छ । क्षति भूकम्पले होइन, हाम्रो संरचनाले गर्ने भएकाले भूकम्पीय जोखिम नक्सांकनअनुसार बलिया भौतिक संरचना निर्माण गर्नु अपरिहार्य छ । भूकम्पपछि अझ राम्रो र बलियो निर्माण अवधारणालाई साकार पार्न तीनै तहका सरकारले आ-आफ्नो क्षेत्राधिकारअनुसार भूकम्प पूर्वतयारीको सुदृढीकरण गर्न जरुरी छ ।

(केसी राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता हुन्)



---

३ प्रश्न

वरिष्ठ भूकम्पविद् **डा. लोकविजय अधिकारीलाई**



■ गोरखा भूकम्पपछिका १० वर्षमा हामीले कति सिक्यौँ ?

गोरखा भूकम्प वैज्ञानिक अध्ययन अनुसन्धानका लागि कोसेढुंगो साबित भयो । यस भूकम्पपछि हालसम्म उपलब्ध उपकरण र प्रविधि प्रयोग गरी सकभर वैज्ञानिक तथ्यांक निकाल्न सम्भव भयो । गोरखा भूकम्पले वैज्ञानिक अध्ययन, अनुसन्धानको बलियो आधार दियो । हिमालय क्षेत्रमा गएका भूकम्पमध्ये सबैभन्दा बढी वैज्ञानिक अध्ययन, अनुसन्धान गरिएको भूकम्प पनि यही हो । १९९० सालको भूकम्पको अनुभव सँगाल्ने मानिस अत्यन्त थोरै भएको समयमा गोरखा भूकम्पले हामी कति जोखिममा छौँ भन्ने देखाइदियो । यसले भूकम्पको जोखिम जहाँ पनि छ र यो जतिखेर पनि आउन सक्छ भन्ने सचेतना दियो । जोखिम पूर्व, पश्चिम, उत्तर, दक्षिण सबैतिर छ भन्ने पनि यो भूकम्पले हामीलाई सिकाएको छ ।

■ भूकम्पबाट सुरक्षित हुन पूर्वतयारीको अवस्था कस्तो छ ?

गोरखा भूकम्पपछि देशभर भवन निर्माण आचार संहिता लागू भएको छ । यस बीचमा पश्चिम नेपालमा गएका भूकम्पले हामीलाई आत्ममूल्यांकनका लागि घचघच्याएका छन् । यसले सहरी क्षेत्रतिर सचेतना पुगे पनि अत्यधिक जोखिममा रहेका गाउँघरतिर अझै सचेतना पुग्न नसकेको देखाएको छ ।

■ बितेको १० वर्षमा राज्य र जनता कहाँ कहाँ चुके ?

यस बीचमा सचेतना फैलाएर जनतालाई जति बुझाउनुपर्ने थियो, त्यति बुझाउन नसकेको देखियो । भवन निर्माण आचार संहिता देशभर लागू गरिए पनि त्यसको कार्यान्वयनमा स्थानीय सरकारहरूले प्रभावकारी नियमन गर्न नसकेको देखियो । पाठ्यपुस्तकहरूमा भूकम्पीय सुरक्षासम्बन्धी सामग्री राख्न सकिएको छैन । भूकम्प आएको अवस्थामा कसरी सुरक्षित हुने भन्नेबारे अभ्यासहरू खासै हुन सकेका छैनन् । भूकम्प आइहालेको अवस्थामा उद्धार र राहत वितरणको तयारीमा पनि हामीले पर्याप्त तयारी गरेका रहेनछौँ भन्ने पश्चिममा गएका भूकम्पले देखाइदिएका छन् ।

प्रेरक प्रसंग

राजा र वृद्धको संवाद

उहिल्यै एक राजा थिए । उनी जनताका दुःखपीडामा साथ दिने न्यायप्रेमी राजाका रूपमा परिचित थिए । उनी आफ्ना जनताका सुखदुःखमा जहिल्यै साथ दिन्थे । जनता पनि उनलाई आफ्ना अभिभावकसरह मान्थे ।



एक दिन राजा भेष बदलेर सहरमा घुम्दै थिए । उनले एक वृद्धले खाली जमिनमा बिरुवा रोप्दै गरेको देखे । जिज्ञासावश राजा वृद्धको नजिकै गए र सोधे- बाबा, तपाईं यो केको बिरुवा रोप्दै हुनुहुन्छ ? वृद्धले सानो स्वरमा जवाफ दिए- आँपको । राजाले यसो विचार गरे र हिसाब लगाए । बिरुवा ठुलो भएर फल लाग्न कति वर्ष लाग्छ भन्ने उनले अनुमान लगाए । केहीबेरको मौन हिसाब-किताबपछि राजाले भने- बाबा, यो बिरुवा ठुलो भएर फल दिने समय हुन्जेल के तपाईं रहनुहोला र यसको फल सेवन गर्न पाउनुहोला त ? सायद राजा यी वृद्धले बेकारमा श्रम गरिरहेका छन्, यिनले यी बिरुवा ठुला भएर दिने फल सेवन गर्ने मौका पक्कै पाउनेछैनन् भन्ने सोचिरहेका थिए । भेष बदलेका राजाको प्रश्न सुनेपछि वृद्धले उनलाई पुलुक्क हेरे र जवाफ दिए- सायद तपाईंलाई लागिरहेको होला, म पागलपन देखाइरहेको छु । जुन कामबाट कसैलाई फल प्राप्त हुँदैन, त्यो काममा मिहिनेत गर्नु बेकार हो भन्ने तपाईंलाई लागेको हुन सक्छ । तर, अरूहरूले यसैगरी लगाएर छाडेका बिरुवाको फल मैले अहिलेसम्म कति खाएँ होला ? जब अरूले लगाएका बिरुवा बढेपछि तिनको फल मैले सेवन गर्न पाएँ भने मैले अहिले लगाएका बिरुवा बढेर दिने फल अरूहरूले पनि त सेवन गर्लान् नि, होइन ? के हामीले केवल आफ्ना लागि मात्र सोच्नुपर्ने हो र ? के स्वार्थ छाडेर अरूका लागि पनि काम गर्नु मनुष्यको जिम्मेवारी होइन र ?

वृद्धको यस्तो जवाफ सुनेपछि राजा प्रसन्न भए । उनले आज निकै ठुलो र गहन शिक्षा प्राप्त गरे ।

टिप्पणी

f nayapatrikaofficial
@naya_patrika

युवा पलायन नरोक्ने सरकार ?

नेपालका युवाशक्ति स्वदेशमा काम नपाएर विदेश गएकागयै छन् । पछिल्ला तीन महिनायता मात्र दुई लाखभन्दा बढी होनहार युवाशक्ति विदेश पलायन भएका छन् । तैपनि, सरकारले स्वदेशमै उत्पादन बढाउन र युवालाई यतै रोजगारी सिर्जना गर्न कुनै काम गरेको देखिन्न, आखिर किन ? कमसे कम कृषि, पर्यटन, जलस्रोत तथा अन्य उत्पादनमूलक उद्योगमा लगाएर परिणाम आउने गरी व्यवस्था पनि राज्य र पार्टी सत्तामा रहेका नेतृत्वको ध्यान किन जान नसकेको होला ? सायद त्यसैले गर्दा यतिखेर आमनेपाली युवामा राज्य सत्ताविरुद्ध आक्रोश उब्जिरहेको छ । राजनीतिक दलले बेलैमा ध्यान पुऱ्याउन सकेनन् भने त्यसको परिणाम उनीहरूलाई नै भारी पर्ने निश्चित छ ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं

तामाङलाई किन हटाइयो ?

सरकारमा प्रधानमन्त्री र केही मन्त्रीको कार्यशैलीको विरोध गर्दै आएका ऊर्जाराज्यमन्त्री पूर्णबहादुर तामाङले विरोध गरे । कुलमानले राम्रो काम गरिरहेका छन्, तिनलाई हटाउनु हुँदैन भनेर सार्वजनिक मञ्चबाटै बोले पनि । यसरी, प्रधानमन्त्री केपी ओलीको कदमविरुद्ध मुख खोल्ने राज्यमन्त्री तामाङलाई प्रधानमन्त्रीले देखिनसहनु सामान्य हो । प्रधानमन्त्रीले जानेकै पनि त्यत्ति नै हो । उनले शिक्षामन्त्री विद्या भट्टराई, ऊर्जाराज्यमन्त्री तामाङ, कुलमानलगायतलाई पदमा राख्न नचाहनु अनौठो होइन । तैपनि, यहाँनेर प्रधामन्त्रीलाई प्रश्न छ- तामाङलाई किन हटाइयो ?

● **सरोज प्रधानांग**
ताहाचल, काठमाडौं

बक्यौता माफ हो सरकार ?

कुलमान घिसिङ विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक छँदा उनले डेडिकेटेड ट्रंकलाइनमार्फत लोडसेडिङको समयमा निर्बाध उपयोग गरेको बिजुलीको बक्यौता नतिर्ने उद्योगी, व्यवसायीबाट अर्बौंको बक्यौता उठाउने पहल गरेका थिए । तर, प्रधानमन्त्री केपी ओली र ऊर्जामन्त्री दीपक खड्काले कुलमानलाई देखिसहेनन् र उनलाई बक्यौता उठाउनबाट रोकिरहे । अब त प्रधानमन्त्रीले आफूले नरुचाएकाजति सबैलाई पदबाट निकालिसके । अनि, आफ्ना मान्छेलाई रिक्त स्थानमा भर्ती पनि गरसके । सरकार, अब पनि नउठाएर उद्योगीलाई माफ दिने हो ?

● **अनुष्का सेन्चुरी**
गोकर्ण, काठमाडौं

लोकतन्त्रको अनुभूतिचाहिँ कहिले गर्ने ?

देशमा दोस्रो जनआन्दोलनको सफलतापछि लोकतन्त्र आएको पनि दुई दशक पूरा भएको छ । यस अवधिमा जनताले के पाए, त्यो बहसको विषय बन्न सक्छ । हिजो पञ्चायतकालमा राजामहाराजले राजसी ठाट देखाउँथे । अहिले लोकतान्त्रिक गणतन्त्रका नेताहरूले त्योभन्दा बढी ठाँटबाँट देखाउन थालेका छन् । अनि हिजो र आजमा फरकचाहिँ के भयो त ? नेता नेताजस्तो हुनुपर्थ्यो । नेता राजाजस्तै देखिन थालेपछि जनताले विश्वास कसरी गर्ने ? ११ वैशाखमा देशले लोकतन्त्र दिवस मनायो । यो दिवस नेताका लागि मनाइयो कि गरिब जनताका लागि ? नेताहरूले आफ्नो दायित्व बुझेको भए समस्या आउने थिएन । नेताहरू सबै राजा-महाराजा बन्न थालेपछि देशमा परिवर्तन आएको कसरी मान्ने ? वर्षदिनमा एकपटक लोकतन्त्र दिवस मनाउँदैमा लोकतन्त्र आयो भन्न सकिँदैन । त्यसका लागि नेताहरू पनि लोकतान्त्रिक बन्नुपर्‍यो ।


लोकतन्त्रमा एउटै व्यक्ति पटक-पटक पार्टी सभापति बन्ने, एउटै व्यक्ति पटक-पटक प्रधानमन्त्री बन्ने कसरी हुन्छ ? लौरो टेकेर अरूको सहारामा हिँड्ने अवस्था आउँदा पनि प्रधानमन्त्री बन्नैपर्ने, ७० नाघेको व्यक्ति जहिल्यै प्रधानमन्त्री बन्ने अनि युवाले अवसर कहिले पाउने ? प्रम केपी शर्मा ओलीले आफ्नो विपक्षमा बोल्ने मन्त्रीलाई बर्खास्त गर्न या राजीनामा दिन बाध्य पार्न थालेका छन् । तैपनि, यो देशमा लोकतन्त्र छ भनेर हामी सबैले मानिदिनुपर्ने हो ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

किन विश्वविद्यालयलाई निसाना बनाउँदै छन् ट्रम्प ?

ट्रम्पको रणनीतिक र भ्रामक आक्रोश विश्वविद्यालयमा प्राज्ञिक स्वतन्त्रता कमजोर पार्ने प्रयास हो



देश/विदेश

● थोमस गिफ्ट

केही दिनअघि ह्वाइट हाउसले हार्वर्ड विश्वविद्यालयलाई दुई अर्ब डलरबराबरको संघीय अनुदान खोस्ने, कर छुटको हैसियत रद्द गर्ने र अन्तर्राष्ट्रिय विद्यार्थी भर्ना रोक्ने चेतावनीसहित पाँच पृष्ठ लामो पत्र पठायो । यसमा प्रशासन सुधार, वैचारिक विविधता लागू गर्न, विविधता, समानता र समावेशीकरण (डिइआई) कार्यक्रम हटाउने र विदेशी विद्यार्थीको विचारधारामाथि निगरानी राख्नेजस्ता माग गरिएका थिए । पछि ह्वाइट हाउसले सो पत्र 'अनधिकृत' भएको भन्दै विश्वविद्यालयले गलत बुझेको भनी हार्वर्डमाथि उल्टै आरोप लगाएको छ । तर, हार्वर्डले पत्र तीन संघीय अधिकारीको हस्ताक्षरसहित आएको बताएको छ । यो विवाद अझ टुंगिएको छैन र ट्रम्प प्रशासन दीर्घकालीन रणनीतिमा अघि बढ्ने संकेत देखिन्छ ।

यस क्रममा सोमबार हार्वर्डले आफ्नो अनुदान कटौती गर्ने धम्कीप्रति ट्रम्प प्रशासनविरुद्ध मुद्दा हालेको घोषणा गरेको छ, जहाँ हार्वर्डले 'गम्भीर र दीर्घकालीन प्रभाव पार्ने' बताएको छ । हार्वर्डको विशाल ५० अर्ब डलरको कोषले उसलाई संघीय खर्च कटौती सहन सक्ने बनाउँछ, जुन अन्य धनी विश्वविद्यालयले पनि गर्न सक्दैनन् । तर, विश्वविद्यालय नेतृत्वले भने यस्तो खर्च कटौती भएमा अनुसन्धान र विद्यार्थी कार्यक्रममा कठोर कटौती गर्नुपर्ने बताएको छ । ट्रम्पले यसअघि 'हामी यस्तो विद्यालयमा अनुदान रोक्छौँ, जसले हाम्रो अमेरिकी सम्पदा र पश्चिमी सभ्यतामाथि भएको मार्क्सवादी आक्रमणलाई साथ दिन्छन्' भनेका थिए । यसले उनले विश्वविद्यालयमा प्रभाव विस्तार गर्ने दीर्घकालीन योजना बनाएका छन् भन्ने देखाउँछ । हार्वर्ड मात्र नभई अन्य थुप्रै विश्वविद्यालय पनि अहिले दबाबमा छन् । हार्वर्ड अमेरिकाकै सबैभन्दा प्रतिष्ठित र चर्चित विश्वविद्यालय भएकाले यसको निर्णयले सम्पूर्ण उच्च शिक्षा क्षेत्रलाई असर पार्ने सम्भावना हुन्छ । ट्रम्प प्रशासनले अहिले अमेरिकाका ४० भन्दा बढी विश्वविद्यालयमाथि छानबिन गरिरहेको छ, जसमा डिइआई कार्यालयद्वारा गरिएका कथित गैरकानुनी गतिविधि र यहुदीद्वेषी सोच सहन गरेको आरोप पनि समावेश छन् ।

न्युयोर्कस्थित अर्को आइभी लिग विश्वविद्यालय कोलम्बियाले संघीय अनुदानमा आउने ४० करोड डलर गुम्न नदिन ट्रम्पका माग स्वीकार गरिसकेको छ । एउटा समूहले यी कटौतीलाई अस्तित्वमै संकट ल्याउने 'कन्चटमा राखिएको बन्दुक'को संज्ञा दिएको छ । मेरिल्यान्डस्थित जोन्स हप्किन्स विश्वविद्यालयले कम्तीमा ८० करोड डलरबराबरको संघीय अनुदान गुमाएको छ । नतिजा हप्किन्सले दुई हजारभन्दा बढी रोजगारी कटौती गर्नुपरेको छ ।

ट्रम्प प्रशासनको हस्तक्षेपप्रतिको प्रतिकारलाई भने कम आँक्न सकिन्न । प्रिन्स्टन विश्वविद्यालयका अध्यक्ष क्रिस्टोफर आइजग्रुबरले ट्रम्पका पछिल्ला कदमलाई 'सन् १९५० को 'रेड स्केयर'यताकै सबैभन्दा ठुलो खतरा'को संज्ञा दिएका छन् । राजनीतिक विश्लेषक फरिद जकारियाले ट्रम्प प्रशासनले चिनियाँ नेता माओ जेदोङले चीनमा चलाएको सांस्कृतिक क्रान्तिको पुनरावृत्ति गरिरहेको टिप्पणी गरेका छन् । 'जुनसुकै पार्टीको सरकार होस्, तिनले निजी विश्वविद्यालयले के पढाउने, कसलाई भर्ना वा नियुक्ति दिने र कुन क्षेत्रको अध्ययन र अनुसन्धान गर्ने भन्ने निर्धारण गर्नुहुँदैन,' हार्वर्डका अध्यक्ष एलन गार्बरले भनेका छन् । ट्रम्पको विश्वविद्यालयमाथिको हमला योजनाबद्ध देखिन्छ, अर्थात् सम्भ्रान्त भनिएका, उदारवादी र सर्वसाधारणको पहुँच न्यून हुने विश्वविद्यालयलाई कमजोर बनाउन रहेको छ । यसबिच विदेशी सहायता अनावश्यक ठान्ने धारणासँग मेल खाने गरी अमेरिकी अन्तर्राष्ट्रिय विकास एजेन्सी (युएसएड) को विघटन भएको छ साथै 'अनियन्त्रित' र 'धोकाधडीयुक्त' कानुनी प्रणालीका हिस्सा भएको भन्दै आक्रमण गरिएको छ । हालको विश्वविद्यालयमाथिको दमन उल्लिखित घटनाक्रमको एक पछिल्लो कडी हो । बरु 'ट्रम्प प्रशासनले विश्वविद्यालयलाई पहिले नै किन तारो बनाएन ?' भन्ने प्रश्न उठ्छ । सिएनएनका स्टिफन कोलिन्सनका अनुसार हार्वर्ड विश्वविद्यालय ट्रम्पवादका लागि निकै महत्वपूर्ण तारो भएको अवस्थामा यसले लामो समयसम्म अमेरिकालाई पुनः महान् बनाऔँ (मागा) अभियानको प्रहारबाट उम्किनु चकित पार्ने विषय हो ।



तस्बिर : सेली रिभोली/अलामी

ग्यालपको हालको सर्वेक्षणअनुसार ट्रम्पको पहिलो राष्ट्रपतिको उम्मेदवारीदेखि नै उच्च शिक्षाप्रति अमेरिकीको विश्वास निरन्तर घट्दै गएको छ । सन् २०१५ मा ५७ प्रतिशत अमेरिकीले उच्च शिक्षाप्रति 'धेरै' वा 'धेरै ठुलो' विश्वास व्यक्त गरेका थिए । आज त्यो संख्या ३६ प्रतिशतमा झरेको छ । रिपब्लिकनका हकमा त्यो झनै तीव्र रूपमा घटेको छ, अर्थात् ५६ प्रतिशतबाट २० प्रतिशतमा झरेको छ ।

हार्वर्ड कानुन विद्यालयका प्राध्यापक ज्याक गोल्डस्मिथ र एड्रियन भर्म्युलले सम्भ्रान्त विश्वविद्यालयले पुरातनपन्थीलाई आफूविरुद्ध खडा हुन सजिलो बनाएको भन्दै आत्ममूल्यांकन आवश्यक बताएका छन् । प्राज्ञिक क्षेत्रमाथि वामपन्थी झुकाव, विचारको असहिष्णुता र अभिव्यक्ति स्वतन्त्रतामा कमजोरी रहेको आरोप लाग्दै आएको छ । फाउन्डेसन फर इन्डिभिजुअल राइट्स एन्ड एक्सप्रेसनले हार्वर्डलाई अभिव्यक्ति स्वतन्त्रता सूचकांकमा सबैभन्दा तल्लो स्थानमा राखेको छ । डिइआई कार्यालयलाई 'उत्पीडक-पीडित' मानसिकता फैलाएको आरोप लागेको छ, जुन ट्रम्प प्रशासनले बाइडेनकालमा फस्टाएको प्रवृत्ति मानेको छ । मागा अभियानका नेता विश्वविद्यालयलाई वामपन्थी प्रशिक्षणस्थलका रूपमा चित्रण गर्छन् । हार्वर्डको ५९ अर्ब डलरको कोषले गैरनाफामूलक भई कर छुट पाउनु ट्रम्प समर्थकलाई अन्यायपूर्ण लाग्छ । हार्वर्ड र ह्वाइट हाउसबिचको संघर्षले उच्च शिक्षा र मागा आन्दोलनबिचको टकरावलाई उजागर गरेको छ । मागा पक्षका केही आरोपमा सत्यता हुन सक्छ, तर ट्रम्पको आक्रोश रणनीतिक रूपमा भ्रामक, राजनीतिक रूपले प्रेरित र प्राज्ञिक स्वतन्त्रता कमजोर पार्ने प्रयास हो ।

(गिफ्ट युनिभर्सिटी कलेज अफ लन्डनका सह-प्राध्यापक र त्यहाँस्थित सेन्टर अन युएस पोलिटिक्सका निर्देशक हुन्)
द कन्भर्सेसनबाट

आक्रमणकारीलाई नछाड्ने मोदीको चेतावनी, उपयुक्त प्रतिक्रिया दिइने पाकिस्तानको घोषणा

नयाँदिल्ली/ भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले बिहीबार कस्मिरको पहलगाममा २६ जनाको ज्यान जाने गरी भएको आक्रमणका जिम्मेवारलाई कठोर सजाय दिइछाड्ने प्रतिज्ञा गरेका छन्। कस्मिरमा मंगलबार भएको आक्रमणपछि पहिलोपटक सम्बोधन गर्दै मोदीले भने, 'म सारा विश्वलाई भन्छु- भारतले हरेक आतंकवादी र तिनका समर्थकलाई पहिचान गर्नेछ, पछ्याउनेछ र दण्डित गर्नेछ। हामी तिनीहरूलाई पृथ्वीको जुनसुकै कुनामा भए पनि खोज्नेछौं।'

भारतले बुधबार इस्लामाबादलाई 'सीमापार आतंकवाद'लाई समर्थन गरेको आरोप लगाउँदै कूटनीतिक उपायहरूको शृंखलासहित आफ्नो छिमेकीसँगको सम्बन्ध घटाएको थियो। पाकिस्तानले भने पहलगाम आक्रमणमा आफ्नो कुनै पनि भूमिकालाई अस्वीकार गरेको छ। बिहार राज्यमा विकास परियोजनाको उद्घाटन कार्यक्रममा बोल्दै मोदीले मारिएकाहरूको सम्झनामा पहिले दुई मिनेट मौन धारण गरेका थिए।

सन् १९४७ मा बेलायतले भारतीय उपमाद्विप छाडेदेखि कस्मिर भारत र पाकिस्तानबिच विभाजित छ। तथापि, दुवै देशले यसको सबै भेगमाथि पूर्ण रूपमा दाबी गर्न छाडेका छैनन्। विद्रोही समूहले स्वतन्त्रता वा पाकिस्तानसँगको बिलयको माग गर्दै सन् १९८९ देखि भारत नियन्त्रित कस्मिरमा विद्रोह आएका छन्।

भारत-पाक तनाव

भारतले पाकिस्तानमाथि सीमापार आतंकवादलाई समर्थन गरेको आरोप लगाएको एक दिनपछि पाकिस्तान सरकारले बिहीबार भारतको कदमको कडा प्रतिवाद गरेको छ। नयाँ उत्पन्न परिस्थितिबारे छलफल गर्न प्रधानमन्त्री सहबाज सरिफले राष्ट्रिय सुरक्षा समितिको विशेष बैठक बोलाएका थिए। सेना प्रमुख जनरल आसिम मुनिरसहित सुरक्षा निकायका उच्च अधिकारी सहभागी थिए।

बैठकपछि एक वक्तव्य जारी गर्दै भनिएको छ, 'पाकिस्तानको सार्वभौमिकता र जनताको सुरक्षालाई असर पुग्ने कुनै पनि कदमको जवाफ दृढ र समुचित ढंगले दिइनेछ।' भारतले कस्मिरमा भएको एक आक्रमणपछि पाकिस्तानसँगको पानी बाँडफाँट सन्धि निलम्बन गर्ने, प्रमुख सीमा नाका बन्द गर्ने, कूटनीतिक सम्बन्ध घटाउने र पाकिस्तानी नागरिकको भिसा खारेज गर्ने निर्णय लिएको छ। त्यस्तै पाकिस्तानले आफ्ना आकाशमार्ग भारतीय विमान कम्पनीका लागि तत्काल प्रभावबाट बन्द गरेको छ।

त्यस्तै पाकिस्तानमा बसिरहेका भारतीय नागरिकको भिसा रद्द गरिएको छ। तथापि, सिख तीर्थयात्रीलाई यसमा छुट दिइएको छ। इस्लामाबादले सिन्धु नदीको पानी रोक्ने प्रयासलाई 'एक्ट अफ वार(युद्ध कदम)' भन्दै आवश्यक परे सम्पूर्ण राष्ट्रिय क्षमता प्रयोग गरेर प्रतिक्रिया दिने चेतावनी दिएको छ।

इतिहासमा आज

अप्रिल २५



सन् १९४५ : ५० देशका प्रतिनिधि सहभागी रहेको संयुक्त राष्ट्रसंघीय सम्मेलन सान् फ्रान्सिस्कोमा सुरु। दुई महिना चलेको सम्मेलनले संयुक्त राष्ट्र संघको बडापत्र तयार पारेको थियो।

सन् १८४६ : टेक्सासको सिमानामा अमेरिकी र मेक्सिन फौजबिच भएको झडपपछि मेक्सिकन-अमेरिकन युद्ध सुरु भयो।

सन् १८८६ : सिग्मन्ड फ्रायडले भियनामा पहिलो न्युरोलोजिकल क्लिनिक खोले।

सन् १९२० : 'लिग अफ नेसन'ले इराक र प्यालेस्टाइनमा बेलायती म्यान्डेट र सिरियामा फ्रान्सेली म्यान्डेट कायम गर्‍यो।

सन् १९५३ : फ्रान्सिस क्रिक र जेम्स वाट्सनले डिएनएको संरचना पत्ता लगाए।

सन् २०१५ : नेपालमा आएको ७.६ रेक्टरको भूकम्पमा आठ हजारको ज्यान गयो।

नेपाल सरकार
नेपाल कृषि अनुसन्धान परिषद्
राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र (जीन बैंक)
खुमलटार, ललितपुरको

प्रयोगमा ल्याउन योग्य नभएका पुराना सम्पति सामानहरू लिलाम विक्री गर्ने सम्बन्धि सिलबन्दी वोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०८२/०१/१२

यस राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र (जीन बैंक) खुमलटारमा रहेका भौतिक परिक्षण प्रतिवेदन एवं लिलाम सिफारिस तथा मूल्यांकन समिति र मूल्याकंन पुनरावलोकन समितिबाट प्रयोगमा ल्याउन योग्य नभएका पुराना जिन्सी सम्पति सामानहरु हाल जे जस्तो अवस्थामा छन ती सम्पतिहरुलाई सोही अवस्थामा समितिले तोकेको न्यूनतम मूल्यांकन रुकम रु. २,८१,०४२/५१ (नेपाल सरकारको नियम अनुसार भ्याट र कर बाहेक) अक्षरेपी दुई लाख एकासि हजार बयालीस र एकाउन्न पैसा मात्रमा नघट्ने गरि सिलवन्दी बोलपत्र माध्यमद्वारा लिलाम विक्री गर्नुपर्ने भएको हुँदा इच्छुक फर्म कम्पनी एवं नेपाली नागरिकहरुबाट सिलबन्दी बोलपत्र आव्हान गरिएको छ। बोलपत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एकाइसौं) दिन भित्र कार्यालय समयमा यस केन्द्रबाट रु. १,०००/- (एक हंजार मात्र) नगदै भुक्तानी (पछि फिर्ता नहुने) गरि खरिद गर्न सकिने छ। खरिद भएका बोलपत्रहरु सूचना प्रकाशित भएको मितिबाट २२ (बाइसौ) दिनको १२:०० बजे भित्र कवोल अंकको १० प्रतिशत बराबरको रकम सिलबन्दी-बोलपत्र साथ संलग्न गरि पेश भएको हुनुपर्ने छ। रितपूर्वक दर्ता हुन आएका सिलवन्दी वोलपत्रहरु यो सूचना प्रकाशित भएको २२ (बाइसौं) दिन दिनको १:०० बजे नियमानुसार यस केन्द्रमा खोलिने छ। लिलाम सकार्ने फर्म, कम्पनी एवं नेपाली नागरिकले सकारेको मितिले ७ दिन भित्र आफुले कवोल गरेको रकम चुक्ता गरी कार्यालयबाट सामान उठाउनु पर्नेछ। सो समय भित्र उठाई नलगेमा धरौटी रकम जफत हुने छ। यस सम्वन्धि थप बुझ्नु परेमा यस केन्द्रमा सम्पर्क गर्नुहुन सवैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना (प्रकाशित मिति : २०८२/०१/१२)

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग काठमाण्डौं नेपाल पोष्ट वक्स नं ३४१२
फोन नं: ५३२८२२९, ५३४२५३०
इमेल: info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

यस बैंक(साविक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)को तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण बेवास्ता गरि कर्जा चुत्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। **अत : यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०१/२६

बोलपत्र खोलिने मिति २०८२/०१/२८ दिउँसो ३ बजे

तपसिल

क्र.सं.	ऋणी/प्रोपाइटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण	धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण
१.	**ऋणी : चालिसे स्टोर्स (डिमाण्ड कर्जा) -शाखा कार्यालय सुनवल** प्रा.फ.द.न.: १४२/२१७२/०६७/०६८, ठेगाना : बर्दघाट न.पा. १०, नवलपरासी **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. केशव राज उपाध्याय (चालिसे) -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ४९८७३, मिति २०५६/०१/०६ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको), बाबु : गौरीश्वर पाध्याय (चालिसे), बाजे : टिकाराम चालिसे **२. लाल कुमारी शर्मा (पाध्या) -जमानीकर्ता** (ना.प्र.नं. ३६५२१, मिति २०५३/०१/३० मा जि.प्र.का. नवलपरासीबाट जारी भएको) पति : गौरीश्वर पाध्याय (चालिसे), ससुरा : टिकाराम चालिसे **३. तुलसी उपाध्या (चालिसे) -जमानीकर्ता** (ना.प्र.नं. ४९८८७, मिति २०५६/०१/०७ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको) पति : केशव राज उपाध्याय (चालिसे), ससुरा : गौरीश्वर पाध्याय (चालिसे)	लाल कुमारी शर्मा (पाध्या)को नाममा नवलपरासी जिल्ला मालपोत कार्यालय परासी, नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, तिलकपुर गा.वि.स./न.पा. वडा न. ३(ङ) स्थित कि.न. ६३ (०-२-१०-० विगाहा) र कि.न. ६७ (०-२-१०-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय सुनवल, नवलपरासी
२.	**ऋणी: मिरा खुशी ट्रेडर्स (डिमाण्ड कर्जा) -शाखा कार्यालय सुनवल,** प्रा.फ.दर्ता न. : ११/०७७/०७८, ठेगाना : प्रतापपुर गा.पा. ०४, नवलपरासी **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ता :** **मिरा कुमारी पासी -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.न.५८२८९, मिति २०५८/०१/०९ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको) बाबु : राम नरेश पासी, बाजे : अयोध्या पासी	मिरा कुमारी पासीको नाममा नाममा नवलपरासी जिल्ला मालपोत कार्यालय परासी, नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, ठूलोखैरहवा गा.वि.स./न.पा. वडा नं. ५ स्थित कि.न. ७२२ (०-२-१२-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय सुनवल, नवलपरासी
३.	**ऋणी : मिरा कुमारी भुसाल (धितो कर्जा) -शाखा कार्यालय सुनवल** ना.प्र.नं. ५१३०१२/३००, मिति २०६३/११/१७ मा जि.प्र.का. पर्वतबाट जारी भएको, ठेगाना: देवदह ०७, रुपन्देही, पति: राज कुमार न्यौपाने, ससुरा: हुमलाल न्यौपाने **व्यक्तिगत जमानीकर्ताहरु :** **१. राज कुमार न्यौपाने** (ना.प्र.नं. ५१५५६०११, मिति २०६३/०६/२७ मा जि.प्र.का. पर्वतबाट जारी भएको), बाबु : हुमलाल न्यौपाने, बाजे : खडानन्द न्यौपाने **२. खुमा देवी शर्मा** (ना.प्र.नं. ९-१४६२, मिति २०४६/०२/२१ मा जि.प्र.का. पर्वतबाट जारी भएको), पति : हुमलाल न्यौपाने, ससुरा : खडानन्द न्यौपाने **३. हुमलाल न्यौपाने** (ना.प्र.नं. १०३६, मिति २०४६/०२/०५ मा जि.प्र.का. पर्वतबाट जारी भएको), बाबु : खडानन्द न्यौपाने, बाजे : अनिरुद्र न्यौपाने	मिरा कुमारी भुसालको नाममा नवलपरासी जिल्ला मालपोत कार्यालय परासी, नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, माकर गा.वि.स./न.पा. वडा नं. ६(क) स्थित कि.नं. ६६६ (०-१-१०-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय सुनवल, नवलपरासी
४.	**ऋणी : सिंह फेन्सी स्टोर (आवधिक कर्जा) -शाखा कार्यालय साँफेबगर,** दर्ता नं.: २५७५/०७५/०७६, ठेगाना : साँफेबगर न.पा. ०३, अछाम **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. मंगला शाह -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ६९३००६/१९८, मिति २०६३/१०/२२ मा जि.प्र.का.अछामबाट जारी भएको) पति : कलक बहादुर सिंह, ससुरा : गोकुल बहादुर सिंह **२. कलक बहादुर सिंह -जमानीकर्ता** (ना.प्र.न.२२४, मिति २०५४/०३/२९ मा जि.प्र.का.बझाङ्गबाट जारी भएको) बाबु: गोकुल बहादुर सिंह, बाजे: गजेन्द्र बहादुर सिंह	मंगला शाहको नाममा नाममा कैलाली जिल्ला मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, धनगढी न.पा./उ.म.न.पा. वडा नं. ०३ स्थित कि.नं. ३६५ (८५ व.मि.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय धनगढी, कैलाली
५.	**ऋणी : माँ पाथिभरा टाइ बेल्ड उद्योग (विविध कर्जा) -शाखा कार्यालय उर्लाबारी,** प्रा.फ.नं.घ.उ.मो. : १७४३७/०७७/०७८, ठेगाना : उर्लाबारी ०४, मोरङ्ग **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१.मनरुपा बोहोरा -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं.९९/९०, मिति २०४६/०१/१३ मा जि.प्र.का. पाँचथरबाट जारी भएको) बाबु: नैनर्सि बोहोरा, पति: देवीलाल कुंवर, ससुरा : रविलाल कुंवर **२. साजन कुंवर -जमानीकर्ता** (ना.प्र.नं. ०५२००६/२८०८३, मिति २०७०/०३/१९ मा जि.प्र.का. मोरङबाट जारी भएको), बाबु: देवीलाल कुंवर, बाजे: रविलाल कुंवर	मनरुपा बोहोराको नाममा नाममा मोरङ जिल्ला मालपोत कार्यालय बेलबारी, मोरङमा दर्ता कायम रहेको मोरङ जिल्ला, मधुमल्ला गा.वि.स./न.पा. वडा नं. ०९(घ) स्थित कि.नं. २३२९ (०-०-१४-० विगाहा) र कि.नं. २८१९ (०-०-१७-१ विगाहा) क्षेत्रफल भएको जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय उर्लाबारी, मोरङ
६.	**ऋणी : मुकेश व्याग उधोग (लघु आवधिक कर्जा) -शाखा कार्यालय विरगंज,** लघु उद्यम दर्ता न. : ६२/०७३/०७४, ठेगाना : विरगंज उ.म.न.पा.१३, पर्सा **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ता :** **१. नन्द किशोर प्रसाद यादव -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ७०१२१९८५, मिति २०६१/०७/१६ मा जि.प्र.का. पर्साबाट जारी भएको) बाबु : राम अधार प्रसाद यादव, बाजे : राधा कृष्ण प्रसाद यादव **२. किरण देवी यादव -जमानीकर्ता** (ना.प्र.नं. ३४३०६४/७, मिति २०७०/०२/२२ मा जि.प्र.का.पर्साबाट जारी भएको) पति : नन्द किशोर प्रसाद यादव, ससुरा : राम अधार प्रसाद यादव	नन्द किशोर प्रसाद यादवको नाममा नाममा पर्सा जिल्ला मालपोत कार्यालय पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, प्रसौनी विर्ता गा.वि.स./न.पा. वडा नं. ०१ स्थित कि.नं. ४४ (३००१.६६ व.मि.) क्षेत्रफल भएका जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। **नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय विरगंज, पर्सा

धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्वन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति: २०८२/०१/१२ को नयाँ पत्रिका राष्ट्रिय दैनिक)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरुलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्रीको लागि बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरु लिलाम बिक्री हुन नसकेकोले पुनः धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिकि गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनका दिन अर्थात मिति २०८२/०१/१९ मा (उक्त दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारीक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ। साथै धितो लेखिदिनु हुने तथा व्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ। तपसिलमा उल्लेखित धितोको लागि बोलपत्र पेश गर्न चाहने बोलपत्रकर्ताले ऋणी बमोजिम छुट्टा-छुट्टै कित्ताको लागि छुट्टा-छुट्टै रकम कबोल गरी बोलपत्र पेश गर्नु हुन अनुरोध गर्दछौं। प्रचलित कानूनको अधिनमा रही बैंकले तोकेको शर्त लागु हुने गरी बोलपत्र मार्फत खरिद गर्ने सम्पत्तिमा बैंकले कर्जा सुविधा उपलब्ध गराउन सक्नेछ। गोप्य शिलवन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ। बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा रु. १००।- तिरी खरिद गर्न सकिनेछ।

तपसिल

ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र लिलाम हुने धितोको विवरण

१. ऋणीको नामः गौतम बुद्ध मावली आयल सप्लायर्स **कर्जा शिर्षकः** ओभरड्राफ्ट सुविधा र आवधिक कर्जा
(नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय रुपन्देहीमा दर्ता रहेको) दर्ता नं.: ३८१७०/०७३, दर्ता मितिः २०७३/०७/०१, स्थायी लेखा नं.: ६०५२०३७८३, ठेगानाः रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३।
प्रोप्राईटरः
हयाराम थारुः ना.प्र.प.नं. (जारी मिति/स्थान): ९७३२ (२०५७/०९/१०/रुपन्देही), बाजेको नामः रुपन थारु, बाबुको नामः निराही थारु, ठेगानाः रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३।
व्यक्तिगत जमानतकर्ताहरूः
क. राज कुमारी थारूः ना.प्र.प.नं. (जारी मिति/स्थान): ६/२८९० (२०४६/०२/२८/रुपन्देही), बाबुको नामः ठाकुर प्रसाद थारु, ससुराको नामः रुपन थारु, पतिको नामः निराही थारु, ठेगानाः रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३।
ख. शारदा चौधरीः ना.प्र.प.नं. (जारी मिति/स्थान): ३७३०२८/१९७ (२०६३/१०/२५/रुपन्देही), बाबुको नामः शंकर प्रसाद चौधरी, ससुराको नामः निराही थारु, पतिको नामः हयाराम थारु, ठेगानाः रुपन्देही जिल्ला, ख बनगाई गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३।

२. ऋणीको नामः हयाराम थारु **कर्जा शिर्षकः** व्यक्तिगत ओभरड्राफ्ट
ना.प्र.प.नं. (जारी मिति/स्थान): ९७३२ (२०५७/०९/१०/रुपन्देही), बाजेको नामः रुपन थारु, बाबुको नामः निराही थारु, ठेगानाः रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३।
व्यक्तिगत जमानतकर्ताहरूः
क. राज कुमारी थारूः ना.प्र.प.नं. (जारी मिति/स्थान): ६/२८९० (२०४६/०२/२८/रुपन्देही), बाबुको नामः ठाकुर प्रसाद थारु, ससुराको नामः रुपन थारु, पतिको नामः निराही थारु, ठेगानाः रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३।
ख. शारदा चौधरीः ना.प्र.प.नं. (जारी मिति/स्थान): ३७३०२८/१९७ (२०६३/१०/२५/रुपन्देही), बाबुको नामः शंकर प्रसाद चौधरी, ससुराको नामः निराही थारु, पतिको नामः हयाराम थारु, ठेगानाः रुपन्देही जिल्ला, ख बनगाई गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३।

३. ऋणीको नामः शारदा चौधरी **कर्जा शिर्षकः** सम्पत्ति धितो कर्जा
ना.प्र.प.नं. (जारी मिति/स्थान): ३७३०२८/१९७ (२०६३/१०/२५/रुपन्देही), बाबुको नामः शंकर प्रसाद चौधरी, ससुराको नामः निराही थारु, पतिको नामः हयाराम थारु, ठेगानाः रुपन्देही जिल्ला, ख बनगाई गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३।
व्यक्तिगत जमानतकर्ताहरूः
क. राज कुमारी थारूः ना.प्र.प.नं. (जारी मिति/स्थान): ६/२८९० (२०४६/०२/२८/रुपन्देही), बाबुको नामः ठाकुर प्रसाद थारु, ससुराको नामः रुपन थारु, पतिको नामः निराही थारु, ठेगानाः रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३।
ख. हयाराम थारुः ना.प्र.प.नं. (जारी मिति/स्थान): ९७३२ (२०५७/०९/१०/रुपन्देही), बाजेको नामः रुपन थारु, बाबुको नामः निराही थारु, ठेगानाः रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३।
ग. भगौती थारुः ना.प्र.प.नं. (जारी मिति/स्थान): ११९८७ (२०६०/०४/०७/रुपन्देही), बाजेको नामः रुपन थारु, बाबुको नामः निराही थारु, ठेगानाः रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३।
घ. सुन केशरी चौधरीः ना.प्र.प.नं. (जारी मिति/स्थान): ३७१००२/३३३३५ (२०६९/०४/२९/रुपन्देही), बाजेको नामः रुपन थारु, बाबुको नामः निराही चौधरी, ठेगानाः रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३।

माथि उल्लेखित तिननै ऋणीहरुको लिलाम हुने धितोको विवरणः
रुपन थारुको नाति, निराही थारुको छोरा, रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३ बस्ने **हयाराम थारु**को नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स./न.पा. वडा नं. ४/ग स्थित कि.नं. ७९० को क्षेत्रफल ०-१७-४.५-० विघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।

ऋणी गौतम बुद्ध मावली आयल सप्लायर्स र ऋणी शारदा चौधरीको लिलाम हुने धितोको विवरणः
ठाकुर प्रसाद थारुको छोरी, रुपन थारुको बुहारी, निराही थारुको पत्नी, रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३ बस्ने **राज कुमारी थारू**को नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स./न.पा. वडा नं. ४/ग स्थित कि.नं. १२ र २६२ को क्षेत्रफल क्रमशः ०-३-१० र ०-५-५ विघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।

४. ऋणीको नामः सिता आयल स्टोर्स **कर्जा शिर्षकः** ओभरड्राफ्ट कर्जा, सवारीसाधन कर्जा र डिमाण्ड कर्जा
(नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कायार्लय, मकवानपुर, हेटौडामा दर्ता रहेको), दर्ता नं.: १४७१/२०४६/२०४७, दर्ता मितिः २०४६/०४/१६, स्थायी लेखा नं.: ३००००७१८७, ठेगानाः मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ११।
प्रोप्राईटरः
वाशुदेव तिमिल्सिनाः ना.प्र.प.नं. (जारी मिति/स्थान): ४६१४ (२०४०/०४/०३/मकवानपुर), बाजेको नामः जगन्नाथ तिमिल्सिना, बाबुको नामः नरहरी तिमिल्सिना, ठेगानाः मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. १०।
व्यक्तिगत जमानतकर्ताहरुः
क. संजोग तिमिल्सिनाः ना.प्र.प.नं. (जारी मिति/स्थान): ३१/२१८२९ (२०६२/०१/१२/मकवानपुर), बाजेको नामः नरहरि तिमिल्सिना, बाबुको नामः बाशुदेव तिमिल्सिना, ठेगानाः मकवानपुर जिल्ला, हेटौडा न.पा., वडा नं. ११।
ख. सरोज तिमलसीनाः ना.प्र.प.नं. (जारी मिति/स्थान): ५४/३५६२८ (२०६३/०३/०४/मकवानपुर), बाजेको नामः नरहरि तिमिल्सिना, बाबुको नामः बाशुदेव तिमिल्सिना, ठेगानाः मकवानपुर जिल्ला, हेटौडा न.पा., वडा नं. ११।
ग. सचीन तिमिलसीनाः ना.प्र.प.नं. (जारी मिति/स्थान): ३११०२३/४९९७६ (२०६५/०२/१०/मकवानपुर), बाजेको नामः नरहरि तिमल्सिना, बाबुको नामः बाशुदेव तिमल्सिना, ठेगानाः मकवानपुर जिल्ला, हेटौडा न.पा., वडा नं. ११।

५. ऋणीको नामः डोको रेष्टुरेन्ट **कर्जा शिर्षकः** आवधिक कर्जा
(प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यलयमा दर्ता रहेको), दर्ता नं.: २२९९/१२३९/०७७/०७८, दर्ता मितिः २०७७/०९/२९, स्थायी लेखा नं.: ६१४८१७४१६, ठेगानाः मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. १।
प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः
विद्या दंगालः ना.प्र.प.नं. (जारी मिति/स्थान): २७१०६०/५४९४७ (२०६७/०१/१२/काठमाडौं), बाबुको नामः बासुदेव दङ्गाल, ससुराको नामः बासुदेव तिमल्सिना, पतिको नामः संजोग तिमल्सिना, ठेगानाः मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ११।
व्यक्तिगत जमानतकर्ताहरुः
क. वाशुदेव तिमिल्सिनाः ना.प्र.प.नं. (जारी मिति/स्थान): ४६१४ (२०४०/०४/०३/मकवानपुर), बाजेको नामः जगन्नाथ तिमिल्सिना, बाबुको नामः नरहरी तिमिल्सिना, ठेगानाः मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. १०।
ख. संजोग तिमिल्सिनाः ना.प्र.प.नं. (जारी मिति/स्थान): ३१/२१८२९ (२०६२/०१/१२/मकवानपुर), बाजेको नामः नरहरि तिमिल्सिना, बाबुको नामः बाशुदेव तिमिल्सिना, ठेगानाः मकवानपुर जिल्ला, हेटौडा न.पा., वडा नं. ११।
ग. सरोज तिमलसीनाः ना.प्र.प.नं. (जारी मिति/स्थान): ५४/३५६२८ (२०६३/०३/०४/मकवानपुर), बाजेको नामः नरहरि तिमिल्सिना, बाबुको नामः बाशुदेव तिमिल्सिना, ठेगानाः मकवानपुर जिल्ला, हेटौडा न.पा., वडा नं. ११।
घ. सचीन तिमिलसीनाः ना.प्र.प.नं. (जारी मिति/स्थान): ३११०२३/४९९७६ (२०६५/०२/१०/मकवानपुर), बाजेको नामः नरहरि तिमल्सिना, बाबुको नामः बाशुदेव तिमल्सिना, ठेगानाः मकवानपुर जिल्ला, हेटौडा न.पा., वडा नं. ११।

६. ऋणीको नामः वाशुदेव तिमिल्सिना **कर्जा शिर्षकः** व्यक्तिगत ओभरड्राफ्ट कर्जा
ना.प्र.प.नं. (जारी मिति/स्थान): ४६१४ (२०४०/०४/०३/मकवानपुर), बाजेको नामः जगन्नाथ तिमिल्सिना, बाबुको नामः नरहरी तिमिल्सिना, ठेगानाः मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. १०।
व्यक्तिगत जमानतकर्ताहरुः
क. संजोग तिमिल्सिनाः ना.प्र.प.नं. (जारी मिति/स्थान): ३१/२१८२९ (२०६२/०१/१२/मकवानपुर), बाजेको नामः नरहरि तिमिल्सिना, बाबुको नामः बाशुदेव तिमिल्सिना, ठेगानाः मकवानपुर जिल्ला, हेटौडा न.पा., वडा नं. ११।
ख. सरोज तिमलसीनाः ना.प्र.प.नं. (जारी मिति/स्थान): ५४/३५६२८ (२०६३/०३/०४/मकवानपुर), बाजेको नामः नरहरि तिमिल्सिना, बाबुको नामः बाशुदेव तिमिल्सिना, ठेगानाः मकवानपुर जिल्ला, हेटौडा न.पा., वडा नं. ११।
ग. सचीन तिमिलसीनाः ना.प्र.प.नं. (जारी मिति/स्थान): ३११०२३/४९९७६ (२०६५/०२/१०/मकवानपुर), बाजेको नामः नरहरि तिमल्सिना, बाबुको नामः बाशुदेव तिमल्सिना, ठेगानाः मकवानपुर जिल्ला, हेटौडा न.पा., वडा नं. ११।

माथि उल्लेखित तिननै ऋणीहरूको लिलाम हुने धितोको विवरणः
जगन्नाथ तिमिल्सिनाको नाति, नरहरि तिमल्सिनाको छोरा, मकवानपुर जिल्ला, हेटौडा न.पा., वडा नं. १० बस्ने **बाशुदेव तिमल्सिना**को नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ११ स्थित कि.नं. १५५९ को क्षेत्रफल ०-४-० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत।

ऋणी सिता आयल स्टोर्सको लिलाम हुने धितोको विवरणः
धनी एनएमबि बैंक लि. / ऋणी **सिता आयल स्टोर्स**को नाममा प्रदेश नं. ३ यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः
सवारीसाधनको विवरणः
कम्पनीः Nissan, मोडलः Nissan Kicks XV, प्रा.कार, सवारी दर्ता नं.: प्रदेश नं. ३-०१-०२३ च ४८०२, बनेको सालः २०२०, च्यासिस नं.: MDHFDAD१५K२००३५४६, इन्जिन नं.: E०३२९७३

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

अर्थ पत्रिका

नयाँ पत्रिका
शुक्रबार १२ वैशाख ०८२

आगामी आवलाई बागमतीको बजेट सिलिङ ५५ अर्ब

मकवानपुरमा **पोष्टराज अधिकारी**

आगामी आर्थिक वर्ष ०८१/८२ का लागि नीति-कार्यक्रम र बजेट निर्माणको प्रक्रिया थालेको बागमती प्रदेश सरकारले प्रदेशका मन्त्रालयहरूलाई बजेटको सिलिङ तोकेर पठाएको छ। १४ मन्त्रालय रहेको बागमती प्रदेशमा आन्तरिक छलफल र विश्लेषणसहित सिलिङ पठाइएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले जनाएको छ।

प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले राजस्व संकलन र बजेट खर्च तथा योजना कार्यान्वयनको मूल्यांकनसहित ५५ अर्ब रुपैयाँको सिलिङ पठाएको छ। जसअन्तर्गत अर्थ मन्त्रालयले भौतिक पूर्वाधार विकास मन्त्रालयलाई १४ अर्ब रुपैयाँको सिलिङ दिएको छ। यस्तै, खानेपानी ऊर्जा तथा सिँचाइ मन्त्रालयलाई पाँच अर्ब, युवा तथा खेलुकद मन्त्रालयलाई ६१ करोड रुपैयाँको सिलिङ तोकेर पठाएको छ।

यता कृषि तथा पशुपक्षी विकास मन्त्रालयलाई दुई अर्ब ५१ करोड, स्वास्थ्य मन्त्रालयलाई तीन अर्ब, सामाजिक विकास मन्त्रालयलाई एक अर्ब ८५ करोड, वन मन्त्रालयलाई दुई अर्ब २५ करोड रुपैयाँ, आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई ४४ करोड रुपैयाँ र आर्थिक मामिला तथा योजना मन्त्रालयलाई ३७ करोड रुपैयाँको सिलिङ तोकिएको छ।

यसैगरी, उद्योग वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयका लागि ६१ करोड रुपैयाँ, संस्कृति पर्यटन मन्त्रालयका लागि एक अर्ब ४८ करोड रुपैयाँ, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा २१ करोड रुपैयाँ, श्रम रोजगार तथा यातायात मन्त्रालयमा ७१ करोड र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई ३५ करोड रुपैयाँको सिलिङ निर्धारण गरिएको छ।

बजेट कृषि, सूचना प्रविधि र औद्योगिकीकरणमा केन्द्रित हुन्छ



कुन्दनराज काफ्ले
आर्थिक मामिलामन्त्री

बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले आर्थिक वर्ष ०८१/८२ को बजेट कृषि, सूचना प्रविधि र औद्योगिकीकरणमा केन्द्रित हुने बताएका छन्।

उनले प्रदेशको आगामी बजेटले कृषि, सूचना प्रविधि, औद्योगिकीकरणसहित प्रदेशको भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, पर्यटन, खेलकुद क्षेत्रको विकासमा जोड दिने बताए। 'कृषि क्षेत्रमा आधुनिकीकरण तथा प्रविधिको प्रयोगमा कृषकको पहुँच बढाउँदै समुदायमा आधारित उत्पादन प्रणालीमार्फत कृषिउपजको उत्पादन वृद्धिमा सरकारको बजेट केन्द्रित हुनेछ,' उनले भने। यस्तै, नीति तथा कार्यक्रम र बजेटमार्फत राजस्व वृद्धि गर्ने उत्पादन र रोजगारी वृद्धि गर्ने कार्यक्रम अघि बढाउने योजना रहेको उनले बताए।



लक्ष्मी सनराइज बैंक लिमिटेडमा धितो रहेको सम्पत्ति पूनः लिलाम बिक्रीको ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८२/०१/१२)

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गर्नु भएको ऋण कर्जाको शर्त-सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने बक्यौता रकम (साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि) चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेताका अतिरिक्त विभिन्न मितिको विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा ऋण कर्जा चुक्ता भुक्तानी गर्ने गराउने बारेको ३५ दिने तथा मिति २०८१/०२/१८ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा धितो लिलाम बिक्रीको १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगर्नु नगराउनु भएको हुँदा पूनः यो धितो लिलाम बिक्रीको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः कर्जाको सुरक्षण स्वरुप बैंकसमक्ष धितो रहेको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति/सवारी साधन/इक्यूपमेण्ट जहाँ जे जस्तो अवस्थामा रहे भएकोछ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति मध्ये कुन सम्पत्ति के, कति मूल्यमा खरिद गरिलिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाडौं/शाखा कार्यालय डुम्रे, तनहूँ स्थित कर्जा असुली विभागमा शिलबन्दी बोलपत्र दाखिल गर्नुहुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०८२/०१/१९ गते (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) मा बैंकको शाखा कार्यालय डुम्रे, तनहूँ स्थित कर्जा असुली विभागमा दिनको ठीक ११:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणबश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै सो सम्पत्तिबाट समेत बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणी, जमानतकर्ता तथा निजहरुको हकलाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत बक्यौता रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

ऋणी तथा जमानतकर्ताको विवरण

शाखा कार्यालयः डुम्रे, तनहूँ

१. ऋणीको नाम : प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम प्रदेश सरकार पर्यटन, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय तनहुँमा दर्ता नं. ८५८/०४९/०५० मिति २०४९/०४/२१ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय दमौली, तनहुँ, पान नं. ३०११०५७४३ भएको तनहुँ जिल्ला, बन्दिपुर गा.वि.स. वडा नं. १, डुम्रे स्थित **शुभकामना ग्रिल उद्योग**।

प्रोप्राइटर, व्यक्तिगत तथा धितो जमानीकर्ताः बहादुरे कार्कीको नाति, विष्णु बहादुर कार्कीको छोरा, तनहुँ जिल्ला, वरभञ्ज्याङ न.पा./गा.पा. वडा नं. ८ भई हाल तनहुँ जिल्ला, भानु न.पा. वडा नं. ६ बस्ने **अमृत बहादुर कार्की** (ना.प्र.नं. १५४९ जि.प्र.का. तनहुँ जारी मिति २०४४/०८/०२)।

धितो तथा व्यक्तिगत जमानतकर्ता :* विष्णु बहादुर कार्कीको बुहारी, अमृत बहादुर कार्कीको पत्नी, तनहुँ जिल्ला, वर भञ्ज्याङ न.पा./गा.पा. वडा नं. ८ भई हाल तनहुँ जिल्ला, भानु न.पा. वडा नं. ६ बस्ने **चन्द्रकला कार्की** (ना.प्र.नं. ४८८८३, जि.प्र.का. तनहुँ, जारी मिति २०५८/०५/२२)।

व्यक्तिगत जमानतकर्ताहरु : *

क. विष्णु बहादुर कार्कीको नाति, अमृत बहादुर कार्कीको छोरा, तनहुँ जिल्ला, भानु न.पा. वडा नं. ६ बस्ने **हेमन्त कार्की** (ना.प्र.नं. ४३१०२६/२०८ जि.प्र.का. तनहुँ, जारी मिति २०६८/०३/१३)।

ख. विष्णु बहादुर कार्कीको नाति, अमृत बहादुर कार्कीको छोरा, तनहुँ जिल्ला, भानु न.पा. वडा नं. ६ बस्ने **हिमाल कार्की** (ना.प्र.नं. ४३१०२६/४०६ जि.प्र.का. तनहुँ, जारी मिति २०६९/०४/३०)।

लिलाम बिक्री हुने सम्पत्तिको विवरण :

१. प्रोप्राइटर तथा धितो जमानतकर्ता अमृत बहादुर कार्कीको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला, नावरुङ गा.वि.स./न.पा. वडा नं.६ नक्सा सीट नं. ६क स्थित कित्ता नं. ७१७, ३५०, २४८, ३४७ र ४९४ को क्षेत्रफल क्रमशः १-३-२-०, २-०-०-०, १-१४-०-२, १-१०-०-१ र १-०-०-० (रोपनी) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. धितो जमानतकर्ता चन्द्रकला कार्कीको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला, बन्दिपुर गा.वि.स./न.पा. वडा नं.१ नक्सा सीट नं. १क स्थित कित्ता नं. ११३०, ११३२, ६७८ को क्षेत्रफल क्रमशः ०-०-२-३, ०-०-२-३, ०-०-०-२ (रोपनी) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

३. यस बैंकको नाममा दर्ता कायम रही **ऋणी शुभकामना ग्रिल** उद्योग जनिएको मोडेल : Mahindra Bolero 4WD PS च्यासिस नं. MA1RU4GHKJ3B92540 इन्जिन नं. GHJ4B61383 भएको **सवारी दर्ता नं. ग २ च ७६६८** को निजी सवारी साधन थान १।

४. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु।

*** तेश्रोपक्ष जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सूचना प्रकाशित गरिएको हो।**

नोटः ऋणी बाहेकका व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्तालाई चिनाउने प्रयोजनका लागि मात्र राखिएको हो।

पुनश्चः बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाण्डौं/शाखा कार्यालय डुम्रे, तनहुँ स्थित कर्जा असुली विभागबाट प्राप्त गर्न सकिनेछ। साथै बोलपत्र फारममा उल्लेखित शर्तबन्देजहरु समेत यसै सूचनाको अभिन्न अंङ्गको रुपमा रहनेछ।

अन्य जानकारीको लागि यस बैंकको प्रधान कार्यालय हात्तिसार/शाखा कार्यालय डुम्रे, तनहूँ स्थित कर्जा असूली विभागमा सम्पर्क राख्न सकिने छ।

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७००७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

उपभोक्ता मूल्य नियन्त्रित गर्दै मासिक एक अर्ब नाफा निकाल्छ निगम

नौ महिनामा अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य २३.५३ प्रतिशत घट्यो, तर नेपालमा पेट्रोल ६.४३ तथा डिजेल, मट्टीतेल र हवाई इन्धन ८.७५ प्रतिशत मात्रै घटाइयो

अजित अधिकारी/नयाँ पत्रिका

चालू आर्थिक वर्षमा अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य घटेको घट्यै हुँदा त्यसको ठुलो लाभ लिएको आयल निगमले उपभोक्ता मूल्य भने सधैं नियन्त्रित राखेको छ। हरेक महिना एक अर्ब नाफा कमाइरहेको निगमले आफूअनुकूल नीति लिएका कारण अन्तर्राष्ट्रिय बजारमा घटेको मूल्यको लाभ नेपाली उपभोक्ताले पाउन सकेका छैनन्।

चालू आर्थिक वर्ष ०८१/८२ को साउनयता अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य २३.५३ प्रतिशतले घटिसकेको छ। तर, निगमले यस अवधिमा नेपाली बजारमा पेट्रोल ६.४३ तथा डिजेल, मट्टीतेल र हवाई इन्धन ८.७५ प्रतिशत मात्रै घटाएको छ। खाना पकाउने एलपी ग्यासको मूल्य घटाएकै छैन।

अन्तर्राष्ट्रिय बजारअनुसार मूल्य समायोजन नगरेकै कारण निगमले चालू आवको नौ महिनामा नौ अर्ब रुपैयाँ नाफा आर्जन गरिसकेको छ। अन्तर्राष्ट्रिय बजारमा मूल्य घटबढ भएअनुसार प्रत्येक १५ दिनमा निगमले नेपाली बजारमा मूल्य समायोजन गर्छ। तर, निगमले समायोजन गर्दा चर्को नाफा राखेर मूल्य तय गर्ने गरेको छ।

गत १ साउनमा ८०.९१ डलर प्रतिब्यारेल रहेको कच्चा तेलको मूल्य २ वैशाख (निगमले पछिल्लोपटक मूल्य समायोजन गरेको मिति) साँझ ६०.०२५ डलर प्रतिब्यारेलमा झरेको थियो। नौ महिनाको अवधिमा कच्चा तेलको भाउ २०.८९ डलर प्रतिब्यारेल घटेको हो। तर, अन्तर्राष्ट्रिय बजारमा निरन्तर गिरावट आइरहेको मूल्यको लाभ उपभोक्ताले पाउन सकेका छैनन्।

साउन १ मा पेट्रोल १७१ र डिजेल तथा मट्टीतेल समान १६० रुपैयाँ प्रतिलिटर थियो। अहिले पेट्रोल १६० र डिजेल तथा मट्टीतेल समान १४६ रुपैयाँ प्रतिलिटर छ। यो अवधिमा पेट्रोल ११ रुपैयाँ र डिजेल तथा मट्टीतेल १४ रुपैयाँ प्रतिलिटर मात्रै घटेको छ। प्रतिसिलिन्डर १९ सय १० रुपैयाँ रहेको ग्यासको भाउ यथावत् छ। आन्तरिक हवाई इन्धनको भाउ १२ रुपैयाँ प्रतिलिटर घटेर १२५ रुपैयाँ कायम छ।

२ वैशाख रातिबाट लागू हुने गरी निगमले पेट्रोल, डिजेल र मट्टीतेलमा प्रतिलिटर तीन-तीन रुपैयाँ मूल्य घटाएर हाल कायम मूल्य निर्धारण गर्दा पनि 'नाफा'लाई नै निरन्तरता दिएको छ। २-१५ वैशाखसम्ममा मात्रै ६६ करोड ८२ लाख रुपैयाँ नाफा सुनिश्चित गरेर मूल्य समायोजन गरिएको निगमको उच्च स्रोत बताउँछ।


पछिल्लो समायोजनअनुसार निगमले प्रतिलिटर पेट्रोलमा ६.५६, डिजेलमा ११.६६, मट्टीतेलमा २२.१५, आन्तरिक हवाई इन्धनमा १८.१६ र अन्तर्राष्ट्रिय हवाई इन्धनमा २०.४४ रुपैयाँ नाफा लिइरहेको छ। ग्यासमा भने उसलाई प्रतिसिलिन्डर २९६.५९ रुपैयाँ घाटा छ। आयल निगमले २ वैशाखमा पेट्रोल, डिजेल र मट्टीतेलको मूल्य प्रतिलिटर तीन-तीन रुपैयाँ घटाएर मूल्य समायोजन गरेयताको १५ दिनमा ६६ करोड ८२ लाख रुपैयाँ नाफा आर्जन गर्ने प्रक्षेपण गरेको छ। निगमका अनुसार पेट्रोलमा १८ करोड २४ लाख, डिजेलमा ७८ करोड १५ लाख, मट्टीतेलमा एक करोड ४० लाख र हवाई इन्धनमा १६ करोड ८४ लाख रुपैयाँ नाफा प्रक्षेपण भएको छ। त्यस्तै, खाना पकाउने एलपी ग्यासमा भने ४७ करोड ८० लाख रुपैयाँ घाटा हुने अनुमान छ। ग्यासमा दोहोरो मूल्य कायम गरी घाटा कम गर्ने निगम व्यवस्थापन उदासीन भएकाले निरन्तर नोक्सानी खेपिरहेको छ।

उपभोक्ता अधिकारकर्मी माधव तिमिल्सिनाले अन्तर्राष्ट्रिय बजारमा घटेको पेट्रोलियम पदार्थको लाभ नेपाली उपभोक्ताले नपाएको बताए। 'अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य निरन्तर घटिरहेको छ। तर, उक्त दरमा निगमले नेपाली बजारमा मूल्य समायोजन गर्ने गरेको छैन। नाफा सुनिश्चित गर्दा उपभोक्ता मूल्य सधैं नियन्त्रित भइरहेको छ,' उनले भने, 'पछिल्लोपटक २ वैशाखमा मूल्य घटाउँदा पनि उपभोक्तालाई लाभ दिने उद्देश्यले घटाइएको छैन। पेट्रोलियमको मूल्य अझै धेरै अन्तरमा घट्नुपर्ने अवस्था छ।'

तर, आयल निगमको सञ्चालक समिति अध्यक्षसमेत रहेका वाणिज्य तथा आपूर्तिसचिव गोविन्दबहादुर कार्कीले अन्तर्राष्ट्रिय बजारमा भएको उतारचढावअनुसार नै नेपालमा मूल्य समायोजनको प्रयत्न जारी रहेको जिकिर गरे। 'अन्तर्राष्ट्रिय बजारमा भएको घटबढअनुसार नै नेपालमा पेट्रोलियमको मूल्य समायोजन हुँदै आएको छ। तर, ठ्याक्कै उही दरमा नहुन सक्छ,' उनले भने, 'किनभने खरिद मूल्यपछि विविध लागतले नेपालको मूल्य प्रणालीलाई असर पार्ने गर्छ।' यस्तै, आयल निगमका प्रवक्ता मनोज ठाकुरले अन्तर्राष्ट्रिय बजारलाई पछ्याएर नै नेपालमा प्रत्येक १५ दिनमा मूल्य समायोजन भइरहेको दाबी गरे। 'अन्तर्राष्ट्रिय बजारअनुसार समायोजन गर्दा हामीकहाँ रहेको मूल्य प्रणालीले केही फरक पर्छ,' उनले भने, 'डलरको भाउ र कच्चा तेलको प्रशोधन शुल्कले पनि मूल्य निर्धारणमा असर पार्ने गरेको छ।'

अन्तर्राष्ट्रिय बजारअनुसार ठ्याक्कै नेपालमा मूल्य समायोजन गर्न गाह्रो हुन्छ

● **गोविन्दबहादुर कार्की**, वाणिज्य तथा आपूर्तिसचिव



मूल्य समायोजनमा तीन तत्त्वले प्रभाव पार्छन्

● **मनोज ठाकुर**, प्रवक्ता, आयल निगम



अन्तर्राष्ट्रिय बजारमा घटेको मूल्यको लाभ उपभोक्तालाई छैन

● **माधव तिमिल्सिना**, उपभोक्ता अधिकारकर्मी



■ चार वर्षअघि न्यून विन्दुमा अन्तर्राष्ट्रिय मूल्य हुँदा नेपालमा के थियो भाउ ?

कच्चा तेलको अन्तर्राष्ट्रिय मूल्य चार वर्षअघि ०७८ वैशाख पहिलो साता ६० डलर प्रतिब्यारेल आसपासमा थियो। त्यतिबेला नेपाली बजारमा पेट्रोल १२१, डिजेल १०४ र हवाई इन्धन ७६ रुपैयाँ प्रतिलिटर थियो। त्यतिबेलाको तुलनामा अहिले पेट्रोल ३९ रुपैयाँ, डिजेल ४२ रुपैयाँ, हवाई इन्धन ४६ रुपैयाँ प्रतिलिटर र ग्यास पाँच सय १० रुपैयाँ प्रतिसिलिन्डर महँगो छ। अहिले प्रतिब्यारेल कच्चा तेलको मूल्य ६६.१२ डलर प्रति ब्यारेल रहेको छ। एक ब्यारेलमा करिब एक सय ५९ लिटर हुन्छ।

■ ग्यासमा सधैं घाटा

मासिक एक लाखभन्दा बढी सिलिन्डर खपत हुने ग्यासमा निगमले नियमित रूपमा नोक्सानी खेप्दै आएको छ। हाल प्रतिसिलिन्डर १९ सय १० रुपैयाँ बिक्री मूल्य निर्धारण गर्दा निगमलाई २९६ रुपैयाँ ५९ पैसा घाटा छ। घाटा पूर्ति गर्न रुचि देखाएको निगमले ग्यास उद्योगीको कमिसन वृद्धि गरेर व्ययभार बढाइरहेको छ। निगमले २१ चैतमा ग्यास उद्योगीलाई दिइरहेको कमिसन प्रतिसिलिन्डर १२.७५ रुपैयाँ वृद्धि गरेको थियो। त्यसअघि ०७९ को कात्तिकमा पनि दुवानी खर्च वृद्धि गरिदिएको हो। जसकारण निगमले घाटा व्यहोरिरहे पनि ग्यास उद्योगीले भने सञ्चालन खर्चबापत प्रतिसिलिन्डर ३०५ रुपैयाँ ५३ पैसा कमिसन बुझिरहेका छन्। ग्यासमा भएको घाटा कम गर्न घरायसी र व्यावसायिक प्रयोजनका फरक सिलिन्डर प्रचलनमा ल्याउने गृहकार्य थियो। तर, यसलाई थाती राखेर निगम व्यवस्थापन उद्योगीलाई ४५० किलोको ठुलो सिलिन्डर प्रयोगमा ल्याउन दिने नीतिगत व्यवस्था गर्नीतर लागेको छ।

गभर्नर नियुक्तिमा ढिलाइ हुनु दुर्भाग्यपूर्ण : कांग्रेस प्रवक्ता महत

नयाँ पत्रिका



कांग्रेसका प्रवक्ता एवं पूर्वअर्थमन्त्री डा. प्रकाशशरण महतले नेपाल राष्ट्र बैंकको गभर्नर नियुक्तिमा ढिलाइ गर्न नहुने बताएका छन्।

बिपी चिन्तन प्रतिष्ठान र संसदीय अध्ययन तथा विकास संस्थापनले बिहीबार आयोजना गरेको 'आगामी बजेटका प्राथमिकताहरू' विषयक कार्यक्रममा पूर्वअर्थमन्त्रीसमेत रहेका डा. महतले राजनीतिक पूर्वाग्रह नराखी योग्य र व्यावसायिक व्यक्तिलाई गभर्नर नियुक्त गरिनुपर्ने बताए। 'गभर्नर नियुक्तिमा ढिलाइ हुनु दुर्भाग्यपूर्ण कुरा हो,' प्रवक्ता डा. महतले भने, 'जसले निरपेक्ष भावले अर्थतन्त्रलाई केन्द्रमा राखेर काम गर्छ, त्यस्तो व्यक्तिलाई गभर्नर नियुक्त गर्नुपर्छ।'

आगामी आर्थिक वर्षको बजेट सन्तुलित र अनुशासित हुनुपर्नेमा जोड दिँदै प्रवक्ता डा. महतले भने, 'बजेट वर्षभरिको आम्दानी र खर्चको विवरण हो। आम्दानी-खर्च जुटाउने, स्रोतको सुनिश्चितता हुने र हाम्रा आवश्यकता तथा प्राथमिकताका आधारमा बजेट विनियोजन गरिनुपर्छ।' मौद्रिक नीति र वित्त नीतिलाई लयमा लैजानुपर्ने उनको भनाइ थियो।

महतले प्रशासनिक खर्च घटाएर पुँजीगत खर्च बढाउने गरी बजेट व्यवस्थापन हुनुपर्ने सुझाव दिए। देखाउनकै लागि ठुलो बजेट ल्याइने गरेको दृष्टान्त प्रस्तुत गर्दै उनले भने, 'आम्दानी स्रोतको सुनिश्चितता हुनुपर्छ। पुँजीगत खर्च बढाउनुपर्छ, त्यसैले बजेट लोकप्रिय हैन, अनुशासित हुनुपर्छ। प्राथमिकीकरणका आधारमा बजेट बनाइनुपर्छ।'

सामाजिक सुरक्षा, शिक्षा, पर्यटन, सूचना प्रविधि, उत्पादनमूलक क्षेत्र आदिलाई बजेटले प्राथमिकता दिनुपर्ने उनको भनाइ थियो।

२.०८ अंकले बढ्यो नेप्से

नयाँ पत्रिका

लगातार चार दिन घटेको परिसूचक साताको कारोबार हुने अन्तिम दिन बिहीबार बजार २.०८ अंकले सामान्य बढेको छ। बिहीबार नेप्से ०.०७ प्रतिशतले बढेर २६५८.०२ विन्दुमा पुगेको छ। नेपाल माइक्रो इन्स्योरेन्स र क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्सको सेयर मूल्य उच्चदरले बढेपछि सर्किट ब्रेकर लागेको थियो। डाबी ग्रुप पावर, विन नेपाल लघुवित्त र युनिभर्सल पावर कम्पनीको सेयर मूल्य ७ प्रतिशतभन्दा बढी दरले बढेको छ।

कारोबार भएकामध्ये बैंकिङ समूहको परिसूचक ०.०३ प्रतिशतले बढेको छ। जलविद्युत् समूहको परिसूचक ०.२२ प्रतिशत, लगानी समूहको परिसूचक २.४९ प्रतिशतले बढेको छ।

विकास बैंक समूहको परिसूचक ०.७६ प्रतिशतले घटेको छ। फाइनान्स समूहको परिसूचक ०.८३ प्रतिशत र लघुवित्त समूहको परिसूचक ०.४६ प्रतिशतले घटेको छ। जीवन बिमा समूहको परिसूचक ०.३२ प्रतिशत र निर्जीवन बिमा समूहको परिसूचक ०.२८ प्रतिशतले घटेको छ। उत्पादन समूह ०.१७ प्रतिशतले घटेको छ। सामूहिक लगानी कोष ०.२५ प्रतिशत र व्यापार समूहको परिसूचक ०.३९ प्रतिशतले बढेको छ। अन्य समूहको परिसूचक ०.१३ प्रतिशतले घटेको छ। बिहीबार सात अर्ब ६५ करोडको सेयर कारोबार भएको छ। डाबी ग्रुप पावरको ७० करोड ३४ लाखको कारोबार भएको छ। बजार पुँजीकरण ४४ खर्ब १९ अर्ब रुपैयाँ कायम भएको छ।



Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management

Federal Water Supply and Sewerage Management Project

Biratnagar

Amendment/Clarification Notice

Date of Publication : April 25, 2025

This is to notify all the concerned bidder(s) that addendum has been made on the following contract in Bid Subimission Date, Bid Opening Date & EXP - 2(b): Specific Construction Experience in Key Activities.

Contract No	Description of Works	Existing	Modified
21/81-82/CRLWSP/ Pathari/FWSSMP_BRT	Entire Construction Works of Pathari Water Supply Project, Pathari Municipality Ward No.- 1,2,3,5,6,7,9,10 Morang	Bid Subimission date : 28-04-2025 10:30	Bid Subimission date : 04-05-2025 10:30
		Bid Opening date :28-04-2025 11:00	Bid Opening date : 04-05-2025 11:00
		EXP - 2(b): Specific Construction Experience in Key Activities : Section 1,2,3	EXP - 2(b): Specific Construction Experience in Key Activities : Section No.3
23/81-82/CWSP-Topgachi/FWSSMP_ BRT	Entire Construction Works of Topgachhi Water Supply Project, Kamal Rural Municipality Jhapa	EXP - 2(b): Specific Construction Experience in Key Activities : Section 1,2,3,4	EXP - 2(b): Specific Construction Experience in Key Activities : Section No.3,4

Project Chief

साइमेक्स इंकले ल्यायो ०-५-१० अभियान

काठमाडौं/ नयाँ वर्ष ०८२ को अवसरमा बिवाइडीको नेपालका लागि आधिकारिक वितरक साइमेक्स इंक प्रालिले ग्राहककेन्द्रित अभियान ०-५-१० घोषणा गरेको छ। यो अभियानले प्रत्येक बिवाइडी ग्राहकलाई दीर्घकालीन मूल्य र विश्वसनीयता प्रदान गर्ने कम्पनीको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्ने कम्पनीले जनाएको छ। बिवाइडी गाडी बुक गर्ने ग्राहक पाँच वर्षसम्म शून्य सर्भिसिङ प्याकेज प्राप्त गर्नेछन्। जसमा निःशुल्क स्ट्यान्डर्ड वार्षिक मर्मत प्याकेज, लेबर, एसी फिल्टर, ब्रेक प्याड, वाइपर ब्लेड, ट्रान्समिसन आयल, ब्रेक आयल, एलभी ब्याट्री, कुलेन्टलगायतका कन्जुमेबल समावेश हुनेछन्।



त्यस्तै, १० वर्ष वा दुई लाख किलोमिटरको एक्सटेन्डेड वारेन्टी पनि ग्राहकले पाउनेछन्। यसमा ब्याट्री र मोटरमा १० वर्ष वा दुई लाख किलोमिटरमध्ये जुन पहिले आउँछ, त्यही वारेन्टी सुविधाको फाइदा दिइने कम्पनीले जनाएको छ। योजना ३१ वैशाखसम्म चल्नेछ।

अभियानबारे बोल्दै साइमेक्स इंकका नेसनल सेल्स हेड आशुतोष गौतमले भने, 'नयाँ वर्षमा हामी हाम्रा ग्राहकसँग कार मात्र नभई एक दशकसम्मको एस्योरेन्सर र केयरसमेतको उत्सव मनाउन चाहन्छौँ। ०-५-१० अभियान एउटा अफर मात्र होइन, यो सफा, दिगो इलेक्ट्रिक मोबिलिटीतर्फ नेपालको संक्रमणका लागि हाम्रो दीर्घकालीन प्रतिबद्धताको प्रतिबिम्ब पनि हो।'

मेरो माइक्रोफाइनान्सको क्षमता अभिवृद्धि गोष्ठी



काठमाडौं/ मेरो माइक्रोफाइनान्स लघुवित्तले कर्मचारीको नेतृत्व क्षमता विकास गर्न शाखा प्रबन्धकस्तरीय गोष्ठी सम्पन्न गरेको छ। पोखरामा आयोजित दुईदिने कार्यक्रममा देशभरका एक सय ४९ शाखा कार्यालयका शाखा प्रबन्धक, प्रदेश कार्यालयका प्रमुख, १९ वटा अनुगमन कार्यालयका प्रमुख तथा केन्द्रीय कार्यालयका विभिन्न विभागका प्रमुखसहित करिब दुई सयजनाको सहभागिता रहेको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै संस्थाका सञ्चालक समिति अध्यक्ष कल्याणविक्रम पाण्डेले वर्तमान अवस्था र चुनौतीबारे प्रकाश पार्दै सबै प्रकारको योगदान गर्न कर्मचारीलाई आग्रह गरेका थिए। त्यस्तै, प्रमुख कार्यकारी अधिकृत रामहरि दाहालले अर्थतन्त्रमा देखिएको प्रतिकूल परिस्थितिलाई सहजै ग्रहण गर्न बजारमा आफूलाई स्थापित गर्न सक्नुपर्नेमा जोड दिए। उक्त तालिममा मोटिभेटर तथा पूर्वबैंकर अनिलकेशरी शाह, लघुवित्तविज्ञ नुमनाथ पौडेल र मोटिभेसनल स्पिकर सौनक भट्टले सहजीकरण गरेका थिए।

नेपाली चिकित्सक बोहराले जितिन् अमेरिकाको प्रतिष्ठित पुरस्कार

काठमाडौं/ नेपाली चिकित्स डा. रिया बोहराले एसिपी ओस्लर कप जितेकी छिन्। अमेरिकामा कार्यरत डा. बोहराले सन् २०२५ को अमेरिकन कलेजन अफ फिजिसियन (एसिपी) डक्टर्स डिलेमा प्रतियोगितामा ओस्लर कप अवार्ड २०२५ जित्ने पहिलो नेपाली बनेकी छिन्। प्रतियोगितामा भारत, जापान, क्यानडा, मेक्सिको र अमेरिकालगायतका देशका ६० उत्कृष्ट इन्टर्नल मेडिसिन रेसिडेन्ट टोलीले भाग लिएका थिए। तीन दिनसम्म चलेको प्रतियोगितामा प्रतिस्पर्धीले उच्चस्तरीय क्लिनिकल निर्णय क्षमता र चिकित्सकीय ज्ञानमा आधारित



चुनौतीमा सहभागिता जनाएका थिए। डा. बोहराले अमेरिकन कलेज अफ म्यासाचुसेट्स च्याप्ट र सेन्टर भिन्सेन्ट हस्पिटलको प्रतिनिधित्व गरेकी थिइन्।

एक लाख १९ हजारभन्दा बढीले पाए पियोर इनर्जीको आइपिओ

काठमाडौं/ पियोर इनर्जी कम्पनीको आइपिओ बिहीबार बाँडफाँट भएको छ। कम्पनीले गत २८ चैतदेखि २ वैशाख ०८२ सम्म सर्वसाधारणका लागि ११ लाख ९५ हजार दुई सय कित्ता आइपिओ निष्कासन गरेको थियो। कम्पनीका अनुसार उक्त आइपिओका लागि १८ लाख ५४ हजार चार सय ९७ जनाले आवेदन दिएका थिए। कुल आवेदनमध्ये १८ लाख ४६ हजार ६ सय ६४ जनाको आवेदन स्वीकृत भएको छ। तिनै आवदेकमध्येबाट एक लाख १९ हजार पाँच सय २० जनाले १०-१० कित्ताका दरले आइपिओ हात पारेका छन्।

रेलेखोला जलविद्युत् आयोजना निर्माण

म्याग्दी/ म्याग्दीको अन्नपूर्ण गाउँपालिका- ४, नारच्याङमा ६ मेगावाट क्षमताको रेलेखोला जलविद्युत् आयोजना निर्माण भएको छ। आयोजनाको भौतिक संरचना निर्माण सकेर परीक्षण थालिएको हो।

आयोजनाका जनसम्पर्क अधिकृत होमनाथ पाण्डेले निर्माण भएका भौतिक संरचनाको परीक्षण थालिएको र यही महिनाभित्र विद्युत् उत्पादन सुरु गर्ने तयारी गरेको जानकारी दिए। 'बाँधदेखि विद्युत्गृहसम्म पानी ल्याउन जडान भएको पाइपलाइनमा पानी भरेर प्राविधिक टोलीबाट परीक्षण थालिएको छ,' उनले भने, 'भौतिक संरचना निर्माण र उपकरण जडानको काम सकेर परीक्षणको काम अन्तिम चरणमा पुगेको छ।'

दुई वर्षमा सम्पन्न गर्ने लक्ष्यसहित ०७९ मा निर्माण सुरु भएको आयोजनाको कालोखोलामा निर्माण भएको बाँध र इन्टेकमा ०८१ जेठ १५ गते आएको बाढीले क्षति पुर्‍याउँदा कार्यतालिका प्रभावित बनेका हो। एक अर्ब २० करोड लागत अनुमान गरिएको आयोजनामा हिमालयन र राष्ट्रिय वाणिज्य बैंकले ऋण लगानी गरेका छन्। यस आयोजनाले नारच्याङको बैंसीगाउँदेखि लेकगाउँ हुँदै बाँध र विद्युत्गृह निर्माणस्थलसम्म १७ किलोमिटर पहुँचमार्ग बनाएको छ। - रासस

मुक्तिनाथ विकास बैंक लि. शाखा कार्यालय पाल्पा स्थानान्तरण सम्बन्धी सूचना।

(प्रकाशित मिति २०८२ साल बैशाख १२ गते शुक्रबार)

यस विकास बैंकको पाल्पा जिल्ला तानसेन नगरपालिका वडा नं. ६ मा रहेको पाल्पा शाखा कार्यालय हालको स्थानबाट करिव २०० मिटर उत्तरतर्फ पाल्पा जिल्ला तानसेन नगरपालिका वडा नं. ४ स्थित उद्योग वाणिज्य संघको भवन (हुलाक सँगैको भवन) मा स्थानान्तरण गरिने हुँदा यस शाखा कार्यालयबाट प्रवाह हुने सम्पूर्ण बैंकिङ्ग सेवा मिति २०८२।०१।१४ गतेदेखि नयाँ स्थानबाट प्रवाह हुने जानकारी गराउँदछौं। शाखा कार्यालय स्थानान्तरणबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधाको लागि क्षमाप्रार्थी छौं।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

Panauti Municipality
Office of the Municipal Executive
Panauti, Kavre
Bagmati Province, Nepal

Invitation for Electronic Revenue Bids

Date of Publication: 2082/01/12

The Office of the Municipal Executive, Panauti municipality invites electronic bids from Nepalese Eligible Bidders for maintaining the depth of roshi kalati river by clearing devris, sand and soil settled due to flooding of 2081 Ashoj 10,11,12 and sales of those products as per norms. Eligible Bidders may obtain further information from the www.bolpatra.gov.np and Office of the Municipal Executive, Panauti Municipality, Kavre.

S.N.	Contract Identification No.	Description of Project	Bid Document Fee, Nrs.	Bid Security Amount Nrs.	Minimum revenue to be collected without VAT	Remarks
1.	Panauti/ayethekka/ 2081/82-01	Collection and sales of soil, sand, stone and devris from roshi and kalati river as per approved IEE norms. And maintaining required depth.	3000	350000	6828716.59	(highest revenue providing bidder for mentioned quantity will be awarded)

Panauti Municipality

"Access to All"

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था

केन्द्रीय कार्यालयः काठमाण्डौं-२, लाजिम्पाट, **फोन** : ०१-४५४५४२४/२५/२६,
वेभसाइटः www.garimabank.com.np

धितोमा रहेको चल/अचल सम्पति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मितिः २०८२/०१/१२ गते

यस विकास बैंकबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत विभिन्न प्रयोजनको लागि लिएको कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज र अन्य दे-दस्तुर रकम तिर्न बुझाउन पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा र विभिन्न मितिमा राष्ट्रिय स्तरको दैनिक पत्रिकाहरुमा कर्जा चुक्ता गर्न आउने बारे सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गरेको हुनाले विकास बैंकलाई कर्जा लिंदाको बखत धितो स्वरुप लेखि लेखाई दिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३" ले दिएको अधिकार प्रयोग गरी लिलामद्वारा बिक्री गरीने भएको हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन आह्वान गरिन्छ। धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्रीबाट कर्जा असुली हुन नसकेमा ऋणी तथा धनजमानीकर्ताहरुको हक अंश लाग्ने अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिने र नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध पक्षहरुलाई कालोसूचीमा समावेश गराउन कर्जा सूचना केन्द्रमा सिफारिस गरि पठाउने व्यहोरा समेत ऋणी र धन जमानीकर्ताहरुलाई यसै सूचना मार्फत जानकारी गराइन्छ। साथै, यसै सूचनालाई आधार मानि ऋणी तथा धन जमानीकर्ताहरुले सो दिन अगावै बैंकमा उपस्थित भई सम्पूर्ण कर्जा राफसाफ गरेमा लिलाम कार्य स्थगित गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

ऋणीको विवरण	व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण
१. ऋणीको नामः रिम वहादुर कार्की बावुको नामः लाल वहादुर कार्की बाजेको नामः गौरिश्वर कार्की स्थायी ठेगानाः वुर्तिवाङ-७, वाग्लुङ्ग हालको ठेगानाः शिवराज न.पा.-११, कपिलवस्तु ना.प्र.नं.: ९११/४४८०, जारी मितिः २०५७/०९/०६ जारी जिल्लाः बाग्लुङ्ग **कर्जा शीर्षकः व्यक्तिगत आवधिक कर्जा** **शाखा कार्यालयः चन्द्रौटा, कपिलवस्तु**	**क) नामः बिन्दु कार्की** पतिको नामः रिम वहादुर कार्की ससुराको नामः लाल वहादुर कार्की स्थायी ठेगानाः वुर्तिवाङ-७, वाग्लुङ्ग हालको ठेगानाः शिवराज न.पा.-११, कपिलवस्तु ना.प्र.नं.: ५०२०५३/१५४०२ जारी मितिः २०७२/०२/१३ जारी जिल्लाः वाग्लुङ्ग
सुरक्षण धितोको विवरणः मालपोत कार्यालय चन्द्रौटा कपिलवस्तुमा रिम वहादुर कार्कीको नाममा दर्ता श्रेस्ता कायम रहेको ब.थुन्हिया गा.वि.स/न.पा वडा नं. ५ नक्सा नं.५ख स्थित कित्ता नं. १९ को क्षे.फ. ०-०-१५-० भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

ऋणीको विवरण	व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण
२. ऋणीको नामः रुद्र वहादुर थापा बावुको नामः गज वहादुर थापा बाजेको नामः विर वहादुर थापा स्थायी ठेगानाः ताकम गा.वि.स.-१, म्याग्दी हालको ठेगानाः बेनी न.पा.-७, म्याग्दी ना.प्र.नं.: ४९-०१-७३-००२१६ जारी मितिः २०७३/०१/२१, जारी जिल्लाः म्याग्दी **कर्जा शीर्षकः हायर पर्चेज कर्जा** **शाखा कार्यालयः बेनी, म्याग्दी**	**क) नाम : डिल मति थापा क्षेत्री** पतिको नामः हरि वहादुर थापा क्षेत्री ससुराको नामः रनजोर थापा क्षेत्री स्थायी ठेगानाः मराङ गा.वि.स.-४, म्याग्दी हालको ठेगानाः बेनी न.पा.-८, म्याग्दी ना.प्र.नं.: २८/२१५, जारी मितिः २०४५/०१/१२ जारी जिल्लाः म्याग्दी
सुरक्षण धितोको विवरणः यातायात व्यवस्था कार्यालय गण्डकीमा गरिमा विकास बैंक लि.को नाममा दर्ता भई ऋणी रुद्र वहादुर थापा कायम रहेको निम्न सवारी साधन : **सवारी दर्ता नं.: ग १ ख ७४७०** कम्पनीको नाम : VE कर्मसियल मोडेलः 1075 E/FL बनेको सालः2017 च्यासिस नं. : MC2A5ERTOGL357686 इन्जिन नं.: E413CDGL116193	

ऋणीको विवरण	व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण
३. क) ऋणीको नामः न्यु मुस्कान होटल फर्मको ठेगानाः दुहवी-१०, सुनसरी फर्म दर्ता नं.: १५९५४/०७७।७८ फर्म दर्ता मितिः २०७७/०५/३१ फर्मको पान नं.:६१३५८७४४४ फर्म दर्ता निकायः प्रदेश सरकार, प्रदेश नं. १, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हितसंरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, इटहरी, सुनसरी **प्रोप्राईटरः सन्जु माझी** **कर्जा शीर्षकः साना तथा मझौला आवधिक कर्जा** **ख) ऋणीको नामः सन्जु माझी** पतिको नामः संतोष चौधरी ससुराको नामः सुरत लाल माझी स्थायी ठेगानाः टंकीसिनुवारी गा.वि.स.-८, मोरङ हालको ठेगानाः दुहवी न.पा.-१०, सुनसरी ना.प्र.नं.: ०५१०१८/२८३ जारी मितिः २०६७/०२/०४, जारी जिल्लाः मोरङ **कर्जा शीर्षकः गरिमा सजिलो आवास कर्जा** **शाखा कार्यालयः टंकीसिनवारी, मोरङ्ग**	**क) नाम : सन्जु माझी** पतिको नामः संतोष चौधरी ससुराको नामः सुरत लाल माझी स्थायी ठेगानाः टंकीसिनुवारी गा.वि.स.-८, मोरङ हालको ठेगानाः दुहवी न.पा.-१०, सुनसरी ना.प्र.नं.: ०५१०१८/२८३ जारी मितिः २०६७/०२/०४, जारी जिल्लाः मोरङ **ख) नाम : संतोष चौधरी** बावुको नामः सुरत लाल माझी बाजेको नामः चुगलु माझी स्थायी ठेगानाः सिमरिया गा.वि.स.-७, सुनसरी हालको ठेगानाः दुहवी न.पा.-१०, सुनसरी ना.प्र.नं.: ०६११६५३९ जारी मितिः २०६३/०८/२२, जारी जिल्लाः सुनसरी *नोटः ऋणी न्यु मुस्कान होटलको साना तथा मझौला आवधिक कर्जामा व्यक्तिगत धन जमानीकर्ताहरु सन्जु माझी र संतोष चौधरी रहेको र ऋणी सन्जु माझीको गरिमा सजिलो आवास कर्जामा व्यक्तिगत धन जमानीकर्ता संतोष चौधरी रहेको।*
सुरक्षण धितोको विवरणः १. मालपोत कार्यालय इनरुवा, सुनसरीमा सन्जु माझीको नाममा दर्ता श्रेस्ता कायम रहेको पुर्व कुशाह गा.वि.स/न.पा वडा नं. ४ स्थीत कि. नं. ६७१ र ६७० को क्षे.फ. क्रमशः ०-०-१५-० र ०-०-५-० भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। २. मालपोत कार्यालय इनरुवा, सुनसरीमा सन्जु माझीको नाममा दर्ता श्रेस्ता कायम रहेको सिमरिया गा.वि.स/न.पा वडा नं. ६ स्थीत कि. नं. ५३६ को क्षे.फ. ०-१-०-० भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

ऋणीको विवरण	व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण
४. ऋणीको नामः बलराम एण्ड पार्वती सप्लायर्स फर्मको ठेगाना : कोहलपुर न.पा.- ११, बाँके फर्म दर्ता नं. : ३२२४६/०७६/०७७ फर्म दर्ता मिति : २०७७/०३/२३ फर्मको पान नं. : ११९७४६३३२ फर्म दर्ता निकायः नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, नेपालगञ्ज, बाँके **प्रोप्राईटर : विक्रम सिंह** **कर्जा शीर्षकः व्यवसायिक अधिविकर्ष कर्जा र हायर पर्चेज कर्जा** **शाखा कार्यालय : नेपालगञ्ज, बाँके**	**क) नामः बिक्रम सिंह** बावुको नामः बलराम सिंह खत्री बाजेको नामः बहादुर सिंह खत्री स्थायी ठेगानाः नेपालगंज न.पा.- ४, बाँके हालको ठेगाना : नेपालगंज उ.म.न.पा.- १८, बाँके ना.प्र.नं. : १४१२३ जारी मितिः २०६२/०२/१८, जारी जिल्लाः बाँके **ख) नामः पार्वती के.सी.** पतिको नामः बलराम सिंह खत्री ससुराको नामः बहादुर सिंह खत्री स्थायी ठेगानाः नेपालगंज उ.म.न.पा.- १८, बाँके हालको ठेगानाः नेपालगंज उ.म.न.पा.- १८, बाँके ना.प्र.नं. : ६६-०१-७५-०५६७१ जारी मिति : २०७५/०९/१९, जारी जिल्लाः बाँके
सुरक्षण धितोको विवरणः १. मालपोत कार्यालय, नेपालगञ्ज बाँकेमा पार्वती के.सी.को नाममा दर्ता श्रेस्ता कायम रहेको खासकारकादो गा.वि.स. स्थित वडा नं. ८ र नक्सा सिट नं. ८ को कित्ता नं. ४१२, ४१३ र ४१४ क्षे.फ. ०-१-४½, ०-०-१२ र ०-०-१२ भएको जग्गा/सो जग्गामा बनेको घर र सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत। २. यातायात व्यवस्था कार्यालय ललितपुरमा गरिमा विकास बैंक लि.को नाममा दर्ता भई ऋणी बलराम एण्ड पार्वती सप्लायर्स कायम रहेको निम्न सवारी साधन : **सवारी दर्ता नं. : प्र. ३-०१-०२४च. ६६३५** कम्पनीको नामः इसुजु मोटर्स इण्डिया बनेको सालः 2020 मोडेलः V-CROSS HI-Lander च्यासिस नम्बरः M3GTGS86JLB000114 इन्जिन नं.:UP4086	

ऋणीको विवरण	व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण
५. ऋणीको नामः प्रज्वल दुलाल बावुको नाम : परशुराम दुलाल बाजेको नाम : कुलराज दुलाल स्थायी ठेगाना : इटहरी-१ सुनसरी हालको ठेगाना : इटहरी उ.म.न.पा.- ५, सुनसरी ना.प्र.नं. : १००३२७/२००३२७ जारी मिति :२०६२/०३/१७, जारी जिल्ला : सुनसरी **कर्जा शिर्षक : व्यक्तिगत आवधिक कर्जा** **शाखा कार्यालय : इटहरी, सुनसरी** **व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण** **क) नामः मिना दुलाल** पतिको नाम : परशुराम दुलाल ससुराको नाम : कुलराज दुलाल स्थायी ठेगाना : इटहरी-१, सुनसरी हालको ठेगाना : इटहरी उ.म.न.पा.-५, सुनसरी ना.प्र.नं. : ११४८/२१७ (क) जारी मिति :२०३७/१०/२१, जारी जिल्ला : सुनसरी	**ख) नामः परशु राम दुलाल** बावुको नाम : कुलराज दुलाल बाजेको नाम : नरपती दुलाल स्थायी ठेगाना : इटहरी -१ सुनसरी हालको ठेगानाः इटहरी उ.म.न.पा.-५, सुनसरी ना.प्र.नं. : ९८२८/३१३/१४३ (क) जारी मिति :२०३७/०६/२०, जारी जिल्ला : सुनसरी **ग) नामः सिर्जना घिमिरे** पतिको नाम : प्रज्वल दुलाल ससुराको नाम : परशुराम दुलाल स्थायी ठेगाना : महेन्द्रनगर - ९, सुनसरी हालको ठेगानाः इटहरी उ.म.न.पा.-५, सुनसरी ना.प्र.नं. : ०६१०४२/१४५९४५ जारी मिति :२०६६/१०/२१ जारी जिल्ला : सुनसरी
सुरक्षण धितोको विवरणः मालपोत कार्यालय इनरुवा, सुनसरीमा मिना दुलालको नाममा दर्ता श्रेस्ता कायम रहेको पकली गा.वि.स./न.पा. स्थित वडा नं. १ र नक्सा सीट नं. १ख स्थित कित्ता नं. ११६३ को क्षे.फ. ०-०-१९½ भएको जग्गा/सो जग्गामा बनेको घर र सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

ऋणीको विवरण	व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण
६. क) ऋणीको नामः भण्डारी स्टोर फर्मको ठेगानाः बाणगंगा न.पा.-३, कपिलवस्तु फर्म दर्ता नं.: २८६०, स्थानीय व्यापार फर्म दर्ता मितिः २०६९/०२/१४ (संशोधित २०७७/१२/०३) फर्मको पान नं. ३००३५९३१२ फर्म दर्ता निकायः नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग तौलिहवा, कपिलबस्तु (संशोधित प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, तौलिहवा, कपिलबस्तु) **प्रोप्राईटरः चोप कान्त भण्डारी** **कर्जा शीर्षकः व्यवसायीक आवधिक कर्जा/व्यवसायीक अधिविकर्ष कर्जा/पुनरसंरचना कर्जा** **ख) ऋणी/जामानीकर्ताको नामः चोप कान्त भण्डारी** बावुको नामः जिव नारायण भण्डारी बाजेको नामः लिलाधर भण्डारी स्थायी ठेगानाः वालिङ न.पा.-५, स्याङ्जा हालको ठेगानाः बाणगंगा न.पा.-३, कपिलवस्तु ना.प्र.नं.: ७६६, जारी मितिः २०४१-१२-०४ जारी जिल्लाः स्याङ्जा **कर्जा शीर्षकः व्यक्तिगत आवधिक कर्जा** **शाखा कार्यालयः जितपुर, कपिलवस्तु**	**क) नाम : लालीमाया भण्डारी** पतिको नामः चोपकान्त भण्डारी ससुराको नामः जिव नारायण भण्डारी स्थायी ठेगानाः वालिङ न.पा.-५, स्याङ्जा हालको ठेगानाः बाणगंगा न.पा.-३, कपिलवस्तु ना.प्र.नं.: ४७२६, जारी मितिः २०५८/०९/०९ जारी जिल्लाः स्याङ्जा **ख) नामः तारा भण्डारी** पतिको नामः जनार्दन अर्याल ससुराको नामः जिवलाल अर्याल स्थायी ठेगानाः वालिङ न.पा.-५, स्याङ्जा हालको ठेगानाः बाणगंगा न.पा.-३, कपिलवस्तु ना.प्र.नं.: ४२२०४१/५/२९६ जारी मितिः २०७१/०३/०९ जारी जिल्लाः स्याङ्जा **ग) नामः दिनेश भण्डारी** बावुको नामः चोपकान्त भण्डारी बाजेको नामः जिव नारायण भण्डारी स्थायी ठेगानाः वालिङ न.पा.-५, स्याङ्जा हालको ठेगानाः बाणगंगा न.पा.-३, कपिलवस्तु ना.प्र.नं.: ४२२०४१/५/१४९ जारी मितिः २०६८/०९/२५, जारी जिल्लाः स्याङ्जा
नोटः ऋणी भण्डारी स्टोरको मिती २०७६/११/०७ मा प्रवाहित व्यवसायीक आवधिक कर्जामा व्यक्तिगत धन जमानीकर्ताहरु चोप कान्त भण्डारी, लालीमाया भण्डारी, दिनेश भण्डारी रहेको, मिती २०८०/०३/३१ मा प्रवाहित व्यवसायीक आवधिक कर्जामा व्यक्तिगत धन जमानीकर्ताहरु चोप कान्त भण्डारी, लालीमाया भण्डारी रहेको र व्यवसायीक अधिविकर्ष कर्जामा व्यक्तिगत धन जमानीकर्ताहरु चोप कान्त भण्डारी, लालीमाया भण्डारी, तारा भण्डारी रहेको साथै पुनरसंरचना कर्जामा व्यक्तिगत धन जमानीकर्ताहरु चोप कान्त भण्डारी र लालीमाया भण्डारी, रहेको तथा ऋणी चोप कान्त भण्डारीको व्यक्तिगत आवधिक कर्जामा व्यक्तिगत धन जमानीकर्ताहरु लालीमाया भण्डारी र दिनेश भण्डारी रहेको।	
सुरक्षण धितोको विवरणः १) मालपोत कार्यालय तौलिहवा कपिलबस्तुमा लालीमाया भण्डारीको नाममा दर्ता श्रेस्ता कायम रहेको गजेहडा गा.वि.स/न.पा वडा नं. ६ नक्सा सीट नं. ६क स्थित कित्ता नं. १२५२ र १५९ को क्षे.फ. क्रमशः ०-४-१५-०, ०-२-१८-० भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। २. मालपोत कार्यालय तौलिहवा कपिलबस्तुमा लालीमाया भण्डारीको नाममा दर्ता श्रेस्ता कायम रहेको गजेहडा गा.वि.स/न.पा वडा नं. ५ नक्सा सीट नं. ५ख स्थित कित्ता नं. ७०९ को क्षे.फ. ०-१-२½ भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

ऋणीको विवरण	व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण
७. ऋणीको नामः लक्ष्मी कुमारी खाती पतिको नाम : किसोर कुमार खाती ससुराको नाम : कृष्ण बहादुर खाती स्थायी ठेगाना : चनई गा.वि.स.-८, कपिलवस्तु हालको ठेगाना : शिवराज न.पा.-३, कपिलवस्तु ना.प्र.नं.: २५२५, जारी मिति : २०५६/१२/२९ जारी जिल्ला : कपिलवस्तु **कर्जा शीर्षकः व्यक्तिगत आवधिक कर्जा** **शाखा कार्यालय : चन्द्रौटा, कपिलवस्तु** **सुरक्षण धितोको विवरणः** मालपोत कार्यालय, चन्द्रौटा, कपिलवस्तुमा लक्ष्मी कुमारी खातीको नाममा दर्ता श्रेस्ता कायम रहेको चनई गा.वि.स. स्थित वडा नं. ५ र नक्सा सिट नं.५क स्थित कित्ता नं. १९७० को क्षे.फ. ६९४.२१ व.मि. भएको जग्गा/सो जग्गामा बनेको घर र सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	**क) नाम : किशोर कुमार खाती** बावुको नाम : कृष्ण बहादुर खाती बाजेको नाम : गंगा बहादुर खाती स्थायी ठेगाना : चनई गा.वि.स.-८, कपिलवस्तु हालको ठेगाना : शिवराज न.पा.-३, कपिलवस्तु ना.प्र.नं. : २४७८९, जारी मिति : २०५६/०५/१६ जारी जिल्ला : कपिलवस्तु **ख) नामः सिदार्थ कुमार खाती** बावुको नाम : बिनोद कुमार सुनार बाजेको नाम : कृष्ण बहादुर खाती स्थायी ठेगाना : शिवराज न.पा.-४, कपिलवस्तु हालको ठेगानाः शिवराज न.पा.-४, कपिलवस्तु ना.प्र.नं.: ३८-०२-७४-०५६२३, जारी मितिः २०७४/१२/१३ जारी जिल्ला : कपिलवस्तु

शर्त बन्देजहरु :

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस बैंकको केन्द्रीय कार्यालयमा आइपुग्ने गरी पेश गर्नु पर्नेछ।
२. प्राप्त बोलपत्रहरु मिति २०८२/०२/२० गते मंगलबार दिनको ५:०० बजे बैंकको शाखा/क्षेत्रीय कार्यालय/केन्द्रीय कार्यालयमा उपस्थित प्रतिनिधि, बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाइएका कुनै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि अनुपस्थित रहेपनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
३. बोलपत्र खोल्ने दिन कुनै कारणले सार्वजानिक विदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खोल्न सकिनेछ वा कर्जा असुली समितिको सिफारिसमा प्रमुख कार्यकारी अधिकृतले बोलपत्र खोलिने अर्को मिति तोक्न सक्नेछन्।
४. उल्लेखित सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा रहेको छ, बोलपत्रकर्ताले सोही अवस्था र परिमाणमा खरीद गरी लिने गरी बोलपत्र पेश गर्नु पर्नेछ।
५. बोलपत्रकर्ताले आफुले खरीद गर्न चाहेको सम्पत्तिको बोलपत्र कबुल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत बैंकमा नगद बुझाएको सक्कल रसीद/भौचर वा सो रकम बरावरको विकास बैंकको नाममा खिचिएको Good for Payment Cheque/Manager Cheque शिलबन्दी बोलपत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ।
६. बोलपत्रमा आफुले कुन कुन सम्पत्ति के कति दर र रकममा खरीद गरी लिन चाहेको हो सो को विवरण अंक र अक्षरमा स्पष्ट साथ खुलाउनु पर्नेछ।
७. बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा निहित रहनेछ।
८. म्याद नाघी, रीत नपुगी वा अमान्य शर्त राखि पेश गरिएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
९. बोलपत्रकर्ताले आफ्नो नेपाली नागरिकताको प्रमाण–पत्र वा कानून बमोजिम दर्ता भएको संस्था फर्म वा कम्पनी भए सो को दर्ता प्रमाण–पत्र र आयकर प्रमाण–पत्रको फोटोकपी संलग्न गरेको हुनु पर्नेछ।
१०. बोलपत्र स्वीकृत भएको जानकारीको पत्रको मितिले २१ दिन भित्र धरौटी वाहेकको बाँकी रकम यस बैंकमा जम्मा गर्नु पर्नेछ। तोकिएको समयावधिमा रकम जम्मा नगरेमा धरौटी वापत जम्मा गरेको रकम जफत हुनेछ। बोलपत्र अस्वीकृत भएमा धरौटी रकम फिर्ता गरीनेछ र यस रकममा कुनै ब्याज प्रदान गरीने छैन।
११. स्वीकृत भएको बोलपत्रकर्ताले स्वीकृत बोलपत्र बमोजिमको सम्पत्ति आफ्नो नाममा नामसारी गर्नुपर्नेछ। यस्तो सम्पत्ति नामसारी गर्दा सम्बन्धित निकायमा कानून बमोजिम लाग्ने/बुझाउनु पर्ने दे-दस्तुर, कर/राजस्व लगायतका अन्य सम्पूर्ण खर्चहरु बोलपत्रकर्ता स्वयंले नै बेहोर्नु पर्नेछ।
१२. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय वा शाखा कार्यालयहरु बाट रु.१,०००/- (फिर्ता नहुने गरि) तिरी प्राप्त गर्न सकिनेछ।
१३. बोलपत्र बमोजिम बिक्री गरिने सम्पत्ति हेर्न निरीक्षण गर्न र सो बारे अन्य थप कुरा बुझ्न परेमा कार्यालय समय भित्र बैंकको केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालय वा सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

एन्फा कप नकआउट नहुँदा नेपाल क्लब च्याम्पियनसिप खेल्न वञ्चित

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)ले आयोजना गर्ने भनिएको एन्फा कप नकआउट प्रतियोगिता नहुने भएपछि एएफसी क्लब च्याम्पियनसिपमा नेपालले कोटा गुमाएको छ। अर्को वर्ष हुने एएफसी क्लब च्याम्पियनसिपमा एसियाली खेलकुद परिषद्मा आबद्ध राष्ट्रका 'ए' डिभिजन लिग विजेताले सहभागिता जनाउने प्रावधान थियो। तीन वर्षयता माथिल्लो डिभिजनको लिग आयोजना नहुँदा २० वैशाखदेखि हुने भनिएको नकआउट प्रतियोगिताको विजेतालाई एन्फाले एएफसी क्लब च्याम्पियनसिपमा नेपालको प्रतिनिधित्वका रूपमा पठाउने तयारी गरेको हो।

तर, १० वैशाखसम्म एन्फा कपमा चार क्लबले मात्र सहभागी हुन नाम लेखाए। तीन विभागीयमा नेपाल पुलिस, त्रिभुवन आर्मी तथा नेपाल एपिएफ छन्। एन्फाका सिइओ इन्द्रमान तुलाधर अध्यक्ष रहेको 'ए' डिभिजन क्लब संकटाले मात्र खेल्न नाम दर्ता गराएको हो। यसबाहेक अन्य 'ए' डिभिजन क्लबको हौसियत राख्नेले प्रतियोगिता नखेल्ने निर्णय गरेका छन्। एन्फामा १४ वटा 'ए' डिभिजन क्लब छन्।

नकआउट प्रतियोगितामा सहभागी संख्या नै नपुगेपछि नकआउट नहुने भएको एन्फाका प्रवक्ता सुरेश शाहले बताए। 'प्रतियोगितामा केवल तीन विभागीय तथा एक क्लबले मात्र नाम लेखाएका छन्,' साहले भने, 'सहभागी संख्या नै अपुग भएपछि प्रतियोगिता नै नहुने भएको हो।' एन्फाले प्राविधिक कारण प्रतियोगिता आयोजना नहुने भनेको छ। 'एन्फाको आयोजनामा २० वैशाखदेखि 'ए' डिभिजन क्लबबिच एन्फा कप फुटबल प्रतियोगिता सञ्चालन हुने भनिएको थियो, तर प्राविधिक कारणले गर्दा प्रतियोगिता स्थगित भएको व्यहोरा जानकारी गराउँदछु,' सहायक महासचिव दामोदर भट्टराईले पठाएको पत्रमा भनिएको छ।

गत सिजनमा एएफसी क्लब च्याम्पियनमा चर्च ब्वाइजले प्रतिस्पर्धा गरेको थियो। यस सिजनमा लिग र नकआउटसमेत नहुँदा सन् २०२५/२६ को एएफसी क्लब च्याम्पियनसिपमा नेपालको प्रतिनिधित्व नहुने भएको हो। सन् २०२५/२६ मा नेपालबाट एएफसी च्यालेन्ज लिगको प्ले अफको एउटा कोटा छ। अब सो कोटामा नेपालको कुनै पनि क्लबले भाग लिने छैनन्।



एन्फा कप नकआउटको विजेतालाई एन्फाले एएफसी क्लब च्याम्पियनसिपमा नेपालबाट प्रतिनिधित्व गराउने निर्णय गरेको थियो, तर नौवटा 'ए' डिभिजन क्लबले सहभागी नहुने अडान लिँदा प्रतियोगिता नै स्थगित

नौ क्लबको गत साता नै नखेल्ने निर्णय

गत २५ चैतमा एन्फाको कार्यसमिति बैठकले १४ वटा 'ए' डिभिजन क्लबबिच नकआउट प्रतियोगिता हुने निर्णय गरेको थियो। सोही बैठकले नेपालबाट एएफसी क्लब च्याम्पियनसिपमा नकआउटको विजेता पठाउने निर्णय गरिएको थियो। गत साता 'ए' डिभिजनका नौ क्लबको संयुक्त बैठकले एन्फाले आयोजना गर्ने नकआउट प्रतियोगिता नखेल्ने निर्णय गरेका थिए । संयुक्त बैठकमा पुलिस, एपिएफ, आर्मीसँगै संकटा, सातदोबाटो र खुमलटारका पदाधिकारी सहभागी भएनन्। एन्फाका पूर्वअध्यक्ष तथा हिमालयन शेर्पा क्लबका अध्यक्षसमेत रहेका कर्माछिरिङ शेर्पाले समय अभावका कारण प्रतियोतिगामा सहभागी नभएको बताए। 'हामीसँग प्रतियोगिता खेल्ने समय र तयारी पनि छैन,' शेर्पाले भने, 'फेरि एन्फाले आयोजना गर्न लागेको नकआउट प्रतियोगिता पनि विधानविपरीत छ, यसकारण पनि सबैले सहभागिता नजनाउने निर्णय गरेका हौं।'

एन्फाले 'ए' डिभिजन लिगको विकल्पका रूपमा प्रस्तावित नकआउट प्रतियोगिता आफूहरूलाई मान्य नभएको उनले जनाए। 'एन्फाले शीर्ष डिभिजनको लिग गर्नुपर्ने थियो, तर विकल्पका रूपमा नकआउट ल्याएको छ, त्यो हामीलाई मान्य छैन,' शेर्पाले भने, 'हामी एन्फाको विधानविपरीत कुनै पनि प्रतियोतिगामा सहभागी हुने छैनौं।'

नहुने भयो १५औं साफ च्याम्पियनसिप

१५औं दक्षिण एसियाली पुरुष साफ च्याम्पियनसिप प्रतियोगिता पूर्वनिर्धारित समयअनुसार सन् २०२५ मा नहुने भएको छ। यसअघि २२ जुनदेखि ५ जुलाईसम्म श्रीलंकामा हुने तय थियो। दक्षिण एसियाली फुटबल महासंघ (साफ)ले बिहीबार साफ च्याम्पियनसिपलाई २०२६ सम्म सार्ने निर्णय गरेको जनाएको छ। साफ च्याम्पियनसिप घरेलु वा अवे ढाँचामा आयोजना गर्ने निर्णय गरिएको थियो। सदस्य संघ र स्पोर्टस् फाइभले प्रतियोगिता सहज रूपमा आयोजना गर्न अझ केही व्यवस्था आवश्यक रहेको साफले जनाएको छ।

२०२६ फिफा विश्वकप वर्ष भएकाले साफ च्याम्पियनसिपका लागि उपयुक्त समय तालिका र स्थान निर्धारण गर्न विशेष ध्यान दिनु आवश्यक रहेकोमा पनि साफले जोड दिएको छ। साफ च्याम्पियनसिप हरेक दुई वर्षमा हुने भनिएको छ। तर, साफ नियमित रूपमा सञ्चालन भएको छैन। नेपाल साफको उपाधिविहीन छ। नेपाल एकपटक मात्र फाइनलमा पुगेको छ। यसपटक महासंघले साफ च्याम्पियनसिपलाई 'होम एन्ड अवे' ढाँचामा आयोजना गर्ने निर्णय गरेको थियो।

तर, यसरी साफ आयोजना गर्दा खर्च अत्यधिक हुने देखिएकाले केन्द्रित मोडेलअनुसार एउटै देशमा आयोजना गर्ने निर्णय लिइएको छ। जसअनुसार श्रीलंकालाई आयोजक बनाइएको हो। साफले व्यवस्थित रूपमा प्रतियोगिता आयोजना गर्नका निमित्त एक वर्ष मिति सारेको हो।

■ लुम्बिनी कप महिला फुटबल

एपिएफको नजर ह्याट्रिक उपाधि



०७९ देखि घरेलु फुटबलमा अपराजित नेपाल एपिएफलाई रोक्ने योजनामा अर्को विभागीय क्लब पुलिस

रमेश सुवेदी, विश्वराज पछल्डङ्गया/नयाँ पत्रिका

नेपाल एपिएफ र नेपाल पुलिस क्लबले शुक्रबार पहिलो संस्करणको लुम्बिनी कप अन्तर्राष्ट्रिय आमन्त्रण महिला फुटबल प्रतियोगिताको उपाधि जित्ने प्रतिस्पर्धा गर्दै छन्। उपाधि विजेताले पाँच लाख पाँच हजार र उपविजेताले दुई लाख ५० हजार रुपैयाँ प्राप्त गर्नेछन्। विभागीय क्लब पुलिसले तीन वर्षदेखि घरेलु फुटबलमा अपराजित रहेको एपिएफको यात्रा पूर्णविराम लगाउने योजना बनाएको छ। ०७९ यता एपिएफलाई कुनै पनि घरेलु क्लबले हराउन सकेको छैन। एपिएफको अपराजित यात्रा रहँदा पुलिस तीन वर्षदेखि महिला फुटबलमा उपाधिविहीन छ। एपिएफले दुईपटक महिला लिगसँगै मोफसलमा भएका इलाम र चितवन गोल्डकप उपाधि जितेको छ।

पुलिसका प्रशिक्षक सुमन सुवेदीले एपिएफमा राष्ट्रिय टोलीका खेलाडीको बाहुल्यता रहे पनि आफूहरू उपाधि जित्न खेल्ने बताए। 'एपिएफमा अधिकांश खेलाडी राष्ट्रिय टोलीका छन्, उनीहरू अनुभवी पनि छन्,' सुवेदीले भने, 'पछिल्लो खेलमा हामीले हाम्रो शक्ति देखाएका थियौं, एपिएफलाई हराउँदै च्याम्पियन बन्न सक्छौं।' पुलिसकी कप्तान निरु थापाले पनि युवा खेलाडीले राम्रो प्रदर्शन गरेकाले उपाधि जित्नेमा विश्वास देखाइन्। 'अहिले हामीसँग भएका युवा खेलाडी राम्रा छन्, उनीहरूले नेपालगन्जको यस्तो गर्मीमा निकै राम्रो खेलिरहेका छन्,' थापाले भनिन्।

पुलिसले लुम्बिनी कपका लागि मीना देउवा र सहारा लिम्बूलाई अनुबन्ध गरेको छ। दुई गोलका साथ मीना प्रतियोगिताकै उच्च गोलकर्ता बन्ने होडमा छिन्। राष्ट्रिय टोलीबाट खेलिसकेकी समीक्षा घिमिरे, अमृता जैशी, सुष्मा तामाङ र उषा नाथसँगै कप्तान थापाको साथमा पुलिस छ। उपाधि भिडन्तमा पुलिसले युवा खेलाडी निर्मला उपाध्याय, पुञ्जली कुस्वार, रेविका पाण्डे, अनुष्का शेर्पा, सेमिहाङ्मा लिम्बू, गंगा रोकायाबाट उत्कृष्ट प्रदर्शनको आशा गरेको छ।

राष्ट्रिय खेलाडीले भरिएको एपिएफ

उपाधि भिडन्तमा तुलनात्मक रूपमा एपिएफ बलियो देखिन्छ। एपिएफमा अनिता केसी, कप्तान बस्नेतसँगै एक दर्जन खेलाडीसँग राष्ट्रिय टोलीको अनुभव छ। चितवन र इलाममा आर्मीलाई हराएर उपाधि जितेको एपिएफले तेस्रो मोफसलको फाइनलमा पुनः विभागीय टोली पुलिसलाई प्रतिद्वन्द्वी पाएको हो। समूह 'ए'मा पुलिसले पहिलो खेलमा भारतको सिलगुडी एफसीलाई ४-० ले हराएको थियो। सेमिफाइनलमा सडनडेथको आधारमा पुलिसले आर्मीलाई हरायो। एपिएफले पहिलो खेलमा कर्णाली प्रदेश फुटबल संघलाई ६-० ले हराएको थियो। सेमिफाइनलमा एपिएफले रौतहटमाथि ३-० को जित निकालेको थियो।

एपिएफकी प्रशिक्षक भगवती थापाले रौतहटविरुद्ध दबाब भए पनि फाइनलमा पुलिससँग खेल्न तयार भएको बताइन्। 'सेमिफाइनलमा सुरुमा गोल नहुँदा हामी दबाबमा परेका थियौं, तर उपाधि भिडन्तमा यस्तो हुँदैन,' थापाले भनिन्, 'यहाँको मौसमले गाह्रो भएको हो, विभागीय डर्बीमा अपेक्षित खेल खेल्छौं।' एपिएफकी कप्तान अनिता बस्नेतले पनि उपाधि जित्न तयार भएको बताइन्।

राखेपको निर्णयमा एनओसीको आपत्ति

काठमाडौं/ नेपाल ओलम्पिक कमिटी (एनओसी)ले राष्ट्रिय खेलकुद परिषद् (राखेप)बाट सात खेल संघ पुनर्गठन भएकोप्रति आपत्ति जनाएको छ। गत २९ चैतमा खेलकुदमन्त्री तेजुलाल चौधरीको अध्यक्षतामा बसेको राखेपको १२२औं बोर्ड बैठकले ब्याडमिन्टन, टेनिस, साइक्लिङ, भारोत्तोलन, एथलेटिक्स, ह्यान्डबल र जिम्न्यास्टिक संघलाई विघटन गरेर तदर्थ समिति गठनको निर्णय गरेको थियो। एनओसीका महासचिव राजीव श्रेष्ठले राखेपले राजनीतिक प्रतिशोध राखेर संघ विघटन र तदर्थ समिति गठन गरेको दाबी गरेका छन्। उनले राखेपको पछिल्लो कदम खेलकुद विकास ऐन, २०७७, नेपालको खेलकुद विकास नियमावली, २०७९ र ओलम्पिक चार्टरविरुद्ध रहेको बताए।

■ आइपिएल-२०२५

राजस्थानमाथि बेंग्लोरको रोमाञ्चक जित



एजेन्सी

रोयल्स च्यालेन्जर्स बेंग्लोरले बिहीबार १८औं इन्डियन प्रिमियर लिग (आइपिएल)मा राजस्थान रोयल्समाथि रोमाञ्चक ११ रनको जित निकालेको छ।

घरेलु मैदानमा पहिलो ब्याटिङ गरेको बेंग्लोरले २० ओभरमा पाँच विकेट विकेट गुमाएर २०५ रन बनाएको थियो। राजस्थानले २० ओभरमा नौ विकेटको क्षतिमा १९४ रन जोड्यो। लक्ष्य पछ्याउँदा राजस्थानले १८औं र १९औं ओभरमा महत्त्वपूर्ण चार विकेट गुमाएको थियो। यही दुई ओभरमा बेंग्लोर खेलमा फर्किएको हो।

जितसँगै बेंग्लोर तेस्रो स्थानमा उक्लेको छ। बेंग्लोरले नौ खेलमा ६ जितका साथ १२ अंक जोडेको छ। गुजरात टाइटन्स र दिल्ली क्यापिटल्सले पनि समान १२ अंक जोडेका छन्। रनरेटमा बेंग्लोर तेस्रो स्थानमा रहेको हो। राजस्थान ४ अंकका साथ आठौं स्थानमा छ। पहिलो ब्याटिङ गरेको बेंग्लोरका लागि विराट कोहलीले ४२ बलमा दुई छक्का र आठ चौका प्रहार गरी सर्वाधिक ७० रन जोडे। देवदत्त पडिकलले २७ बलमा चार चौका र तीन छक्का प्रहार गरी ५० रन बनाए।

राजस्थानका लागि यशस्वी जैसवालले १९ बलमा तीन छक्का र सात चौकाको सहयोगमा ४९ रन बनाए। ध्रुव जुरेलले ३४ बलमा समान तीन छक्का र चौका प्रहार गरी ४७ रनको योगदान दिए। बलिङमा बेंग्लोरका जोस हेजलउडले ३३ रन खर्चेर महत्त्वपूर्ण चार विकेट लिए।

चिनियाँ प्रशिक्षक नेपालमा

काठमाडौं/ सातौं राष्ट्रिय उसु निर्णायक परीक्षा कोर्स तथा ११औं राष्ट्रिय उसु डिप्लोमा कोर्समा सहभागीलाई प्रशिक्षण दिन चीनबाट प्रथम श्रेणीका राष्ट्रिय निर्णायक लिन जियान्छ्वान नेपाल आएका छन्। नेपाल उसु महासंघको आयोजनामा निर्णायक कोर्स हुन लागेको हो। नेपाल उसु संघका महासचिव नवराज ढुंगानाले निर्णायक परीक्षाबाट नेपालमा अझ योग्य रेफ्री उत्पादन हुने बताए। 'लिनको हुने प्रशिक्षणबाट सहभागीले उच्चस्तरको ज्ञान हासिल गर्ने विश्वास छ,' ढुंगानाले भने। लिनले पनि नेपालको उसु विकासमा महासंघसँग सहकार्य गर्न तयार रहेको बताए। उनले सहभागीलाई सिकेको ज्ञानलाई व्यवहारमा उतार्नुपर्नेमा जोड दिएका छन्। साताव्यापी निर्णायक कोर्समा ५२ तथा डिप्लोमा कोर्समा ४२ जना सहभागी छन्।

Neelakantha Municipality
Office Of Municipal Executive
Dhadingbesi, Dhading

Invitation For Bids

Date Of Publication: 25th April, 2025

1. Neelakantha Municipality invites electronic bids from eligible bidders for the execution of below mentioned works under Sealed Quotation Procedures.
2. The Detailes of projects are tabulated below.Bidding is open to all eligible Nepalese Bidders.

S.N	Identifiction No.	Works Description	Estimated Amount(Without VAT,P.S. & Contingencies) NRS	Bid Document Fee(NRs)	Bank Address for Bid Document Fee	Bid Security Amount (NRs)	Bank Address for Bid Security Amount	Last Date Of Bid Submission	Bid Validity/Bid Bond Validity Period
1	NEE-S.Q-03/081/82	Additional Story Construction work on Ward-04 office Building	1,592,829.86	1,000.00	Rastriya Banijya Bank,Dhadingbesi Branch,Amount to be deposited in the name of Office of Municipal Executive Neelakantha Muicipality Office Deposit Account No.:-1030100301010006	40,000.00	Rastriya Banijya Bank,Dhadingbesi Branch,Amount to be deposited in the name of Office of Municipal Executive Neelakantha Muicipality Office Deposit Account No.:-1030100303000006	9th May,2025, 12:00 Hrs	45 days from last date of bid submission shall be valid for 30 days beyond the validity period of the bid.
2	NEE-S.Q-04/081/82	Additional Story Construction work on Ward-09 office Building	1,592,829.86	1,000.00	Rastriya Banijya Bank,Dhadingbesi Branch,Amount to be deposited in the name of Office of Municipal Executive Neelakantha Muicipality Office Deposit Account No.:-1030100301010006	40,000.00	Rastriya Banijya Bank,Dhadingbesi Branch,Amount to be deposited in the name of Office of Municipal Executive Neelakantha Muicipality Office Deposit Account No.:-1030100303000006	9th May,2025, 12:00 Hrs	45 days from last date of bid submission shall be valid for 30 days beyond the validity period of the bid.
3	NEE-S.Q-05/081/82	Additional Story Construction work on Ward-12 office Building	1,592,829.86	1,000.00	Rastriya Banijya Bank,Dhadingbesi Branch,Amount to be deposited in the name of Office of Municipal Executive Neelakantha Muicipality Office Deposit Account No.:-1030100301010006	40,000.00	Rastriya Banijya Bank,Dhadingbesi Branch,Amount to be deposited in the name of Office of Municipal Executive Neelakantha Muicipality Office Deposit Account No.:-1030100303000006	9th May,2025, 12:00 Hrs	45 days from last date of bid submission shall be valid for 30 days beyond the validity period of the bid.
4	NEE-S.Q-06/081/82	Additional Story Construction work on Ward-13 office Building	1,592,829.86	1,000.00	Rastriya Banijya Bank,Dhadingbesi Branch,Amount to be deposited in the name of Office of Municipal Executive Neelakantha Muicipality Office Deposit Account No.:-1030100301010006	40,000.00	Rastriya Banijya Bank,Dhadingbesi Branch,Amount to be deposited in the name of Office of Municipal Executive Neelakantha Muicipality Office Deposit Account No.:-1030100303000006	9th May,2025, 12:00 Hrs	45 days from last date of bid submission shall be valid for 30 days beyond the validity period of the bid.
5	NEE-S.Q-07/081/82	Additional Story Construction work on Ward-14 office Building	1,592,829.86	1,000.00	Rastriya Banijya Bank,Dhadingbesi Branch,Amount to be deposited in the name of Office of Municipal Executive Neelakantha Muicipality Office Deposit Account No.:-1030100301010006	40,000.00	Rastriya Banijya Bank,Dhadingbesi Branch,Amount to be deposited in the name of Office of Municipal Executive Neelakantha Muicipality Office Deposit Account No.:-1030100303000006	9th May,2025, 12:00 Hrs	45 days from last date of bid submission shall be valid for 30 days beyond the validity period of the bid.

3. Eligible bidder may obtained further information from PPMO's website www.bolpatra.gov.np/egp
4. The Bid will be opened in the presence of Bidder's representative who choose to attened at 9th May,2025 of 14:00 Hrs at the office of Nelakantha Municipality,Dhadingbesi Dhading
5. Neelakantha Municipality,Dhadingbesi,Dhading reserves the right to accept or reject any bid and annual the process and reject all bids at any time prior to contract award.

Chief Administrative Officer

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com